“सन्धिखर्क नगरबासीहरूको रहर, सुन्दर र समृद्ध नगर”




# वार्षिक नगर विकास योजना
# ANNUAL MUNICIPAL DEVELOPMENT PLAN

(आर्थिक वर्ष २०८०/०८१)


## सन्धिखर्क नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
सन्धिखर्क, अर्घाखाँची, लुम्बिनी प्रदेश, नेपाल

E-mail : sandhikharkamunicipality@gmail.com, Website: www.sandhikharkamun.gov.np




# नगर सभाको १३औं अधिवेशनका झलकहरू










"सन्धिखर्क नगरबासीहरुको रहर, सुन्दर र समृद्ध नगर"

# वार्षिक नगर विकास योजना

## ANNUAL MUNICIPAL DEVELOPMENT PLAN

(मिति २०८० आषाढ १३ गते सम्पन्न नगरसभाको तेह्रौ अधिवेशनबाट स्वीकृत)

प्रकाशक:

**सन्धिखर्क नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**सन्धिखर्क, अर्घाखाँची**

**लुम्बिनी प्रदेश, नेपाल**

E-mail : sandhikharkamunicipality@gmail.com

Website: www.sandhikharkamun.gov.np

# सन्धिखर्क नगरपालिकाको
# बार्षिक नगर विकास योजना
(आर्थिक वर्ष २०८०/०८१)


**संरक्षकहरू:**

नगर प्रमुख – श्री कृष्णप्रसाद श्रेष्ठ
नगर उप-प्रमुख – श्री मिश्रा आचार्य
प्रमुख प्रशासकीय अधिकृत – श्री खुमलाल भुसाल

**सम्पादन मण्डल**

लेखा अधिकृत – श्री नवराज गौतम
अधिकृत छैटौं – श्री मञ्जु आचार्य
कम्प्युटर अधिकृत – श्री डिल कुमार के.सी.
अधिकृत छैटौं – श्री मुक्तिराम खनाल
रोजगार संयोजक – श्री हिरामणी पराजुली

**विषयगत सम्पादन:-**

अधिकृत छैटौं – श्री बालबहादुर घर्ती क्षेत्री
अधिकृत छैटौं – श्री थान बहादुर महत्रा
अधिकृत छैटौं – श्री पूर्ण प्रसाद पराजुली
अधिकृत छैटौं – श्री नारायण खनाल
अधिकृत छैटौं – श्री राजेन्द्र भट्टराई
इन्जिनियर – श्री प्रमोद के.सी.
सूचना प्रविधि अधिकृत – श्री बिशाल महत
लेखापाल – श्री मोहन जि.सी.
सहायकस्तर पाँचौं – श्री बेल कुमारी परियार

**प्रकाशक:-**

सन्धिर्खक नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

सन्धिखर्क अर्घाखाँची, लुम्बिनी प्रदेश, नेपाल फोन नं.: ०७७-४२०११२, ४२०६६२
Email : info@sandhikharkamun.gov.np & sandhikharkamunicipality@gmail.com
Web : www.sandhikharkamun.gov.np

सेटिङ्ग/डिजाइन: पारस वर्मा/९८४७२६६७६८

मुद्रण: **आइडिया डिजाइनर्स एण्ड अफसेट प्रेस**
बुटवल-६, पुरानो बसपार्क, फोन: ०७१-५५३२९३, ९८५७०३५३८०, ई-मेल: ideapressbtl@gmail.com

# सन्धिखर्क नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## सन्धिखर्क, अर्घाखाँची
## लुम्बिनी प्रदेश, नेपाल



## मेरो भनाई

सर्वप्रथम म मुलुकमा स्वतन्त्रता, सार्वभौमसत्ता, सामाजिक न्याय तथा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापना र सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राष्ट्रिय एकता र सुरक्षाको लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै विभिन्न राजनीतिक सामाजिक आन्दोलनका क्रममा घाइते तथा बेपत्ता हुनुभएका नागरिक तथा अग्रज योद्दाहरू प्रति उच्च सम्मान प्रकट गर्दछु।

मुलुकमा भएको राजनीतिक परिवर्तनले आम नागरिकको जीवनका हरेक पक्षमा नवीनतम चिन्तन र चासोलाई प्रस्फुटित गरेको छ। नेपालको वर्तमान संविधान जारी भएपछि मूलुकको सम्पूर्ण ध्यान सङ्घीय शासन प्रणाली कार्यान्वयनमा केन्द्रित भएको छ। संविधान बमोजिम स्थानीय तहको सञ्चालन तथा व्यवस्थापनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भई कार्यान्वयनमा आइसकेको छ। सोही बमोजिम स्थानीय तहहरूले स्थानीय तहका ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड तयार गर्ने क्रममा यस नगरपालिकाले समेत नगरको काम कारबाही सहज, सरल, प्रभावकारी र व्यवस्थित गर्नको लागि विभिन्न ऐन, नियम, निर्देशिका र कार्यविधि बनाई लागु गरेको छ।

नीति निर्माण, विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहमा जनताको अधिकतम सहभागिता जुटाई सार्वजनिक सेवाको प्रारूप निर्माणदेखि सेवा वितरण सम्मका कार्यमा जनताको प्रत्यक्ष संलग्नता मार्फत शासनमा जनताको अपनत्व वढाउने कार्यमा स्थानीय सरकारको अहम भूमिका रहने गर्दछ। साथै सङ्घीय, प्रादेशिक तथा स्थानीय नीति कार्यान्वयन गर्ने महत्वपूर्ण विन्दु पनि स्थानीय सरकार नै भएका कारण सहकारिता, सहअस्तित्व र समन्वय कायम गर्दै सरकारको समग्रता (Whole of Government) कायम गर्न पनि स्थानीय सरकारको प्रमुख भूमिका रहने गर्दछ। संविधानले स्थानीय तहको लागि प्रदान गरेको अधिकारको आधारमा यस नगरको आर्थिक ऐन, २०८० र विनियोजन ऐन २०८० तथा आर्थिक वर्ष २०८०।०८१ को वार्षिक नीति तथा कार्यक्रम र बजेट समेत नगर सभाबाट स्वीकृत भइसकेको छ। यसै सन्दर्भमा आर्थिक वर्ष २०८०।०८१ को वार्षिक नगर विकास योजनालाई नगरसभाबाट पारित गरी आम जनसमुदाय सामु सार्वजनिक गर्न यो पुस्तिका प्रकाशन गर्न लागिएको हो। यसबाट बजेट, योजना तथा कार्यक्रमको सार्वजनिकीकरण गर्ने उद्देश्य पुरा हुने मेरो अपेक्षा रहेको छ।

बार्षिक नगर विकास योजना तर्जुमा गर्दा सहभागितामूलक योजना तर्जुमाका प्रकृयालाई आत्मसात गर्दै प्रचलित कानुन र नीतिगत मार्गदर्शनले निर्दिष्ट गरेका प्रक्रियाहरू अवलम्बन गरिएको छ। सन्धिखर्क नगरपालिकाको प्रथम पञ्चबर्षिय योजना (२०७७/०७८-२०८१/०८२) ले प्राथमिकतामा राखेका योजना तथा यस नगरपालिकाको मध्यमकालिन खर्च संरचना (Medium Term Expenditure Framework) को प्राथमिकता भित्र रहेर यस आर्थिक बर्षको बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ। आर्थिक वर्ष २०८०/८१

को यो बजेट तथा कार्यक्रम विशेषतः शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन तथा दिगो पूर्वाधारलाई प्राथमिकतामा राख्दै समुन्नत र समृद्ध सन्धिखर्क बनाउने दिशातर्फ बढी केन्द्रित रहेको छ। श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिबाट निर्धारण गरिएको श्रोतको सीमाभित्र रहेर वडास्तरबाट प्राथमिकिकरण भएका योजना तथा कार्यक्रमहरू बजेट तथा कार्यक्रम तर्जुमा समिति हुँदै नगर कार्यपालिकाबाट निर्णय गरी स्वीकृतिको लागि नगरसभामा पेश गरिएको थियो । स्वीकृत बजेट तथा कार्यक्रमको कार्यान्वयनबाट युवाहरूका लागि रोजगारीका अवसर श्रृजना गरी आर्थिक विकास गर्न कृषि तथा पशुपालनका कार्यक्रम अन्तर्गत अर्गानिक तरकारी तथा फलफूलहरूको उत्पादन, आधुनिक कृषिलाई प्रभावकारी बनाउन जमिन र सिँचाईको व्यवस्थापन, व्यवसायिक कृषकहरूलाई साना कृषि मेसिनरी औजार तथा नविनतम प्रविधि हस्तान्तरण, नगर क्षेत्रभित्र निर्माणाधीन शित भण्डार गृहको निर्माण कार्य सम्पन्न गरी उत्पादित तरकारी, फलफूल तथा अन्य भण्डारण योग्य कृषि उपजको भण्डारण गरी उचित बजार मूल्य सुनिश्चितता, पशुपालक कृषकको मागको आधारमा पशुपन्छीको लागि उपचार सेवा, माइनर सर्जिकल उपचार, पशु बन्ध्याकरण सेवा घुम्ती सेवाको रूपमा सञ्चालन, किसानहरूलाई विउ तथा घा"स वितरण, हाते ट्रयाक्टर, मौरी घार, पशुपालन, औषधि लगायत अन्य आवश्यक उपकरणहरू वितरण लगायतका कार्य गरि कृषिको विविधिकरण तथा व्यवसायिकरण गर्ने लक्ष्य नगरपालिकाले लिएको छ। प्रस्तुत वार्षिक नगर विकास योजनाको कार्यान्वयनबाट सुचना तथा सञ्चार प्रविधिको विकास गर्दै नगरपालिकालाइ प्रविधिमैत्री बनाउने तथा नगरपालिकालाई आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने, आर्थिक सामाजिक रूपले पछाडि परेका विपन्न तथा सिमान्तकृत नागरिकलाई विकासको मुलधारमा समेटी समुचित व्यवस्थापन गरी "सन्धिखर्क नगरबासीको रहर, सुन्दर र समृद्ध नगर" बनाउने र स्मार्ट सिटीको सपना पुरा गर्ने लक्ष्यलाई क्रमशः पुरा गर्दै जाने अपेक्षा लिएको छु।

यस नगरपालिकाको तेह्रौ नगरसभाबाट स्वीकृत आर्थिक वर्ष २०८०।८१ को नगर विकास योजना पुस्तकको रूपमा प्रकाशन गर्दा सबै उपभोक्ता समिति, टोल बस्ती, वडा, लगायत विभिन्न विषयगत शाखा तथा सिङ्गो नगरपालिकालाई बजेट तथा कार्यक्रम कार्यान्वयनको क्रममा सहजता आउने र कामको प्रभावकारीता अभिवृद्धि हुने अपेक्षा लिएको छु।

प्रस्तुत वार्षिक नगर विकास योजना तर्जुमाका विभिन्न चरणहरूमा सहयोग, सुझाव र मार्गदर्शन गरी सहयोग गर्नु हुने सङ्घीय तथा प्रदेश सभाका माननीय सदस्यज्यूहरू, उद्योगी व्यवसायीहरू, पत्रकार, आम बुद्धिजीवी, ज्येष्ठ नागरिक, सभाका सबै सदस्यज्यूहरू, सम्पूर्ण कर्मचारी मित्रहरू, योजना तर्जुमा गर्दा सक्रिय भूमिका निर्वाह गर्नुहुने टोल विकास संस्थाका पदाधिकारीज्यूहरू, नगरमा कृयाशिल बिभिन्न संघ संस्थाका प्रमुख वा प्रतिनिधिहरू लगायत सम्पूर्ण नगरवासीहरूलाई हार्दिक धन्यवाद दिँदै वार्षिक नगर विकास योजनाको सफल कार्यान्वयनको लागि सम्बद्ध सबै पक्षसँग सक्रिय सहभागिता तथा सहयोगको अपेक्षा गरेको छु। साथै यस पुस्तकको सम्पादन तथा प्रकाशनको जिम्मेवारी निर्वाह गर्नुहुने नगरपालिकाका कर्मचारीहरू, सम्पादक तथा प्रकाशक पक्षलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

धन्यवाद !

**कृष्णप्रसाद श्रेष्ठ**
नगर प्रमुख
सन्धिखर्क नगरपालिका, अर्घाखाँची

# सन्धिखर्क नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

सन्धिखर्क, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल



## मन्तव्य

जनताबाट निर्वाचित जनप्रतिनिधिहरूले संविधानसभाबाट संविधान जारी गर्ने दशकौंको सपनालाइ मूर्तरूप दिदै जारी गरेको नेपालको संविधान २०७२ ले व्यवस्था गरेको तीन तहका सरकार मध्येको जनताको घरदैलोको सरकार हो स्थानीय सरकार । जनताको नजिकको सरकारको रूपमा यस सन्धिखर्क नगरपालिकाको उपप्रमुखको भूमिकामा रहेर कार्य गर्न पाउँदा मलाई गौरवको अनुभूति भएको छ।

जनताको तीब्र चाहना, त्याग र तपस्याको परिणामस्वरूप प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्ने क्रममा स्थानीय तहको निर्वाचनको सिलसिलामा नगरवासीहरूको बीचमा गरिएको प्रतिवद्धता र आमनागरिकहरूको अपेक्षा र चाहनालाई प्राथमिकीकरण गर्दै सीमित स्रोत साधनको महत्तम उपयोग गर्दै यस आर्थिक बर्षको नीति तथा कार्यक्रम र बजेट निर्माण गरिएको छ । जनताको बीचमा गरिएको प्रतिवद्धता अनुरूप सन्धिखर्क नगरबासीको रहर, सुन्दर र समृद्ध नगर  भन्ने नारालाई सार्थक बनाउन संविधानको अनुसूची–८ बमोजिमका एकल अधिकारको कार्यान्वयन, अन्तर्राष्ट्रिय प्रतिवद्धताहरूको कार्यान्वयन, दिगो विकास लक्ष्यको स्थानीयकरण, स्थानीय सरकार सञ्चालन ऐनले व्यवस्था गरेका काम कर्तव्य र अधिकारको कार्यान्वयन गर्न स्थानीय तहको वार्षिक बजेट तथा योजना तर्जुमा दिग्दर्शन, २०७८ लाई अनुसरण गर्दै बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ। नगरवासी जनसमुदायबाट आशा गरे बमोजिम बार्षिक बजेट निर्माण गर्ने क्रममा सीमित श्रोत साधनको अधिकतम सदुपयोग हुने गरी निर्माण गरिएको छ। सन्धिखर्क नगरपालिकाबाट प्रकाशन हुन लागेको वार्षिक नगर विकास योजना, २०८० मा बार्षिक बजेट तथा कार्यक्रम, करका दररेटहरू, जनप्रतिनिधि तथा कर्मचारीहरूको विवरण लगायतका महत्वपूर्ण विषयहरू समावेश गरिएको छ। करका दरहरू निर्धारण गर्दा सकेसम्म नागरिकहरूलाई करको वोझ नपरोस भन्नेमा सचेत भएका छौं। बजेट तथा कार्यक्रम तर्जुमा समिति, राजस्व परामर्श समिति, न्यायिक समिति लगायत विभिन्न समितिको संयोजकको हौसियतबाट कार्य गर्ने जिम्मेवारी रहेको हुनाले सकेसम्म समग्र क्षेत्रलाई सन्तुलित हुने गरी बजेट विनियोजन गरिएको छ । नगरपालिकाको उपप्रमुखको हैसियतबाट कार्यसम्पादन गर्दा कहि कतै कमी कमजोरी रहेमा यहाँहरूबाट प्राप्त हुने अमूल्य सुझावहरूलाई ग्रहण गरी आगामी दिनमा अझ परिस्कृत गर्ने प्रतिवद्धता व्यक्त गर्दछु । साथै आर्थिक वर्ष २०८०।८१ मा विकास निर्माणका योजनाहरूलाई सहभागितामुलक, गुणस्तरीय, पारदर्शी एवम् प्रतिफलमूखी बनाउन सम्बन्धित सरोकारवालाहरूबाट सक्रिय सहभागिता र सहयोगको अपेक्षा गर्दछु।

“शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र दिगो पूर्वाधार समृद्ध सन्धिखर्क निर्माणका लागि स्थानीय सरकार” भन्ने मूल मन्त्रलाई केन्द्रविन्दुमा राखेर निर्माण गरिएको यो बजेट तथा कार्यक्रम सन्धिखर्क नगरपालिकाको

सम्वृद्धिमा कोशेढुंगा सावित हुने देखिएको छ । लक्षित वर्गका कार्यक्रम मार्फत नगर क्षेत्रभित्र छुवाछुत, सामाजिक कुरिती, अन्धबिश्वास, लैंगिक विभेद र हिंसाका घटनाको न्यूनीकरण, दलित, जनजाती तथा एकल महिलाहरूको उद्यमशिलता विकास र व्यावसायिकता प्रवर्द्धन तथा नगर क्षेत्रभित्र आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको सामाजिक तथा आर्थिक उत्थान मार्फत समृद्ध सन्धिखर्क निर्माण गर्न जोड दिइएको प्रस्तुत नगर विकास योजनाले आम नागरिकहरूका बीचमा लोकतन्त्रका लाभहरूको समानुपातिक वितरण हुने मैले अपेक्षा लिएको छु।

सन्धिखर्क नगरबासीको रहर, सुन्दर र समृद्ध नगर भन्ने नारा सहित १३औं नगरसभाको तयारीको सिलसिलामा राजश्व परामर्श समितिको संयोजक तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको रूपमा भूमिका निर्वाह गर्ने क्रममा प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग गर्नु हुने नगरवासीहरू, राजनीतिक दलका प्रतिनिधिहरू, नागरिक समाज, पत्रकार, प्रमुख प्रशासकीय अधिकृत सहितका सम्पूर्ण कर्मचारी मित्रहरू लगायत सबैमा हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्दछु । साथै आर्थिक वर्ष २०८०/८१ को बार्षिक बजेट तथा कार्यक्रमको सफल कार्यान्वयनको शुभकामना समेत व्यक्त गर्दछु।

धन्यवाद !

**मिश्रा आचार्य**
नगर उप-प्रमुख
सन्धिखर्क नगरपालिका, अर्घाखाँची

# सन्धिखर्क नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सन्धिखर्क, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल



## प्राक्कथन

शासकीय स्वायत्तताको चाहना र पहिचानको भोकको उपचारको रूपमा नेपालमा सङ्घीय शासन प्रणालीको अबलम्बन गरिएको हो। नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले संविधान र कानून बमोजिम गर्ने व्यवस्था गरेको छ। संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारक्षेत्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने,  निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन समेत गर्ने विषय संविधानबाटै सुनिश्चित भएको छ। यसरी हेर्दा तीनै तहका सरकारहरू संविधानमै सूचीवद्ध गरिएका एकल अधिकारको प्रयोगका लागि कानून निर्माण र कार्यान्वयनमा स्वतन्त्र छन्।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा स्थानीयस्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिक र विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्ने व्यवस्था गरेको छ। उल्लिखित योजनाहरूले लिएका लक्ष्यहरूलाई स्रोत साधनसँग तालमेल गरी प्राथमिकताका साथ स्रोत विनियोजन गर्ने काम वार्षिक विकास योजनाले गर्दछ।

जनताको घरदैलोको सरकारको रूपमा स्थानीय सरकारले संघीय तथा प्रादेशिक नीति, कार्यक्रम र निर्णयको कार्यान्वयन तथा स्थानीय नीति तथा कार्यक्रमको तर्जुमा, बजेट निर्माण, त्यसको कार्यान्वयन र अनुगमन मूल्यांकन गर्दै आइरहेका छन्। राज्यका तर्फबाट आमनागरिकलाई पुऱ्याउनु पर्ने सेवा तथा सुविधाहरू नागरिकको सबैभन्दा नजिकको केन्द्रबाट सर्वसुलभ रुपमा उपलब्ध गराउने उद्देश्यका साथ स्थानीय सरकारको गठन भएकोले जनअपेक्षा अनुसार विकास र सेवा प्रवाह मार्फत नागरिक सन्तुष्टी अभिवृद्धि गर्नेतर्फ सन्धिखर्क नगरपालिका अग्रसर छ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४, सूचनाको हक सम्बन्धी नियमावली, २०६५, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ ले व्यवस्था गरेको राज्यका सूचनाहरूको Proactive Disclosure सम्बन्धी व्यवस्था बमोजिम आर्थिक वर्ष २०८०/८१ मा नगरपालिकाबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरूको सम्बन्धमा सन्धिखर्कबासी आमाबुवा, दाजुभाइ, दिदीबहिनी तथा आम सरोकारवालाहरूको जानकारीको लागि

सन्धिखर्क नगरपालिकाले वार्षिक नगर विकास योजना, २०८० तयार गरी पुस्तकको रूपमा प्रकाशन गर्न लागेको छ। आर्थिक वर्ष २०८०/८१ मा सञ्चालन हुने क्रियाकलापहरू समेटिएको प्रस्तुत पुस्तक प्रकाशन गरी सम्पूर्ण सन्धिखर्कबासीलाई जानकारी गराउन पाउँदा हामीलाई अत्यन्तै खुशी लागेको छ। प्रस्तुत नगर विकास योजनामा नगर क्षेत्रको आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण र विपद व्यवस्थापन, सुशासन तथा संस्थागत विकास एवम् सेवा प्रवाह जस्ता मुलभूत पक्षलाई समन्यायिक ढङ्गले सम्बोधन गरिएको छ।

सन्धिखर्क नगरपालिकाको वार्षिक नगर विकास योजना सम्बन्धी यस पुस्तकको प्रकाशनका लागि उत्प्रेरित गर्नुहुने नगर प्रमुख, उपप्रमुख तथा सम्पूर्ण निर्वाचित पदाधिकारीहरू एवम् पुस्तक प्रकाशनमा सहयोग गर्ने शाखा प्रमुखहरू सहित सम्पूर्ण कर्मचारी मित्रहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु। आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन गर्न नगरपालिकाको एक्लो प्रयासबाट मात्र सम्भव छैन। यसको सफल कार्यान्वयन गरी अधिकतम प्रतिफल प्राप्त गर्न म निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, टोल विकास संस्थाहरू र सम्पूर्ण सचेत नगरवासीहरूमा हार्दिक अपिल गर्दछु। अन्त्यमा, यस पुस्तकमा रहेका कमी कमजोरीहरू सम्बन्धमा सम्पूर्ण पाठक वर्ग र सन्धिखर्कवासी आमाबुबा, दिदीबहिनी तथा दाजुभाईहरूबाट रचनात्मक सुझाव र प्रतिक्रियाको अपेक्षा गर्दछु।

धन्यवाद !

**खुमलाल भुसाल**
प्रमुख प्रशासकीय अधिकृत

# विषय सूची


| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | सन्धिखर्क नगरपालिकाको परिचय | १ |
| २. | जनसंख्या तथा क्षेत्रफल | २ |
| ३. | नगरसभा अधिवेशन | २ |
| ४. | आ.व. २०८०/८१ को लागि नगरसभाबाट पारित नीतिहरु | ३ |
| ५. | आ.व. २०८०/०८१ बार्षिक कार्यक्रम तथा बजेट | ४७ |
| ६. | विनियोजन ऐन,२०८० | ५९ |
| ७. | आय-व्यय प्रक्षेपण | ६२ |
| | ७.१ आय प्रक्षेपण | ६२ |
| | ७.२ व्यय प्रक्षेपण | ६४ |
| | ७.३ चालु तथा पुँजीगत प्रक्षेपण | ६७ |
| | ७.४ आ.व.२०८०/८१ को निशर्त तर्फको आय व्यय विवरण सारांश | ६८ |
| | ७.५ आ.व. २०८०/८१ को क्षेत्रगत व्यय अनुमान | ६९ |
| | ७.६ आ.व.२०८०/८१ को नगरस्तरीय योजना/कार्यक्रमहरुको विवरण | ६९ |
| | ७.७ आ.व.२०८०/८१ को नगरस्तरीय अन्य योजना/कार्यक्रमहरुको विवरण | ८३ |
| | ७.८ आ.व.२०८०/८१ को वडास्तरीय योजना/कार्यक्रमहरुको विवरण | ८६ |
| | ७.९ आ.व.२०८०/८१ को विषयगत शाखाका योजना/कार्यक्रमहरुको विवरण | ९७ |
| | अनुसूची-२<br>नगरपालिकाबाट हालसम्म जारी भएका नियम,/कार्यविधि निर्देशिका/<br>अचारसंहिता दिग्दर्शन र मापदण्डहरु | १०९ |
| | अनुसूची-३<br>संघ, प्रदेश तथा नगरमा माग गरीएका योजनाहरुको विवरण | ११५ |
| | अनुसूची-४<br>सन्धिखर्क नगरपालिका अन्तर्गत रहेका विषयगत समिति तथा अन्य समितिहरु | १२० |


❑❑

# १. सन्धिखर्क नगरपालिकाको परिचय

नगरपालिका स्थापना : २०७१ साल वैशाख २५ गते

**भौगोलिक अवस्थिति**

| | | |
|---|---|---|
| प्रदेश | : | लुम्बिनी |
| जिल्ला | : | अर्घाखाँची |
| निर्वाचन क्षेत्र | : | १, अर्घाखाँची |
| क्षेत्रफल | : | १२९.४२ वर्ग कि.मी. |
| वडा संख्या | : | १२ |
| अवस्थित | : | २७⁰ ५३'२३" देखि २८० ०२' २५" उत्तरी अक्षांश<br>८३⁰ ०३'२७" देखि ८३⁰१३' १३" पूर्बी देशान्तर |
| उचाई | : | समुन्द्र सतहदेखि सरदर ७९५देखि २१६२ मिटर सम्म |
| सिमाना | : | पूर्वः छत्रदेव गाउँपालिका र पाणिनी गाउँपालिका<br>पश्चिम : भूमिकास्थान नगरपालिका<br>उत्तरः मालारानी गाउँपालिका<br>दक्षिणः शितगंगा नगरपालिका |
| हावापानी | : | समशितोष्ण |
| तापक्रम | : | अधिकत्तम ३५ डिग्री देखि न्यूनतम ३ डिग्रीसम्म |
| बर्षा | : | १५०० मि.मि. |
| नदी/खोला | : | बाँगी खोला, घोचे खोला, भद्री खोला, खज्र्याङ्ग खोला, दह खोला तथा मथुरा खोला |
| जनसंख्या | : | ४२४९२ |
| जनघनत्व | : | ३२८ |
| घरधुरी | : | १२०७० |
| मुख्य जातजाती समुदाय | : | ब्राम्हण, क्षेत्री, ठकुरी, नेवार, मगर, दमाई, कुमाल, मुसलमान, कामी सार्की आदि |
| धर्म | : | हिन्दु, मुस्लिम, बौद्ध र क्रिचियन |

## २. जनसंख्या तथा क्षेत्रफल

| वडा नं. | घरपरिवार संख्या | पुरुष संख्या | महिला संख्या | जम्मा जनसंख्या | क्षेत्रफल (वर्ग कि मी) |
|---|---|---|---|---|---|
| १ | २६५३ | ४३१८ | ४६३७ | ८९५५ | १२९.४२ |
| २ | १९५५ | ३१०१ | ३६०७ | ६७०८ | |
| ३ | ४२७ | ६६९ | ८३६ | १५०५ | |
| ४ | ६५१ | १०३९ | १३३४ | २३७३ | |
| ५ | ६४० | १००६ | १२४९ | २२५५ | |
| ६ | ९४८ | १५७१ | १८४८ | ३४१९ | |
| ७ | ८९३ | १५३१ | १७८२ | ३३१३ | |
| ८ | ८३७ | १२९९ | १६८२ | २९८१ | |
| ९ | ६८५ | १११० | १३५० | २४६० | |
| १० | ७५४ | १२३८ | १५२० | २७५८ | |
| ११ | ८६४ | १३८१ | १६६३ | ३०४४ | |
| १२ | ७६३ | १२२७ | १४९४ | २७२१ | |
| जम्मा | १२०७० | १९४९० | २३००२ | ४२४९२ | १२९.४२ |

*श्रोतः राष्ट्रिय जनगणना २०७८*

## ३. नगरसभा अधिवेशन

मिति २०८०/३/१० गतेका दिन पूर्व सूचना बमोजिम सन्धिखर्क नगरपालिकाका प्रमुख एवं नगर सभाका अध्यक्ष श्री कृष्णप्रसाद श्रेष्ठज्यूको अध्यक्षता र नगर सभा सदस्यहरूको उपस्थितिमा १३ औं नगर सभा अधिवेशनको प्रथम बैठकबाट आ.व. २०८०/८१ को लागि पारित नीति तथा कार्यक्रम र मिति २०८०/३/१३ गते दोश्रो वैठकबाट आ.व.२०८०/८१ को लागि पारित बजेट वक्तव्य, आर्थिक ऐन २०८० र विनियोजन ऐन २०८० सरोकारवाला सबै नगर बासीहरूको जानकारीका लागि यो बजेट पुस्तिका प्रकाशित गरिएको छ।

# ४. आ.व. २०८०/८१ को लागि नगरसभाबाट पारित नीतिहरु

## सन्धिखर्क नगरपालिकाको १३औं नगर सभामा नगर प्रमुख श्री कृष्णप्रसाद श्रेष्ठद्वारा प्रस्तुत भई आर्थिक बर्ष २०८०/०८१ का लागि पारित नीति तथा कार्यक्रमहरु

*सन्धिखर्क नगरपालिकाका उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नगर सभाका सदस्यज्यूहरू,*

*सन्धिखर्क नगरपालिकाको नगर सभाको तेह्रौं अधिवेशनमा हार्दिक स्वागत गर्दछु।*

सन्धिखर्क नगरपालिकाको आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम यस गरिमामय नगर सभाको तेह्रौं अधिवेशनमा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ। यस अवसरमा म नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाको लागि नेपाली जनताले इतिहासका विभिन्न कालखण्डमा गर्दै आएका जनआन्दोलनहरूमा सहादत्त प्राप्त गर्नुहुने ज्ञात अज्ञात सहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

सन्धिखर्कबासी आमाबुबा, दाजुभाई, दिदीबहिनीहरूको अमूल्य मत प्राप्त गरी निर्वाचित भएको पहिलो वर्ष पार गर्दै गर्दा यस अवधिमा नगरको समग्र विकास र समृद्धिको मार्गमा लागिरहन हामीलाई उत्प्रेरित गर्नुहुने सम्पूर्णमा हार्दिक आभार प्रकट गर्दछु। यस अवधिमा सन्धिखर्क नगरपालिकाको संरचनागत, नीतिगत, कानूनी, प्रशासनिक तथा समग्र व्यवस्थापकीय क्षेत्रमा थप सुधारका कार्यहरूको थालनी गरिएको छ। अघिल्लो कार्यकालमा शुरू गरिएका योजना तथा कार्यक्रमको निरन्तरता र शीघ्र सम्पन्न गर्ने विषयलाई प्राथमिकतामा राखिएको छ। यसका अतिरिक्त सन्धिखर्क नगरपालिका क्षेत्रमा अत्यावश्यक भौतिक पूर्वाधारको विकास र फोहरमैलाको दीर्घकालीन व्यवस्थापनको लागि कार्य अगाडि बढाईएको छ। नगरसभा र नगर कार्यपालिका अन्तर्गतका विषयगत समितिहरूको भूमिकालाई थप प्रभावकारी र कार्यमूलक बनाउने विषय समेत क्रमशः संस्थागत हुँदै गएको छ। सूचना प्रविधिको अधिकतम उपयोगले नगरपालिका र अन्तर्गतका वडा कार्यालयहरूबाट प्रवाह हुने सेवा चुस्त, छरितो र पारदर्शी बन्न पुगेको छ। यसबाट आम सेवाग्राहीहरू लाभान्वित हुने परिस्थिति निर्माण भएको छ।

आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संबिधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, १५ औं योजना, राष्ट्रिय प्राकृतिक श्रोत तथा बित्त आयोग ऐन, २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८, राष्ट्रिय योजना आयोग तथा संघीय मन्त्रालयहरूका मार्गदर्शनहरू, लुम्बिनी प्रदेशको नीति तथा योजना आयोग र मन्त्रालयहरूका नीति, प्राथमिकता र मार्गदर्शनहरू, दिगो विकासका लक्ष्यहरू, संघ तथा प्रदेश सरकारका समपुरक तथा बिशेष अनुदान सम्बन्धी कार्यविधिहरू, संघीय तथा प्रदेश सरकारका नीतिहरू, नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय महासन्धी तथा सन्धिहरू र त्यसबाट सिर्जित दायित्वहरूलाई समेत आधार बनाईएको छ।

सन्धिखर्क नगरपालिकाको आवधिक योजना तथा मध्यमकालीन खर्च संरचनाले प्रस्तुत नीति तथा कार्यक्रमलाई दिशानिर्देश गर्न अहम भूमिका निर्वाह गरेका छन्। साथै श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, राजस्व परामर्श समिति, विभिन्न विषयगत समितिहरूमा भएको छलफल र निर्णय समेतको आधारमा यो नीति तथा कार्यक्रम तयार गरिएको छ। यसै सिलसिलामा प्रतिनिधि सभा, राष्ट्रिय सभा तथा प्रदेश सभाका माननीयज्यूहरू, राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्युहरू, सामाजिक क्षेत्रमा क्रियाशील व्यक्तित्वहरू, नागरिक समाज, पत्रकार जगत, सामुदायिक तथा सहकारी संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरू, निजी क्षेत्र, उद्योग बाणिज्य संघ, चेम्बर अफ कमर्स तथा अन्य सरोकारवालाबाट प्राप्त रचनात्मक सुझाब र सल्लाहहरूलाई समेत समेटी यो नीति तथा कार्यक्रम तयार पारिएको छ।

सन्धिखर्क नगरपालिकाको समृद्धि र विकासका लागि नेपालको संविधान तथा संघीय, प्रदेश र स्थानीय कानुनद्वारा प्रदत्त हक अधिकारको प्रचलन गर्न तथा कानुनतः निर्देशित काम, कर्तव्य र दायित्व निर्वाह गर्न हामी प्रतिबद्ध छौं। आन्तरिक सुशासन र सवल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ। भौतिक पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य,

रोजगारी, उद्यमशीलता, युवा तथा खेलकुद, खानेपानी तथा सरसफाई, विपद् व्यवस्थापन जस्ता विषयगत क्षेत्रहरूका लागि विशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु।

**नगरसभा सदस्यज्यूहरू,**

अब म यस सम्मानित नगर सभामा चालु आर्थिक बर्ष २०७९/८० को नीति तथा कार्यक्रमको प्रगतिको सारसंक्षेप प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१. संघीय समपूरक अनुदान र नगरपालिकाको लागत साझेदारीमा निर्माणाधीन भक्तिटोला धरम्पानी अर्घा मैदान सडकको ६ किलोमिटर कालोपत्रे गर्ने कार्य सम्पन्न भएको छ। यसबाट सन्धिखर्क नगरपालिकाको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने अपेक्षा गरिएको छ।

२. संघीय विशेष अनुदान शीर्षकमा प्राप्त रकमबाट विद्याविनय आधारभूत विद्यालय, सन्धिखर्क नगरपालिका-६ को ८ कोठे भवन निर्माण कार्य सम्पन्न भएको छ। प्रस्तुत कार्यबाट अध्ययन अध्यापनको कार्यमा सहजता आई सिकाई उपलब्धिमा उल्लेख्य सुधार हुने वातावरण निर्माण भएको छ।

३. सन्धिखर्क नगरपालिका र अन्य छिमेकी पालिका क्षेत्रभित्र उत्पादन हुने कृषि उपजको भण्डारण, बिक्रीबितरण र बजारीकरणमा सघाउ पुऱ्याउने उद्देश्यले करिब ७ करोड लागतमा निर्माणाधीन कोल्ड स्टोरको ९० प्रतिशत कार्य सम्पन्न भएको छ। जसबाट खाद्यसुरक्षा प्रवर्द्धन भई नागरिकको मौलिक हक कार्यन्वयन तथा दिगो विकास लक्ष्यको आन्तरिकीकरण हुने देखिन्छ।

४. लुम्बिनी प्रदेशको प्रसिद्ध धार्मिक तथा ऐतिहासिक महत्वको अर्घा भगवती मन्दिर परिसरको पुनर्निर्माण तथा पूर्वाधार विकासको लागि विगत वर्षदेखि नै निर्माण कार्य भईरहेकोमा हालसम्म करिब ८० प्रतिशत भौतिक निर्माणको कार्य सम्पन्न भईसकेको छ। मन्दिर परिसरमा निर्मित दुर्गा भगवतीको मूर्ती संरक्षण गर्ने कार्य समेत चालु आर्थिक वर्षमा सम्पन्न भएको छ। जसबाट नगरपालिका क्षेत्रमा धार्मिक पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने देखिन्छ।

५. संघीय विशेष अनुदान शीर्षकमा प्राप्त रकमबाट चालु आर्थिक वर्षमा वडा नं. ७, ८ र ११ मा स्वास्थ्य चौकीको भवन निर्माण कार्य शुरू गरिएकोमा हालसम्म करिब ३५

प्रतिशत भौतिक प्रगति हासिल भै सकेको छ। आगामी आर्थिक वर्षमा बाँकी निर्माण कार्य सम्पन्न हुने अपेक्षा गरिएको छ।

६. संघीय समपूरक अनुदान र नगरपालिकाको लागत साझेदारीमा करिब ७ करोड लगानीमा वेहोरे कुर पल्लावारी दुवार गच्छे मोटरबाटो कालोपत्रे गर्ने कार्य शुरू भएकोमा हालसम्म करिब ३० प्रतिशत भौतिक प्रगति भै सकेको छ भने आगामी आर्थिक वर्षभित्रै बाँकी निर्माण कार्य सम्पन्न गरिनेछ।

७. लुम्बिनी प्रदेशबाट प्राप्त समपुरक अनुदान र नगरपालिकाको लागत साझेदारी सहित करिब १२ करोड लागतमा ३ वर्षमा सम्पन्न गर्ने गरी निर्माणाधीन गंगासरोवर क्षेत्रको जैविक विविधता तथा प्राकृतिक श्रोत संरक्षण, ऐतिहासिक तथा पुरातात्त्विक स्थानको रूपमा परिचित मथुरा स्थित जंग बहादुर राणा जन्मेको मथुरावेसी पौवा संरक्षण तथा पहुँच मार्ग निमार्ण, प्राकृतिक सम्पदाको रूपमा रहेको वडा नं स्थित 11 रक गार्डेन संरक्षण, सुपादेउराली मन्दिर परिसरमा जेष्ठ नागरिक आवास गृह तथा धर्मशाला निमार्ण, निर्मल ज्योति सुस्तमनस्थिति विद्यालय भवन निर्माण, ऐतिहासिक चौविसे राज्य अन्तर्गतको खाँची दरबार पुनःनिर्माण तथा पहुँचमार्ग निर्माण, सहिद सरला मार्ग ग्रामिण सडक स्तरोन्नति र रिठेखोला- माझहटिया-जरेखोला ग्रामिण सडक स्तरोन्नति गरी कुल ८ वटा परियोजना निर्माणको करिब ३० प्रतिशत भौतिक निर्माण सम्पन्न भएको छ। बाँकी निर्माण कार्य आगामी आर्थिक वर्ष भित्रै सम्पन्न गर्ने लक्ष्य लिईएको छ।

८. चालु आर्थिक वर्षमा २ नं वडा कार्यालयको प्रशासकीय भवनको निर्माण कार्य सम्पन्न गरी नवनिर्मित भवनबाट वडा कार्यालयको काम कारवाही सुचारू गरिएको छ। यसबाट सेवा प्रवाहमा सहजता महसुस भएको छ।

९. अर्घाखाँची जिल्लाकै एकमात्र सरकारी अस्पतालको रूपमा रहेको अर्घाखाँची जिल्ला अस्पताललाई शव वाहन खरिद गरी हस्तान्तरण गर्ने कार्य समेत चालु आर्थिक वर्षमा सम्पन्न भएको छ।

१०. चालु आ.व. मा अन्तरपालिका जोड्ने सडक, वडा कार्यालय पहुँच मार्ग र नगरका मुख्य मुख्य सडक गरी कुल ६.३ कि.मि. सडक कालोपत्रे भएको छ भने ३.८ कि.मि. सडक ग्राभेल भएको छ। यसका अतिरिक्त ३.८५ कि.मि. नयाँ ट्र्याक

खोल्ने कार्य सम्पन्न हुनुका साथै १५.५५ कि.मि. सडक चौडा र ३.५ कि.मी पक्की नाली निर्माण भएको छ।

११. सहरी शासकीय तथा पूर्वाधार आयोजना अन्तर्गत विनियोजित रू. ११ करोड ५८ लाखबाट कुल १३० वटा योजना छनोट भई निर्माण कार्य अगाडि बढाईएकोमा हालसम्म १०१ वटा योजना सम्पन्न भइ सकेका छन भने बाँकी योजनाहरूको निर्माण कार्य समेत अन्तिम चरणमा पुगेको छ।

१२. झोलुङ्गे पुल तर्फ गत आ.व.को क्रमागत अर्लादी मल्टी ट्रस ब्रिजको निर्माण कार्य सम्पन्न भएको छ भने चालु आ.व. मा वराङ्दी खोला झोलुङगे पुल र वरखोला झोलुङगे पुल निर्माण कार्य शुरू भएकोमा आगामी आ.व. २०८०/८१ मा दुवै पुलको निर्माण कार्य सम्पन्न हुनेछ।

१३. यस वर्ष छाडा कुकुर बन्ध्याकरण तथा भ्याक्सिनेसन शिविर सञ्चालन गरी कुल ३०८ वटा कुकुरको स्थायी बन्ध्याकरण गरी रेबिज रोग विरूद्ध भ्याक्सिनेसनको कार्य समेत सम्पन्न गरिएको छ।

१४. चालु आर्थिक वर्षमा नगरपालिका भित्रका पशुपालक कृषकहरूलाई १८ वटा हाई प्रेसर वासर मेसिन, ९ वटा च्याफकटर मेसिन, मासु तथा डेरी पसलहरूलाई १९ वटा डिप फ्रिजर मेसिन वितरण गरिएको छ।

१५. बाख्रा/बंगुरको खोर सुधार कार्यक्रम अन्तर्गत नगरपालिका भित्रबाट २४ जना बाख्रा/बंगुरपालक कृषकहरूलाई खोर सुधारको लागि अनुदान उपलब्ध गराइएको छ।

१६. गाईभैंसीको गोठ सुधार कार्यक्रम अन्तर्गत नगरपालिका भित्रबाट २४ जना गाईभैंसीपालक कृषकहरूलाई गोठ सुधारको लागि अनुदान उपलब्ध गराइएको छ।

१७. व्यावसायिक फर्ममा आन्तरिक तथा वाह्य परिजिवी नियन्त्रण कार्यक्रम अन्तर्गत वडा नं. १ देखि वडा नं. १२ सम्मका १०० भन्दा बढी व्यावसायिक फर्महरूमा अन्तरिक तथा वाह्य परिजिवी नियन्त्रण सम्बन्धी परामर्श तथा जुकामाटे औषधी वितरण गरिएको छ।

१८. कृषकहरूलाई सुलभ कर्जा कार्यक्रम मार्फत न्यूनतम ब्याजदरमा कर्जा उपलब्ध गराउन नेपाल बैङ्कसँग सम्झौता भइ कार्यक्रम अगाडि बढाइएकोमा नगरपालिकाको रू. ६३ लाख र नेपाल बैङ्कको रू. ६३ लाख गरी कुल रू १ करोड २६ लाखको कोष खडा गरिएको छ भने ३३ जना कृषकहरूले हाल सम्म ४१ लाख सुलभ कर्जा लिई व्यावसायिक रूपमा खेती एवम् पशुपालन गर्ने कार्य प्रारम्भ गरेका छन।

१९. तरकारी पकेट विकास कार्यक्रम अन्तर्गत सन्धिखर्क नगरपालिका वडा नं ९, १० र ११ का कुल १६२ जना कृषकहरू प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्। उक्त कार्यक्रमबाट २८० रोपनी क्षेत्रफलमा तरकारी क्षेत्र विस्तार भई नगरपालिकालाइ कृषिमा आत्मनिर्भर बन्न टेवा पुग्ने देखिन्छ।

२०. व्यवसाय दर्ता प्रकृयालाई वडास्तरमा हस्तान्तरण गरिएको छ। लुम्बिनी प्रदेश सरकारको प्राईभेट फर्म रजिष्ट्रेसन ऐन तथा नियमावली, २०७६ वमोजिम ५ लाख सम्म पूँजी भएका प्राईभेट फर्महरूको दर्ता तथा नवीकरण स्थानीय तहले गर्ने प्रावधान वमोजिम घरेलु तथा साना उद्योग विकास समितिबाट फाइलहरू (बाणिज्यतर्फ १२७३ र उद्योगतर्फ ७७४ गरी जम्मा २०४७) नगरपालिका मातहतमा ल्याई दर्ता तथा नवीकरणको कार्य आरम्भ गरिएको छ।

२१. व्यावसायिक कृषिलाई बढावा दिई उत्पादन लागत खर्च घटाउन साना कृषि मेशिनरी औजार वितरण कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा हाते ट्याक्टर वितरणको लागी रू. २० लाख विनियोजन भएकोमा ३३ जना कृषकहरूलाई मिनिटिलर तथा ५० जना कृषकलाई कुटानी पिसानी मिल उपलव्ध गराउँदा ८३ जना प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् भने अप्रत्यक्ष रूपमा ४३५ भन्दा बढी कृषक लाभान्वित भएका छन्।

२२. उन्नत बिउको प्रयोगमा मूल्य अनुदान कार्यक्रम अन्तर्गत १६०८० के.जी. गहूँको उन्नत बिउ वितरण गरिएकोमा यसबाट १४३४ जना कृषकहरू लाभान्वित भएको र खायन गँहूको उत्पादन वढ्नुका साथै खाद्य सुरक्षामा टेवा पुगेको छ।

२३. सन्धिखर्क नगरपालिका भित्रका कृषकहरूलाई मागको आधारमा ५० प्रतिशत अनुदानमा ५२९ थान प्लाष्टिक टनेल वितरण गरिएको छ। यसबाट बेमौसमी तरकारी तथा टमाटर खेती गर्ने क्षेत्रफल वढ्ने अपेक्षा गरिएको छ।

२४. सन्धिखर्क नगरपालिका भित्रका च्याउ खेती गर्ने कृषकहरूलाई मागमा आधारित ३०५२ पाकेट च्याउको बिउ वितरण भएको छ। जसबाट च्याउको उत्पादन बढ्नुका साथै खाने बानीको समेत विकास भएको पाईएको छ।

२५. मकै प्रवर्द्धन कार्यक्रम अन्तर्गत २९ वटा समुह तथा सहकारी संस्था मार्फत १४२ रोपनी क्षेत्रफलमा मकै खेती आरम्भ गरिएको छ। जसबाट ६२४ जना कृषक लाभान्वित हुनुका साथै मकैको उत्पादन तथा उत्पादकत्वमा वृद्धि हुने अपेक्षा गरिएको छ।

२६. खायन आलु उत्पादन कार्यक्रम अन्तर्गत १६ वटा समुह, सहकारी तथा फर्ममार्फत ११५ रोपनी क्षेत्रफलमा ११० क्वीन्टल आलु लगाईएकोमा यसबाट कुल ८०० क्वीन्टल आलु उत्पादन भएको छ। प्रस्तुत कार्यक्रमबाट लाभान्वित हुने परिवार संख्या १९६ रहेको छ।

२७. सबै स्वास्थ्य संस्थाहरूबाट औषधीको सहज आपूर्ति सुनिश्चित गरी निशुल्क औषधि वितरण गर्ने कार्यलाई निरन्तरता दिइएको छ।

२८. नगरपालिका अन्तर्गतका विभिन्न वडाहरूमा ३० वर्ष माथिका महिलाहरूको पाठेघर क्यान्सर, प्रसव फिस्टुला र पाठेघरको संक्रमण भए नभएको निःशुल्क रूपमा जाँच गर्ने कार्यलाई निरन्तरता दिईएको छ।

२९. यस वर्ष महिला सामुदायिक स्वास्थ्य स्वयम सेविकाहरूका लागि नाक, कान, घाँटी र मुख स्वास्थ्य सम्बन्धी अभिमुखीकरण गर्ने कार्य सम्पन्न गरिएको छ।

३०. चालु आर्थिक वर्षमा समेत बालबालिका तथा गर्भवती महिलाहरूका लागि नियमित खोप र लक्षित वर्गका लागि कोभिड-१९ विरूद्धको खोप अभियानलाई निरन्तरता दिईएको छ।

३१. नगर प्रमुख खुत्रुके बचत कार्यक्रम अन्तर्गत स्वास्थ्य संस्थामा जन्मने छोरीहरूको लागि प्रत्येक बालिकाको बैङ्क खातामा रू ३ हजार जम्मा गरिदिने कार्यलाई निरन्तरता दिइएको छ।

३२. चालु आ.व. मा नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरूमा कार्यरत बाल विकास शिक्षकहरूका लागि मन्टेश्वरी तालिम र शैक्षिक सामग्री निर्माण

कार्यशाला तथा १६ देखि २४ वर्ष उमेरका युवाका लागि नमुना युवा नगर सभाको अभ्यास प्रशिक्षण सम्पन्न गरिएको छ।

३३. श्री ज्ञान प्रकाश मा.वि. र श्री विद्याविनय आ.वि मा ICT Lab स्थापना, श्री भगवती मा.वि. मा पुस्तकालय व्यवस्थापन तथा श्री आदर्श मा.वि. र श्री गंगा आ.वि. मा विज्ञान प्रयोगशाला स्थापनाको लागि विद्यालय र नगरपालिकाबीच सम्झौता भइ कार्य अगाडि बढाईएकोमा सम्झौता बमोजिमको कार्य सम्पन्न हुने चरणमा पुगेको छ।

३४. यस वर्ष माध्यमिक र आधारभुत तहका शिक्षकहरूलाई गणित विज्ञान विषय शिक्षण सम्बन्धी शैक्षिक सामग्री निर्माण र क्षमता विकास कार्यशाला तथा कक्षा १-३ मा अध्यापनरत शिक्षकहरूका लागि एकीकृत पाठ्यक्रम सम्बन्धी कस्ट्माइज्ड तालिम सम्पन्न भएको छ।

३५. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत पार्वती आ.वि. र जनता आ.वि. मा दुईकोठे तथा भगवती मावि र मथुरा नन्दराम आ.वि. मा चारकोठे भवन निमार्णको कार्य अन्तिम चरणमा पुगेको छ।

३६. यस वर्ष सामुदायिक विद्यालयको विद्यार्थी संख्या यकिन गरी शिक्षक दरबन्दी मिलान तथा पदस्थापनको कार्य सम्पन्न भएको छ।

३७. चालु आर्थिक वर्षमा नगरपालिका भित्रका ९७२२ परिवारको घरधुरी सर्वेक्षणबाट एकीकृत तथ्यांक संकलन गरी तथ्यांक सुद्धीकरण कार्य भैरहेको छ भने सबै घरधुरीमा घर नम्बर अंकित गर्ने कार्य सम्पन्न गरिएको छ।

३८. नगरपालिका क्षेत्रभित्रका संवेदनशील र सार्वजनिक महत्वका विभिन्न स्थानमा ५५ वटा सिसिटिभी जडानको कार्य अन्तिम चरणमा पुगेको छ। यसबाट नगर क्षेत्रमा शान्ति सुरक्षाको प्रत्याभूति, अपराध न्यूनीकरण र व्यावसायिक गतिविधको प्रवर्द्धनमा सघाउ पुग्ने विश्वास लिइएको छ ।

३९. यस वर्ष सन्धिखर्क नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा रहेका कुल १८३५ वटा भौतिक घर नक्सालाई अभौतिकीकरण (digitalized) गरी अनलाईन नक्सा प्रणालीमा सुरक्षित गर्ने कार्य सम्पन्न गरिएको छ।

४०. चालु आर्थिक वर्षमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बेरोजगार सूचीमा सूचीकृत कुल २०४१ जना श्रमिकहरू मध्ये अति बिपन्न १५८ जना श्रमिकहरूले कुल ५१ आयोजनाहरूमा १०० दिनको रोजगारी प्राप्त गरेका छन। यसै वर्ष सन्धिखर्क नगरपालिकाको रोजगार सेवा केन्द्रबाट हालसम्म कुल १७ जनालाई श्रम स्वीकृति समेत प्रदान गरिएको छ।

४१. चालु आ.व.को जेष्ठ मसान्तसम्म कुल ३५३ वटा प्राइभेट फर्महरूको दर्ता, नवीकरण, नामसारी, खारेजीको कार्य सम्पन्न भएको छ।

४२. यस वर्ष गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमतर्फ ८० जना नयाँ उद्यमी श्रृजना गर्ने लक्ष्य रहेकोमा ८४ जना नयाँ उद्यमी श्रृजना भएका छन भने पुराना ४० जना उद्यमीहरूको क्षमता अभिवृद्धि गर्ने लक्ष्य रहेकोमा ४२ जना उद्यमीहरूको क्षमता अभिवृद्धी गर्ने कार्य सम्पन्न भएको छ।

४३. यस वर्ष हालसम्म कुल २९० जनालाई अपाङ्गता परिचयपत्र वितरण गरिएको छ भने नवीकरण गर्ने र प्रतिलिपि लिनेको संख्या २३१ रहेको छ।

४४. चालु आर्थिक वर्षमा सन्धिखर्क नगरपालिका क्षेत्र भित्रका महिला सहकारी संस्थाका कुल १२ जना व्यवस्थापकहरूलाई लक्षित गरी कम्प्युटर विषयको ३ महिने डिप्लोमा तालिम सञ्चालन गरिएको छ। यसबाट महिला सहकारी संस्थाहरूको कार्यसम्पादन स्तरमा सुधार हुने अपेक्षा लिइएको छ।

**नगरसभा सदस्यज्यूहरू,**

अब म यस सम्मानित नगरसभामा आगामी आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## क) आर्थिक विकास

१. रैथाने तथा स्थानीय कृषि उत्पादनको प्रशोधन, भण्डारण, प्याकेजिङ, लेभलिङ तथा ब्राण्डिङ्ग गरी खरिद बिक्री तथा बजारीकरण गर्नको लागि **उत्पादन उद्यमीको बजारीकरण नगरपालिकाको** अभियान सञ्चालन गरिनेछ। प्रस्तुत कार्यको लागि प्रतिस्पर्धाको माध्यमबाट सहकारी संस्थाको छनोट गरी स्थानीय कृषकहरूबाट

उत्पादित अर्गानिक र रैथाने कृषि उपज खरिद बिक्री गर्ने सम्बन्धमा आवश्यक प्रबन्ध मिलाईनेछ।

२. खेतीयोग्य तथा बाँझो जग्गा लिजमा लिई व्यावसायिक रूपमा कृषि तथा पशुपालन गर्ने कृषक/कृषक समूह/सहकारी संस्था तथा निजी फर्महरूलाई प्रोत्साहन गर्ने नीति लिईनेछ।

३. सामुदायिक वनमा रहेका सल्लो प्रजातिको रूख हटाई पानीको मुहान संरक्षणमा सघाउ पुग्ने तथा आम्दानी दिनसक्ने प्रजातीका बोट विरूवा रोपण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।

४. कृषि व्यवसायलाई आधुनिकीकरण, व्यवसायीकरण, यान्त्रीकरण तथा बजारीकरण मार्फत औद्योगिकीकरण गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गरी आय आर्जन बढाउनुका साथै रोजगारी सिर्जना गरी नगरपालिकालाई कृषिजन्य उत्पादनमा आत्मनिर्भर बनाउने कार्यक्रम लागू गरिनेछ। खाद्यान्न बालीको उन्नत बिउ उपयोगमा लागत साझेदारीमा अनुदान दिइनेछ साथै उन्नत बिउ वितरकलाई प्रोत्साहन अनुदान प्रदान गरिनेछ।

५. कृषि तथा पशुपंक्षी क्षेत्रमा प्राकृतिक तथा दैवि प्रकोपको कारण क्षति भएका कृषकहरूलाई कृषि तथा पशुपंक्षी विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७८ बमोजिम नगद राहत उपलव्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ।

६. प्रत्येक वडामा सम्भाव्यताका आधारमा पकेट क्षेत्रको विकास गर्न र माटो सुहाउँदो बालीको छनोट गर्न माटो परीक्षणको लागि शिविर सञ्चालन गरी नमुना सकंलन र प्रयोगशाला परीक्षणमार्फत प्राप्त नतिजाको विश्लेषण गरी क्रमशः **एक वडा, एक उत्पादन** कार्यक्रम सञ्चालन गरिनेछ।

७. नगरपालिका भित्रका कृषकहरूलाई मिनिटिलर सञ्चालन एवम् मर्मत सम्भारको लागि आवश्यक तालिम दिने व्यवस्था मिलाईनेछ।

८. नगर क्षेत्रभित्र निर्माणाधीन शीत भण्डारलाई त्यसको संभाव्यताको आधारमा कोल्ड चेम्बर एवम् थोक तरकारी तथा फलफुल बजारको रूपमा विस्तार गरिनेछ।

९. लागत साझेदारीमा कृषकको मागमा आधारित साना कृषि मेसिनरी औजार तथा नविनतम् प्रविधि हस्तान्तरण गरी उत्पादन लागतमा कमी ल्याइनेछ। साथै कृषकहरूलाई उन्नत बिउको खरिद मुल्यमा अनुदान दिई उन्नत बिउ वितरकलाई प्रोत्साहन गरिनेछ।

१०. कृषिजन्य उपजको बिक्री वितरणमा बिचौलियाबाट हुने मूल्य अपचलनलाई नियन्त्रण गरिनेछ। उत्पादन र बजार प्रणालीको अन्तरसम्बन्धलाई सहकारीको माध्यमबाट व्यवस्थित गरी कृषकको उत्पादन लागत र थोक तथा खुद्रा बजार मुल्य विश्लेषण गर्दै उपयुक्त बजार मूल्य प्राप्त हुने व्यवस्था मिलाईनेछ।

११. चक्लाबन्दी, लिज खेती, सामुहिक तथा करार कृषि खेतीलाई प्रोत्साहन गरिनेछ। खेतियोग्य जमिनमा बस्ती विकास र सहरीकरण गर्ने कार्यलाई निरूत्साहित गरिनेछ। विदेशबाट फर्किएर व्यावसायिक कृषि कार्यमा लागेका नगरबासीहरूलाई प्रोत्साहन गरिनेछ। कृषि कर्जा कार्यक्रमलाई संसोधन सहित कर्जाको दायरा बढाई निरन्तरता दिइनेछ।

१२. नगर क्षेत्रका विभिन्न स्थानहरूमा सम्भाव्यताका आधारमा आगामी ५ बर्ष भित्र निर्यात गर्न सकिने गरी एभोकाडो, किवी, ड्रागन फ्रूट, कागती, आरू, आरूबखरा र दाँते ओखर खेतिलाई प्रवर्द्धन गरिनेछ।

१३. खेतीयोग्य जमिन बाँझो राख्ने जग्गाधनीबाट जग्गामा लाग्ने भूमीकर (मालपोत) मा सोही बराबरको रकम जरिवाना थप गरी असुल उपर गरिनेछ। वडा कार्यालयले समन्वय गर्ने गरी त्यस्तो जग्गामा सामूहिक र सहकारी खेती तथा पशुपालन गर्ने कार्यका लागि सम्बद्ध पक्षसँग सम्झौता गर्ने गरी प्रक्रिया अगाडि बढाइनेछ।

१४. उपयुक्त स्थानमा जग्गा प्राप्ति गरी आधुनिक र सुविधा सम्पन्न कृषि हाट बजारको निर्माण मार्फत कृषि उत्पादनलाई सहज रूपमा बजार सम्म पुऱ्याउन आवश्यक पहल गरिनेछ। सञ्चालनमा रहेका कृषि हाट बजारहरूलाई थप व्यवस्थित गर्दै लगिनेछ।

१५. वैदेशिक रोजगारीबाट स्वदेश फर्किएका व्यक्तिहरूले व्यावसायिक रूपमा तरकारी, जडिबुटी तथा फलफूल खेति गर्न चाहेमा संघ तथा प्रदेश सरकारसँग समन्वय गरी प्रति रोपनीका दरले प्रोत्साहन अनुदान उपलब्ध गराउन पहल गरिनेछ।

१६. रोग, किरा व्यवस्थापनको लागि आकस्मिक बाली संरक्षण तथा बाली उपचार सेवा उपलब्ध गराउन **किसानको खेतबारीमा नगरपालिका** अभियान सञ्चालन गरी कृषकहरूलाई कृषि उपजको बिमा गर्न प्रोत्साहन गरिनेछ।

१७. कृषक दर्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ। उक्त कार्यक्रम मार्फत कृषकको व्यावसायिकता पहिचान पश्चात अनुदानको मापदण्ड तयार गरी लागू गरिनेछ। साथै सोहि बमोजिम नगरपालिकाबाट उपलब्ध हुने अनुदानलाई व्यवस्थित गरिनेछ। कृषि, पशुपन्छी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१८. किसानहरूको मागको आधारमा आवश्यकता अनुसार तालिम तथा प्रविधी हस्तान्तरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१९. पशुपन्छीमा लाग्ने महामारी रोगहरू जस्तैः भ्यागुते, चरचरे, खोरेत, पटके, रानीखेत, गम्बोरो, लम्पी स्कीन, आदि रोगहरूको नियन्त्रण गरी आर्थिक नोक्सानी कम गर्नको लागि खोप कार्यक्रम सञ्चालन गरिनेछ। साथै गाईभैंसीपालक कृषकलाई लक्षित गरी ५० प्रतिशत अनुदानमा पशु बिमा कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

२०. पशुपन्छीमा रोग निदानको लागि प्रयोगशाला सेवालाई निरन्तरता दिँदै आहिले सञ्चालनमा रहेको प्रयोगशालालाई आधुनिक प्रयोगशालामा रूपान्तरण गर्दै र हाल गरिँदै आएको परीक्षणको दायरा वृद्धि गरी रोग पहिचान पछि उपचार गर्ने पद्धति अबलम्बन गरिनेछ।

२१. घाँसमा आधारित पशुपालन व्यवसायलाई बढावा दिन तथा दानामा खर्च हुने उत्पादन लागत कम गरी पशुपालनबाट बढी भन्दा बढी मुनाफा लिन व्यावसायिक पशुपालक कृषकहरूलाई उन्नत घाँसको बिउ उपलब्ध गराइनेछ।

२२. कृत्रिम गर्भाधानको पहुँच भन्दा टाढा रहेका क्षेत्रहरूको लागि सुलभ र सस्तो दरमा प्रजनन सेवा उपलब्ध गराउनको लागि तराईबाट उन्नत मुर्रा जातका राँगाहरू ल्याइनेछ। स्थानीय जातका भैंसीहरूमा उन्नत जातको राँगोहरूबाट प्रजनन गराई पशुमा नश्ल सुधार गरी उत्पादन वृद्धि गर्न कृषकहरूलाई सहयोग गरिनेछ।

२३. कृत्रिम गर्भाधान सम्बन्धी कार्यक्रमलाई प्रभावकारी बनाउदै लगिनेछ। कृत्रिम गर्भाधानकर्ता, अगुवा कृषक तथा सरोकारवालाबीच समन्वय गरी सहज, सुलभ र प्रभावकारी कृत्रिम गर्भाधान सेवालाई जोड दिइनेछ।

२४. पशुपन्छीमा बाह्य तथा आन्तरिक परिजिवीको संक्रमणबाट कृषकहरूलाई हुने आर्थिक क्षति न्यूनीकरण गर्न अन्तरिक तथा बाह्य परजिवी नियन्त्रणको लागि बृहत डोर टु डोर कार्यक्रम सञ्चालन गरिनेछ।

२५. किसानहरूले उत्पादन गरेका कृषि तथा पशुजन्य उत्पादनको उचित मूल्य निर्धारण गरिनेछ। संघीय तथा प्रदेश सरकारसँगको समन्वय एवम् साझेदारीमा पशु उत्पादन संकलन तथा विक्रिका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

२६. छाडा कुकुरमा स्थायी बन्ध्याकरण तथा रेबिज रोगको भ्याक्सिनेसन कार्यक्रमलाई निरन्तरता दिई रेबिज रोग मुक्त नगरपालिका बनाउने तथा छाडा कुकुरहरूले गर्दा हुने अन्य समस्या समाधान गरिनेछ।

२७. स्वच्छ, सफा तथा गुणस्तरयुक्त मासु, दुध तथा दुधजन्य पदार्थको सेवन गर्न पाउने नागरिकको नैसर्गिक अधिकारीलाई मध्यनजर गर्दै मासु तथा दुग्धजन्य पदार्थ विक्री वितरण गर्ने व्यवसायीहरूको सघन अनुगमन तथा निरीक्षण गरी कानुनी कारवाहीको दायरामा ल्याईनेछ।

२८. सुपादेउराली मन्दिर दर्शन गर्न आउने पाहुनाहरूलाई खाँची दरबार, सिद्धेश्वर मन्दिर, अर्घा भगवती मन्दिर लगायत नगर भित्रका पर्यटकीय सम्पदाहरूसम्म जानको लागि निजीक्षेत्रसँग सहकार्य गरी यातायातको व्यवस्था गरिनेछ। सुपादेउराली झोलुङ्गे पुलदेखि भैंसेमेलासम्म पदमार्ग निर्माण कार्यको शुरूवात गरी नरपानी र खाँचीकोट क्षेत्रका अग्ला पहाडहरूलाई हिलस्टेशनको रूपमा विकास गर्दै लगिनेछ।

२९. नगर भित्रका पर्यटकीय स्थालहरूमा न्यूनतम पर्यटन पूर्वाधार, पहुँचमार्ग, शौचालय, खानेपानी, विश्राम स्थलको व्यवस्थापन गरिनेछ।

३०. नगर क्षेत्र भित्रका ऐतिहासिक, पुरातात्विक, धार्मिक एवम् सांस्कृतिक पर्यटकीय स्थलहरूको तथ्यांक संकलन तथा अध्यावधिक गरी संरक्षण र प्रचारप्रसारका कामहरू अगाडि बढाइनेछ।

३१. सुपा देउराली, खाँची दरबार, शिद्धेश्वर शिबालय मन्दिर, अर्घा भगवती मन्दिर, गोपेश्वोर पिठ मथुराबेसी क्षेत्रलाई धार्मिक पर्यटन क्षेत्रको रूपमा विकास गर्न एकीकृत योजना बनाई अगाडि बढिनेछ। ओमकार्येश्वोर शिबालय मन्दिर तथा मथुरा वृद्धाश्रम गोपेश्वर पिठ सञ्चालनको लागि आवश्यक व्यवस्था गरिनेछ। सुपा देउराली, अर्घा भगवती, खाँचीकोट दरबार, मथुरा धाम र जालकाँडा रक गार्डेन क्षेत्रमा डिजिटल पर्यटन जानकारी बोर्ड राखिनेछ।

३२. प्रदेश समपूरक अनुदान शीर्षकमा प्राप्त रकम र नगरपालिकाको लागत साझेदारीमा सुपा देउराली मन्दिर क्षेत्रमा निर्माणाधीन धर्मशाला तथा बृद्धाश्रमको निर्माण कार्यलाई चालु आर्थिक वर्षमै सम्पन्न गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

३३. नरपानीमा रहेको गंगा सरोबर क्षेत्रको प्रथम चरणको निर्माण कार्य पुरा गरी सौन्दर्यीकरण गर्दै तालमा प्याडल बोट सञ्चालन गरिनेछ। उक्त स्थानमा पर्यटन प्रवर्द्धन मार्फत आन्तरिक आय वृद्धि गर्न तथा पर्यटकीय स्थलको रूपमा संरक्षण तथा सम्वर्द्धन गर्न निजी क्षेत्र सँग सहकार्य गरिनेछ। साथै संगै रहेको पिकनिक स्थलको समेत निर्माण तथा सौन्दर्यीकरण गरी मनोरन्जनात्मक पर्यटकीय केन्द्रको रूपमा विकास गरिनेछ।

३४. लुम्बिनी प्रदेश सरकार र नगरपालिकाको सह लगानीमा नगरपालिकाको वडा नं. ११ मा अवस्थित जालकाँडा प्राकृतिक रक गार्डेनको निर्माण तथा संरक्षणको कार्यलाई चालु वर्षभित्रै सम्पन्न गरी पर्यटकीय स्थलको रूमपा थप विकास र प्रचारप्रसार गरी पर्यटक आकर्षित गरिनेछ।

३५. नगर क्षेत्रभित्र रहेका लदाम बगैचा, शान्ति बगैचा, मथुरा बगैचा, बि.पी. स्मृति पार्क, सहिद मनोज झपेन्द्र पार्कको सौन्दर्यीकरण गर्दै अन्तरिक पर्यटकीय स्थलको रूपमा विकास गरी सामाजिक संजाल तथा अन्य विद्युतीय माध्यमबाट प्रचार प्रसार गरिनेछ।

३६. अर्घाखाँची अस्पताल, शान्ति बगैचा, बसपार्क, टुडिखेल लगायतका सार्वजनिक महत्वका क्षेत्रमा Free WIFI जडान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था मिलाइनेछ।

३७. शिब पाञ्चायन मन्दिर-शिद्देश्वर गुफा-धारामाथि-गोठकटेरी-जालकाँडा क्षेत्रलाई पैदल मार्गको रूपमा विकास गर्न संघ तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ। विभिन्न स्थानमा पदमार्ग निर्माण गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ।

३८. अर्घा भगवती मन्दिर तथा ऐतिहासिक अर्घा दरबार क्षेत्रको पुनर्निर्माण तथा सौन्दर्यीकरणको कार्य आगामी आर्थिक वर्षभित्रै सम्पन्न गरी आकर्षक धार्मिक पर्यटकीय स्थलको रूपमा विकास गरिनेछ। अर्घा दरबार क्षेत्रमा परम्परागत धार्मिक तथा संस्कृतिक बस्तुहरूको संग्रहालय तथा प्रदर्शनी केन्द्र स्थापनाका लागि आवश्यक प्रकृया अगाडि बढाइनेछ।

३९. नगरपालिका र लुम्बिनी प्रदेश सरकारको सह-लगानीमा ऐतिहासिक चौबिसे राज्य अन्तर्गतको खाँचीकोट दरबारको पुनर्निर्माण तथा संरक्षणको कार्यलाई आगामी आर्थिक वर्षभित्रै सम्पन्न गर्न पहल गरिनेछ।

४०. प्रमुख पर्यटकीय क्षेत्रमा पर्ने बस्तीहरू तथा नगरपालिकाका अन्य सम्भावित स्थानहरूमा निजी क्षेत्र, स्थानीय टोल विकास समिति, युवा क्लब, आमा समुहसँगको सहकार्यमा घरबास पर्यटन (Home Stay) कार्यक्रम सञ्चालन गरिनेछ। साथै पर्यटन प्रवर्द्धनका लागि युवाहरूलाई टुरिष्ट गाइड र छोटो अवधिको होटल व्यवस्थापन सम्बन्धी तालिम प्रदान गर्न पहल गरिनेछ।

४१. विभिन्न सरोकारवाला निकायहरू तथा उद्योग बाणिज्य संघ, च्याम्बर अफ कमर्स समेतका संघ संस्था सँगको सहकार्यमा सन्धिखर्क महोत्सब, अर्घा भगवती स्थापना उत्सब र कृषि तथा पर्यटन महोत्सब सञ्चालन गरिनेछ।

४२. पर्यटन क्षेत्रको दिगो र योजनाबद्ध विकास गर्न पर्यटन गुरूयोजना बनाई कार्यान्वयन गरिनेछ।

४३. सहकारी संस्थाहरूलाई स्थानीय श्रोत, साधन र सीपको प्रयोग गरी स्थानीय स्तरमा रोजगारी तथा स्वरोजगारी सिर्जना मार्फत स्थानीय अर्थतन्त्रलाइ चलायमान बनाउने प्रमुख स्तम्भको रूपमा विकास गरिनेछ।

४४. सन्धिखर्क नगरपालिकाको सहकारी नियमावली बमोजिम सहकारी संस्थाहरूको व्यवस्थापन गरिनेछ। साथै स्थानीय सहकारी संस्थाको प्रवर्द्धन, परिचालन, क्षमता

अभिवृद्धि र विकास गर्दै बचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड तर्जुमा गरी सो को प्रभावकारी कार्यान्वयन तथा नियमन गरिनेछ।

४५. सहकारी संस्थामार्फत नगरपालिका क्षेत्रभित्र कृषि तथा पशुजन्य उत्पादनहरूको संकलन, भण्डारण र बिक्री वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

४६. नगर क्षेत्रभित्रका बाँझो जमिनको उपयोग गरी कृषि तथा पशुपालन क्षेत्रको उत्पादन तथा उत्पादकत्व बढाउन योगदान गर्ने सहकारी संस्थालाई प्रोत्साहन स्वरूप उत्पादनमा आधारित अनुदानको व्यवस्था मिलाईनेछ।

४७. न्युनतम सदस्य संख्या र पुँजीको सीमा तोकी उस्तै प्रकृति र उद्देश्य भएका सहकारी संस्थाहरूलाई एकीकरणका लागि प्रोत्साहन गर्दै सहकारीको संख्या वृद्धि गर्ने भन्दा सञ्चालनमा आएका सहकारीको गुणात्मक विकासमा जोड दिने तथा कृषि, व्यापार र उद्योगका तुलनात्मक लाभका क्षेत्रहरूमा लगानी गर्न प्रोत्साहित गरिनेछ।

४८. सहकारी संघ संस्थालाई सहकारी सिद्धान्त र मुल्य मान्यताको आधारमा सञ्चालन गर्न प्रेरित गरिनेछ। सहकारीको भावना विपरित सञ्चालन गर्ने तथा आफैले बनाएको विनियम पालना नगर्ने सहकारी संस्थाहरूलाई प्रभावकारी अनुगमनमार्फत निश्चित मापदण्ड निर्धारण गरी खारेजीको प्रकृया अबलम्बन गरिनेछ।

४९. नगर क्षेत्रभित्र निर्माणाधीन औद्योगिक ग्रामको प्रथम चरणको निर्माण कार्य सम्पन्न गरी सन्धिखर्क नगरपालिकाको औद्योगिक ग्राम सञ्चालन कार्यविधि बमोजिम नगर क्षेत्रभित्र सञ्चालित उद्योगी, व्यवसायी तथा सहकारीहरूलाई औधोगिक ग्राममा साना तथा मझौला उद्योग स्थापना गरी सञ्चालन गर्न प्रोत्साहन गरिनेछ। औद्योगिक ग्रामको विकास तथा विस्तारको लागि प्राप्त बजेटलाई बिस्तृत परियोजना प्रतिवेदन बमोजिम खर्च गरिनेछ।

५०. नगरपालिका भित्र दर्ता हुने उद्योग/वाणिज्य, प्राइभेट फर्महरूको दर्ता, नवीकरण, पूँजीवृद्धी, ठाउँसारी, खारेजी तथा नामसारीको प्रकृयालाई प्रविधिमैत्री बनाई थप सरलीकृत गरिनेछ।

५१. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई उद्यमशीलता मार्फत स्थानीय गरिबी न्यूनीकरण गर्ने दिशामा केन्द्रित गरिनेछ। सबै वडाका बस्तिहरूमा मागमा आधारित सीप विकास तालिम सञ्चालन गरिने छ।

५२. घरेलु तथा साना उद्योगको विकासमा जोड दिइनेछ। लघु उद्यम सञ्चालन गर्दा स्थानीय श्रोत, साधन तथा सीप र स्थानीय कच्चा पदार्थ जस्तै बाँस, बाबियो, केतुकी, सिस्नो प्रयोग हुने लघु उद्योगलाई प्राथमिकता दिइनेछ। स्थानीय स्तरमा पाइने जडीबुटी र वनस्पतिहरूको पहिचान, खोज, प्रवर्द्धन र उपयोगलाई बैज्ञानिक बनाइनेछ।

५३. **"हाम्रो उत्पादन हाम्रो सान"** भन्ने नारा अनुरूप स्थानीय उत्पादनहरूलाई केन्द्रित गर्दै **मेड इन् सन्धिखर्क (Made In Sandhikharka)** अभियान सञ्चालन गरिनेछ।

५४. मासुजन्य उद्योग र दुग्धजन्य उद्योगको सरसफाईमा प्रचलित मापदण्डको पालना गराउन कडाईका साथ नियमन गरिनेछ।रोडा, क्रसर र इट्टा उद्योगलाई वातावरणमैत्री बनाउँदै जल, जमिन, वायु तथा ध्वनी प्रदुषण गर्ने उद्योगलाई प्रचलित मापदण्ड बमोजिम वस्ती बाहिर सञ्चालन गर्न निर्देशित गरिनेछ।

५५. उद्योग तथा बाणिज्य क्षेत्रले समाजमा निर्वाह गर्नुपर्ने जिम्मेवारी तथा दायित्वलाई ध्यान दिंदै नगरपालिका भित्र सञ्चालित उद्योग तथा व्यापार क्षेत्रको लागि व्यावसायिक सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) निर्देशिका तयार गरी कार्यान्वयन गरिनेछ।

## ख) सामाजिक विकासः

५६. सामुदायिक विद्यालयमा सबैको अपनत्व विकास गर्न आगामी शैक्षिक सत्रदेखि राज्यकोषबाट तलबभत्ता खाने जनप्रतिनिधि, कर्मचारी र शिक्षकका सन्ततीलाई अनिवार्य रूपमा सामुदायिक विद्यालयमा भर्ना गर्ने नीति अवलम्बन गरिनेछ।

५७. सन्धिखर्क नगरपालिका-१ मा अवस्थित बालमन्दिरलाई बाल विकास श्रोत केन्द्रको रूपमा विकास गरी प्रत्येक वडाका १-१ वटा बालविकास कक्षाहरूलाई नमूना बनाउन स्मार्ट कक्षा सञ्चालनमा ल्याउन आवश्यक व्यवस्था मिलाईनेछ।

५८. विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न विज्ञ समिति गठन गरी नगर शिक्षा सुधार योजना तर्जुमा गरिनेछ।

५९. शिक्षाको जगको रूपमा रहेको प्रारम्भिक बालविकास कक्षालाई बालमैत्री तथा सुविधा सम्पन्न बनाउदै लगिनेछ। प्रत्येक वडामा सञ्चलित बालविकास कक्षा मध्ये सबैभन्दा बढी विद्यार्थी भएको बालविकास कक्षालाई नमुना बालविकास केन्द्रको रूपमा विकास गरिनेछ।

६०. कक्षा १-३ मा अध्यनरत विद्यार्थीहरूको पठन सीपको विकास गरी सिकाइ उपलब्धि स्तर अभिवृद्धि गर्न शिक्षक, विद्यार्थीहरूको क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ।

६१. आधारभूत तथा माध्यमिक तहको शिक्षालाई गुणस्तरीय, सर्वसुलभ तथा पहुँचयोग्य बनाउदै विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउन आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ। विद्यालय बाहिर रहेका बालबालिकाहरुको पहिचान गरी सामुदायिक विद्यालय भर्ना अभियान सञ्चालन गरिनेछ।

६२. संघीय सरकारसँगको समन्वयमा एक शिक्षण संस्था एक उद्यम कार्यक्रम अन्तर्गत जनता कृष्ण माध्यमिक विद्यालयमा सञ्चालित कार्यक्रमलाई थप व्यबस्थित गरिनेछ।

६३. विद्यार्थीमा रहेको खेल प्रतिभालाई पहिचान गर्न अन्तर माध्यमिक विद्यालयस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन गरिनेछ।

६४. नगरपालिका भित्र बहुप्राविधिक शिक्षालय स्थापना गर्न सम्भाव्यता अध्ययन गरी सोको आधारमा संघ र प्रदेश सरकारलाई अनुरोध गरिनेछ।

६५. सन्धिखर्क नगरपालिकाले निर्माण गरी स्वीकृत गरेको स्थानीय पाठ्यक्रम ( आधारभूत) कार्यान्वयनका लागि स्थानीय पाठयपुस्तक विकास र मुद्रण गरी पठनपाठन सुरु गरिनेछ। विद्यालय शिक्षालाई अनुशासन, नैतिकता र स्थानीय परिवेशसँग प्रवर्द्धन हुने कार्यक्रम जोडी व्यवहारिक शिक्षा लागु गरिनेछ।

६६. सन्धिखर्क नगरपालिका अन्तर्गत जनज्योति माध्यमिक विद्यालयमा कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययन गर्ने छात्र/छात्राहरूका लागि विज्ञान छात्रवृत्तीको व्यवस्था मिलाईनेछ।

६७. पाणिनी बहुमुखी क्याम्पसमा उच्च शिक्षा अध्ययनरत विपन्न तथा जेहेन्दार बिद्यार्थीहरूलाई नगर प्रमुख छात्रवृत्ति कोष सञ्चालन कार्यविधि बमोजिम छात्रवृत्ति उपलब्ध गराईनेछ।

६८. सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षकहरूलाई प्रविधिमैत्री सीप विकास, शिक्षण कला, क्षमता विकास र असल अभ्यास शिक्षण सिकाइ आदान-प्रदान कार्यक्रमहरू सञ्चालन गरिनेछ।

६९. खुल्ला प्रतिस्पर्धाबाट प्रधानाध्यापक छनौट गर्न आवश्यक मापदण्ड बनाई प्रकृया अगाडि बढाइनेछ।

७०. सामुदायिक विद्यालयमा उपलब्ध गराइंदै आएको दिवा खाजालाई थप प्रभावकारी बनाउनको लागि नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड पुरा हुने गरी पौष्टिक आहारयुक्त खाजा व्यवस्थापन गर्न अनिवार्य गरिनेछ।

७१. निश्चित मापदण्ड तयार गरी सामुदायिक विद्यालयका दरबन्दी मिलान गरी जहाँ विद्यार्थी त्यहा शिक्षकको अवधारणा कार्यान्वयन गरिनेछ। साथै आवश्यकताका आधारमा विद्यालय समायोजन तथा तह वा कक्षा थप घट गर्ने प्रकृया अगाडि बढाइनेछ।

७२. सामुदायिक विद्यालयहरूका प्रधानाध्यापकहरूसँग कार्यसम्पादन सम्झौता गरी लक्ष्य अनुरूप कार्यसम्पादन गर्ने उत्कृष्ट विद्यालयहरूलाई पुरस्कृत गरिनेछ।

७३. रोष्टर शिक्षकमार्फत कक्षा शिक्षणमा आधारित अनुगमन प्रणालीको विकास गरी नमुना शिक्षण, शिक्षण अवलोकन, शिक्षक क्रियाकलाप अनुगमन तथा मुल्यांकन कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ। विद्यालय अनुगमन कार्यलाई नियमित र व्यवस्थित गरिनेछ।

७४. बिद्यार्थीहरूको गुनासो सुनी गुनासो समाधान गर्ने कार्यका लागि "**बिद्यार्थीसँग नगरप्रमुख**" कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७५. बिषयगत शिक्षकलाई मागमा आधारित तालिम सञ्चालन गरी प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूलाई विद्यालय सुधार योजना तथा शैक्षिक गुणस्तर अभिवृद्धि तालिम प्रदान गरिनेछ।

७६. सामुदायिक विद्यालयका अभिभावकको चेतना अभिवृद्धि गर्न र विद्यालय प्रति अपनत्वको भावना विकास गर्न अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

७७. प्रधानाध्यापक बैठक नियमित बस्ने व्यवस्था मिलाइनेछ। प्रत्येक प्रधानाध्यापक बैठकमा विद्यालय व्यवस्थापनको विषयमा समीक्षा गरी विद्यालयहरूबीच असल अभ्यास आदान-प्रदान गरिनेछ।

७८. सामुदायिक बालविकास केन्द्र तथा सामुदायिक विद्यालयहरूको भौतिक सुधार गरी पर्याप्त शैक्षिक सामग्रीहरूको प्रबन्ध गरिनेछ। कक्षा कोठामा गरिने शिक्षण सिकाई क्रियाकलापमा सूचना प्रविधिको प्रयोगलाई प्राथमिकतामा राखिनेछ।

७९. संस्थागत विद्यालयहरूले लिने शुल्कलाई समयानुकुल समायोजन गरिनेछ। संस्थागत विद्यालयहरूले नियमानुसार उपलब्ध गराउनुपर्ने छात्रवृत्ति उपलब्ध गराए नगराएको सम्बन्धमा कडाईका साथ नियमन गरिनेछ।

८०. बालविकास केन्द्रका सहजकर्ता, सामुदायिक विद्यालयका शिक्षक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिई सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरूको नेतृत्व तथा व्यवस्थापकीय क्षमता विकासको लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ।

८१. सामुदायिक सिकाई केन्द्रहरूलाई गतिशील बनाई प्रभावकारी ढंगबाट सञ्चालन गर्दै पुस्तकालय र मागमा आधारित सीपमुलक तालिम सञ्चालन गरिनेछ।

८२. नगरपालिकाको शैक्षिक सूचनाहरूको संग्रह सन्धिखर्क शैक्षिक बुलेटिन प्रकाशन गरिनेछ।

८३. विद्यालयस्तरीय शैक्षिक कार्यक्रमलाई योजनाबद्ध रूपमा सञ्चालन गर्ने कार्यका लागि वस्तुनिष्ठ विद्यालय सुधार योजना निर्माणका साथै व्यवस्थापकीय क्षमता विकास गर्न कार्यक्रम सञ्चालन गरिनेछ।

८४. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम तथा मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम मार्फत सञ्चालन हुने योजनाहरूको प्रभावकारी कार्यान्वयन गरिनेछ।

८५. विद्यार्थीहरूको अन्तर्निहित प्रतिभा प्रष्फुटन गरी सर्वाङ्गिण विकासमा टेवा पुऱ्याउन वादविवाद, वक्तृत्वकला, निबन्ध लेखन तथा हाजिरीजवाफ, हिज्जे लगायतका प्रतियोगिताहरू सञ्चालन गरिनेछ।

८६. शिक्षकको पेसागत विकासमा सघाउ पुऱ्याउन विषयगत शिक्षक पेसागत सञ्जाल गठन गरिने छ। शिक्षण पेसामा संलग्न नवप्रवेशी शिक्षकहरूलाई पेसागत सहयोगका लागि शिक्षक मेन्टोरिङ्ग गरिनेछ।

८७. आधारभूत तह उत्तीर्ण परीक्षा (कक्षा ८) र माध्यमिक तह उत्तीर्ण परीक्षा (SEE) मा उत्कृष्ट नतिजा हासिल गर्ने सामुदायिक विद्यालय र विद्यार्थीहरुलाई पुरस्कृत गरिनेछ।

८८. सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुलाई निशुल्क सेनीटरी प्याड वितरण गर्ने कार्यलाई निरन्तरता दिई सबै माध्यमिक विद्यालयहरुमा डिस्पोजल मेसिन जडान गरिनेछ।

८९. पूर्वाधारको अवस्था, शैक्षिक अनुशासन, शैक्षिक सुशासन, बिद्यार्थी शिक्षक अनुपात, शिक्षण सिकाई क्रियाकलापको अवस्था, विद्यालय सरसफाई, विद्यालय व्यवस्थापन समितिको क्रियाशीलता, विद्यालयको अभिभावक र बिद्यार्थीसँगको अन्तरक्रियाको अवस्था, प्रविधिको प्रयोग र शैक्षिक नतिजाको निश्चित मापदण्डहरु निर्धारण गरी प्रत्येक वडामा एक नमूना विद्यालयको अवधारणा अगाडि बढाइनेछ। बिद्यार्थी संख्याको अनुपातमा न्यून दरबन्दी भएका माध्यमिक विद्यालयहरुको अनुदानलाई निरन्तरता दिइनेछ।

९०. नगर क्षेत्रभित्र सञ्चालित ट्युसन तथा कोचिंग सेन्टर, भाषा, तालिम तथा प्रशिक्षण केन्द्रहरु, परामर्श केन्द्रहरुलाई अनिवार्य रुपमा नगरपालिकामा दर्ता तथा नवीकरण गरे पश्चात मात्र सञ्चालन गर्ने अनुमति दिइनेछ।

९१. नगर क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुको स्वामित्वमा रहेको जग्गाको वस्तुनिष्ठ तथ्यांक संकलन गरी संरक्षण तथा उपयोग गरिनेछ।

९२. संघीय सरकारले उपलब्ध गराउने प्रारम्भिक बाल विकास सहजकर्ता तथा विद्यालय सहयोगीहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदानमा अपुग रकम नगरपालिकाको तर्फबाट भुक्तानी गरिनेछ।

९३. समय समयमा विद्यार्थीहरुलाई आर्थिक, सामाजिक, राजनीतिक, प्रशासनिक, कला, संगीत, खेलकुद क्षेत्रका प्रतिष्ठित व्यक्तिहरुसँग अन्तरक्रिया गराईनेछ।

९४. नगरपालिकाभित्र विषयवस्तुको अध्ययन, खोज एवम् अनुसन्धान गर्ने स्नातकोत्तर तहमा अध्ययनरत दुई जना विद्यार्थीलाई **मेयर रिर्सच फेलोसीप** कार्यक्रममार्फत सोधवृत्ति प्रदान गरिनेछ।

९५. विद्यालयमा स्वच्छ र मनोरम वातावरण कायम गर्न **एक विद्यालय एक पुष्प बगैचा** कार्यक्रम सञ्चालन गरिनेछ।

९६. युवा जनशक्तिलाई नगरको आर्थिक तथा समाजिक विकासमा परिचालन गरिनेछ। युवाको क्षमता अभिबृद्धि गरी स्वरोजगार उन्मुख बनाइनेछ।

९७. नव उद्यमलाई प्रबर्द्धन गर्न युवाहरुलाई बिना धितो प्रस्तावना मुल्यांकनका आधारमा पाँच लाख सम्म कर्जा प्रदान गर्न नगरपालिकाबाट आवश्यक सहजीकरण गरिनेछ।

९८. युवा प्रतिभाहरुको खोजी तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ। युवाहरुलाई सामाजिक क्षेत्रमा जिम्मेवार बनाउन नगर स्तरमा गठन भएको युवा क्लवलाई थप क्रियाशील बनाइनेछ।

९९. नगर क्षेत्रभित्रका युवाहरुको तथ्यांङ्क संकलन तथा अद्यावधिक गरी बेरोजगार युवाहरुलाई नगरले सञ्चालन गर्ने योजनाहरुमा संलग्न गराउने प्रकृया अगाडि बढाइनेछ। **कर्मठ युवा विकासमा टेवा** अभियान सञ्चालन गरी नगरपालिका अन्तर्गत सञ्चालन हुने विकास निर्माणका आयोजनाहरुमा रोजगार उपभोक्ता समिति मार्फत बेरोजगार युवालाई परिचालन गरी निर्माण सम्पन्न गर्ने व्यवस्था मिलाइनेछ।

१००. नगरपालिकामा एक श्रम बैंक स्थापना गरी नगर क्षेत्रभित्र सञ्चालित संघ संस्था, सहकारी उद्योग तथा व्यवसायहरुले नगरपालिकासँग समन्वय गरी श्रम बैंक मार्फत श्रमिकहरुको माग गरी आफ्ना श्रमिक आपूर्ति गर्नुपर्ने व्यवस्थालाई क्रमशः कार्यान्वयन गर्दै लगिनेछ।

१०१. सन्धिखर्क नगरपालिकाको व्यावसायिक सीप विकास, रोजगारी प्रबर्द्धन र उत्पादनशील रोजगारी, उद्यमशीलता प्रर्वद्धन र रोजगारीका लागि सन्धिखर्क रोजगार रणनीति तर्जुमा गरिनेछ।

१०२. **हाम्रो विकास हामीबाट नै निकास** अभियान सञ्चालन गरी सरोकारवालाहरूबाट विकास निर्माण तथा नीति परिमार्जनको लागि राय सुझाव संकलन प्रयोजनार्थ नगरपालिकाभित्र **Idea Bank** स्थापना गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

१०३. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत विकास निर्माण तथा उत्पादनसँग सम्बन्धित कार्यमा नगर क्षेत्रभित्रका युवाहरुलाई निश्चित समय सम्मका लागि रोजगारी प्रदान गरिनेछ।

१०४. सहरी शासकीय तथा पूर्वाधार आयोजना अन्तर्गत हाटबजार सुधार, सार्वजनिक शौचालय, बसपार्क सुधार, पार्क निर्माण, सडक संरचना निर्माण, ढल व्यवस्थापन, नाला निर्माण, सार्वजनिक पर्खाल निर्माण तथा फोहरमैला व्यवस्थापन कार्य मार्फत स्थानीय युवालाई रोजगारी प्रदान गरिनेछ।

१०५. वैदेशिक रोजगारमा जान चाहने युवाहरुको लागि सरल र सहज ढङ्गबाट वैदेशिक रोजगार श्रम स्वीकृति प्रदान गरिनेछ।

१०६. वैदेशिक रोजगारीमा जाने श्रमिक र निजको परिवारको लागि वित्तीय साक्षरताका कार्यक्रमहरु सञ्चालन गरिनेछ। साथै वैदेशिक रोजगारीबाट फर्केको श्रमशक्तिलाई सामाजिक पुनःएकीकरण गरी उनीहरुको ज्ञान, सीप, अनुभव र उद्यमशीलताको पूर्ण उपयोग गरिनेछ।

१०७. नगर क्षेत्रभित्रका प्रतिभावान खेलाडी पहिचान गरी क्षमता विकास गर्दै राष्ट्रिय खेलाडी उत्पादन गर्न प्रत्येक वडाहरुमा प्रवर्द्धनात्मक खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ।

१०८. सन्धिखर्क नगरपालिका-१ मा निर्माणाधीन बार्दी खेलमैदानलाई पूर्णता दिन संघीय र प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ।

१०९. नगरपालिकाले सञ्चालन गर्ने नगरस्तरीय खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ। नगरपालिकाको केन्द्रमा रहेको टुंडीखेललाई स्तरोन्नति गरिनेछ।

११०. अर्घाखाँची अस्पतालमा थप विशेषज्ञ डाक्टरको व्यवस्थापन गर्न नगरपालिकाको तर्फबाट आवश्यक सहयोग गरिनेछ। यसबाट बिरामीले जिल्लामै विशेषज्ञ उपचार सेवा प्राप्त गर्ने वातावरण निर्माण भई उपचारको लागि जिल्ला बाहिर जानुपर्ने अवस्थामा सुधार हुनेछ। साथै अस्पतालसँगको सहकार्यमा आईसियू सहितको एम्बुलेन्स खरिद गरी सञ्चालनमा ल्याउने सम्बन्धमा आवश्यक पहल गरिनेछ।

१११. नगरपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरूबाट प्रवाह हुने सेवालाई चुस्त र व्यवस्थित बनाउन आवश्यक पर्ने पूर्वाधार, जनशक्ती र स्वास्थ्य सामाग्री थप गरी गुणस्तरीय सेवा उपलब्ध गराइनेछ। यसको लागि स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ।

११२. सबै स्वास्थ्य संस्थाहरूबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराईनेछ। स्वास्थ्यमा सर्वव्यापी पहुँचको अवधारणा अनुरूप प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पूनर्स्थापनात्मक र प्रशामक सेवालाई विकास एंव विस्तार गरिनेछ।

११३. स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई थप चुस्त, दुरूस्त र प्रभावकारी बनाईनेछ। बर्थिङ सेन्टर रहेका वडाहरूमा घरमा शुन्य सुत्केरी केन्द्रित कार्यक्रमलाई निरन्तरता दिई Zero Home Delivery वडा घोषणा गरिने छ।

११४. कुपोषणलाई न्यूनिकरण गर्नका लागि पोषण विशेष कार्यक्रमका अभियान सञ्चालनमा ल्याईनेछ। जीवनपथको अवधारणा अनुरूप सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोरकिशोरी तथा प्रजनन् स्वास्थ्य, प्रौढ तथा जेष्ठ नागरिकहरूका र फरक क्षमता भएकाहरूका लागि सेवाको विकास तथा बिस्तार गरिनेछ।

११५. महामारीजन्य रोगहरूको नियन्त्रणमा प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ। सरकारले तोकेका मुख्य जटिल रोगहरूको उपचारमा सहयोग पूऱ्याउने उद्देश्यले हाल उपलब्ध गराउँदै आएको आर्थिक सहायतालाई निरन्तरता दिइनेछ।

११६. नगरक्षेत्र भित्र पूर्ण खोप सुनिश्चितता कार्यक्रमलाई निरन्तरता दिनका लागि अनुगमन संयन्त्र बनाइ प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

११७. औषधी तथा सर्जिकल सामग्रीहरूको सहज आपूर्तिको व्यवस्था मिलाईनेछ। सबै स्वास्थ्य संस्थाबाट निःशुल्क रूपमा पिसाबबाट गर्भजाँच गर्ने तथा गर्भवती र सुत्केरी

महिलाहरूलाई निःशुल्क रूपमा क्याल्सियम चक्की वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११८. आकस्मिक प्रसुति प्रेषणका लागि प्रसुति केन्द्र भएका स्वास्थ्य चौकीबाट अर्घाखाँची अस्पतालसम्म आउन जान यातायात खर्चको व्यवस्था गरिनेछ।

११९. एच.आई.भी. संक्रमितहरूको स्वास्थ्य परीक्षण र पोषण खर्चको लागि नगरपालिकाको तर्फबाट आवश्यक सहयोग गरिनेछ।

१२०. विद्यालयमा किशोरी आईरन तथा वर्षमा दुईपटक विद्यार्थीहरूलाई जुकाको औषधी वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१२१. नगरपालिका अन्तर्गतका सबै वडामा कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरूको निशुल्क स्वास्थ्य बिमा गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

१२२. सबै स्वास्थ्य संस्थाहरूबाट निशुल्क गर्भजाँच तथा सबै सुत्केरी महिलाहरूलाई घरमै गई सेवा दिने कार्यलाई निरन्तरता दिइनेछ।

१२३. नगरक्षेत्रभित्र पाठेघर खस्ने, प्रशव फिस्टुला, पाठेघर तथा स्तन क्यान्सर समस्या समाधान गर्नका लागि निःशुल्क स्वास्थ्य जाँच शिविर सञ्चालन गरिनेछ।

१२४. नागरिक आरोग्यता प्रवर्द्धन गर्न उपयुक्त आहार, विहार, ध्यान, योग, प्राणायाम आदिबारे सचेतना कार्यक्रमहरु मार्फत नगरबासीलाई निरोगी बन्न प्रोत्साहित गरिनेछ।

१२५. नेपाल सरकारद्वारा निःशुल्क रूपमा उपलब्ध गराईएका औषधीहरूको उपलब्धतालाई सुनिश्चित गर्दै आर्थिक अवस्था कमजोर रहेका मधुमेह र उच्च रक्तचापका बिरामीहरूले प्रयोग गर्ने औषधी निःशुल्क रूपमा उपलब्ध गराउने र गर्भवती महिलाहरूलाई नगरपालिकाको तर्फबाट क्यालसियम चक्की निःशुल्क रूपमा वितरण गर्ने व्यवस्था मिलाईनेछ।

१२६. प्रत्येक वडामा जेष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना गर्न आवश्यक पहल गरिनेछ।

१२७. नगरभित्र रहेका बुबा आमा गुमाएका १८ वर्ष मुनिका टुहुरा बालबालिकाहरूको शिक्षादिक्षा र पालन पोषणमा टेवा पुग्ने गरी **उपप्रमुखसँग असहाय बालबालिका** कार्यक्रम सञ्चालन गरिनेछ।

१२८. बाल विवाह, बालश्रमको अन्त्य, सडक तथा बेवारिसे बालबालिकाको पुनःस्थापना गरी बालमैत्री स्थानीय शासनको सुनिश्चितता गर्न आवश्यक रणनीति अवलम्बन गरिनेछ।

१२९. नीति निर्माण, स्थानीय विकास र पूर्वाधार निर्माण लगायतका क्षेत्रमा बालबालिकाको सहभागिताको सुनिश्चितता गरिनेछ।

१३०. नगरपालिका अन्तर्गतका बाल क्लव, बाल सञ्जाल र बाल संरक्षण समिति गठन गरी परिचालन गर्ने व्यवस्था मिलाईनेछ। साथै आवश्यक नियमन तथा सञ्चालन सम्बन्धी कार्यविधि तयार गरिनेछ।

१३१. महिलाको सामाजिक, आर्थिक अवस्था सुधार गर्न उद्यमशिलताको विकास, शिक्षामा सहज पहुँच, रोजगारीको सुनिश्चितता गरी मर्यादित जीवनयापन गर्ने वातावरण बनाइनेछ।

१३२. लैङ्गिक हिंसा पीडित तथा प्रभावित व्यक्तिका लागि मनोसामाजिक परामर्श तथा पुनःस्थापनाका लागि Safe house लाई प्रभावकारी ढङ्गले परिचालन गरिनेछ।

१३३. महिला तथा लक्षित वर्गलाई रोजगारीमा सहज पहुँचको विकास गर्न शिक्षक सेवा आयोग र लोक सेवा आयोगका तयारी कक्षाहरू सञ्चालन गरिनेछ।

१३४. सासु-ससुरा र बुहारीबीचको सम्बन्धलाई थप प्रगाढ बनाउने र असल संस्कारको जगेर्ना गर्ने कार्यमा सहयोग पुग्ने गरी सासु-ससुराको राम्रोसँग पालन पोषण तथा हेरविचार गर्ने बुहारी पहिचान गरी सम्मान गर्न उपप्रमुखसँग असल बुहारी कार्यक्रम सञ्चालन गरिनेछ।

१३५. ज्येष्ठ नागरिकहरूको जीवन सम्मानित, सुरक्षित र व्यवस्थित बनाउन घरमै गइ ज्येष्ठ नागरिकहरूको स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाईनेछ।

१३६. नगरपालिका अन्तर्गत रहेका दलित, जनजाति तथा एकल महिलाहरूलाई लक्षित गरी उद्यमशीलता र जीवनोपयोगी सीप विकास सम्बन्धी तालिम सञ्चालन गरी प्रविधिको प्रयोगमा सक्षम बनाइनेछ।

१३७. सार्वजनिक सेवा प्रवाहलाई अपाङ्गमैत्री बनाउन आवश्यक पहल गरिनेछ।

१३८. नगरपालिका क्षेत्रमा छोरा तथा छोरी बीचमा हुने विभेद अन्त्य गरी छोरीलाई पनि छोरा सरह शिक्षा क्षेत्रमा पहुँच अभिवृद्धि गर्न हाल कार्यान्वयनमा रहेको **'नगर प्रमुख खुत्रुके बचत योजना'** कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१३९. समाजमा विद्यमान लैङ्गिक हिंसा र लागु पदार्थको दुर्व्यसनी समेतका सामाजिक कुरीतिहरूलाई निरूत्साहित गर्न त्यस्ता गतिविधीहरूको नियन्त्रण तथा रोकथामका कार्यमा संलग्न संघ संस्थाहरूसँगको सहकार्यमा सचेतनामुलक कार्यक्रमहरू सञ्चालन गरी उनीहरूलाई घर परिवार र समाजमा पुनःस्थापित हुने वातावरण मिलाइनेछ।

१४०. नगरक्षेत्र भित्र बसोबास गर्ने फरक क्षमता भएका अपाङ्ग तथा असहाय नागरिकहरूको तथ्याङ्क अद्यावधिक गरी संरक्षण गर्न उनीहरूको सीप तथा क्षमता अनुसारका सीप विकासका कार्यक्रमहरू अगाडि बढाईनेछ। नगरक्षेत्रभित्र रहेका महिलाहरूको सीप तथा क्षमता विकास गरी सशक्तीकरण गर्नुको साथै स्वरोजगारका अवसर प्रदान गरिनेछ।

१४१. नगरक्षेत्र भित्र रहेका अपाङ्ग, दलित, मुस्लिम, अल्पसंख्यक, विपन्न, पिछडिएको वर्ग तथा समूहको उत्थान एवम् सशक्तीकरणका लागि आवश्यक पर्ने सीप तथा क्षमता विकास गरी त्यस्ता वर्ग तथा समूदायको परम्परागत पेसा तथा व्यवसायहरुको विशेष संरक्षण र सम्वर्द्धन गर्ने कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाईनेछ।

१४२. नगर क्षेत्र भित्र रहेका ज्येष्ठ नागरिकहरूको पहिचान तथा अभिलेखांकन गरी उनीहरूको अनुभव तथा सीपको पुस्तान्तरणको लागि आवश्यक व्यवस्था गरिनेछ। **"ज्येष्ठ नागरिकका सुख र दुख सुन्छन सन्धिखर्कका नगर प्रमुख"** भन्ने नारा सहित जेष्ठ नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम लागु गरिनेछ।

१४३. समुदायमा ज्येष्ठ नागरिक प्रतिको सम्मान र आदरभाव अभिवृद्धि गर्न र पुस्तान्तरबाट उत्पन्न हुन सक्ने समस्याबारे सचेत गराउन विद्यालयस्तर देखि नै सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

१४४. अपाङ्ग तथा ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यलाई निरन्तरता दिई सम्बन्धित वडामा नै स्थलगत रूपमा वितरणको व्यवस्था गरिनेछ।

१४५. अपाङ्गता भएका व्यक्तिहरूको मनोबल उच्च राख्न उनीहरूको आर्थिक सशक्तिकरण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। साथै उनीहरूको विशेष आवश्यकतालाई दृष्टिगत गरी सहायता सामाग्रीहरू वितरण गर्दै सार्वजनिक स्थान तथा संरचनाहरू अपाङ्गमैत्री बनाउन पहल गरिनेछ।

१४६. दीर्घकालीन हेरचाह तथा उपचार आवश्यक पर्ने अपाङ्गता भएका व्यक्तिहरूको लागि स्वास्थ्य तथा पुनस्थापना केन्द्रहरूमा स्थानान्तरणको लागि आवश्यक व्यवस्था गरिनेछ।

१४७. नगरपालिकाभित्रका विद्यमान पूर्वाधारहरूलाई लैङ्गिकमैत्री, बालमैत्री तथा अपाङ्गमैत्री बनाईनेछ। साथै आगामी दिनमा पूर्वाधार निर्माण गर्दा उल्लिखित प्रावधानहरूलाई अनिवार्य रूपमा कार्यान्वयन गरिनेछ।

१४८. नगर क्षेत्रभित्रका टोल विकास संस्था, बाल क्लब, युवा क्लब र आमा समूहहरूलाई स्थानीय स्तरका समस्या समाधान, सामाजिक सहिष्णुता प्रवर्द्धन, मौलिक कलाको संरक्षण, सार्वजनिक सम्पत्तिको संरक्षण र व्यवस्थापन गर्ने तर्फ अग्रसर गराउन आवश्यक पर्ने क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१४९. नगरपालिकाको प्रत्येक वडाबाट कार्यान्वयन हुने कम्तिमा एक योजनामा महिलाहरूको निर्णय प्रकृया र आयोजना तथा कार्यक्रम व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धिका लागि उपभोक्ता समितिका जिम्मेवार पदहरूमा महिलाहरू मात्र रहने गरी योजना कार्यान्वयनको व्यवस्थालाई निरन्तरता दिइनेछ।

१५०. अनुत्पादक क्षेत्रमा खर्च कटौती गरी उत्पादन वृद्धि, आय आर्जन वृद्धि र थप रोजगारी सिर्जनामा सघाउ पुऱ्याउने कार्यक्रमहरूलाई प्रोत्साहन गरिनेछ।

१५१. नगर क्षेत्र भित्रका सडक तथा बेवारिसे बालबालिकाहरू र दुर्व्यसनीमा फसेका बालबालिकाहरूको पहिचान गरी उनीहरूको पुनर्स्थापना सम्बन्धी कार्यक्रम अगाडि बढाइनेछ। स्थानीय प्रहरीसँगको सहकार्यमा लागू पदार्थ दुर्व्यसन नियन्त्रणको लागि कार्यक्रम सञ्चालन गरिनेछ।

१५२. बालबालिका बिरूद्ध हुने शारीरिक तथा मानसिक हिंसा तथा दुर्व्यवहारको अन्त्य गर्दै उनीहरूको सामाजिक, राजनीतिक, आर्थिक तथा न्यायिक हकहित सुनिश्चित गर्न आवश्यक कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ।

१५३. सामाजिक सुरक्षा र पञ्जीकरण सम्बन्धी कार्यलाई नतिजामूलक, व्यवस्थित र प्रभावकारी बनाउन घुम्ती शिविर तथा सामाजिक सुरक्षा दर्ता सुदृढीकरण कार्यक्रम सञ्चालन गरिनेछ। सामाजिक सुरक्षा भत्ता बैङ्किङ प्रणाली मार्फत वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१५४. आदिबासी, जनजाती, मुस्लिम, दलित, अल्पसंख्याक वर्गहरूको क्षमता अभिवृद्धि गर्न उनीहरूको भाषा, धर्म, लिपि, कला, पेसा एवम् संस्कृति संरक्षण र सम्बर्द्धनमा जोड दिइनेछ।

१५५. विपन्न समूदायको आधारभूत स्वास्थ्य सेवामा सहज पहुँच सुनिश्चित गरी स्वस्थ नागरिक तयार गर्न गन्धर्व र बादी समूदायलाई लक्षित गरी निशुल्क स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरिनेछ।

## ग) पूर्वाधार विकासः

१५६. सन्धिखर्क र चुत्रावेशी बजार क्षेत्रका मूख्य सडकरूको सौन्दर्यीकरण र स्तरोन्नति गरी अस्फाल्ट प्रविधिको प्रयोग मार्फत कालोपत्रे गर्ने कार्य शुरू गरिनेछ।

१५७. संघीय समपूरक अनुदान र सन्धिखर्क नगरपालिकाको लागत साझेदारीमा निर्माणाधीन बेहोरे-कुर-पल्लाबारी-दुवार-गच्छे सडक कालोपत्रे गर्ने कार्य आगामी आर्थिक वर्षभित्रै सम्पन्न गरिनेछ।

१५८. २ वर्षमा सम्पन्न हुने गरी संघीय समपूरक अनुदान र सन्धिखर्क नगरपालिकाको लागत साझेदारीमा वडा नं. ५, ६, ७, ८ र १२ मा वडा कार्यालयको प्रशासकीय भवन निर्माणको लागि आगामी आर्थिक वर्षको शुरूबाटै ठेक्का व्यवस्थापनको प्रक्रिया अगाडि बढाईनेछ।

१५९. चुत्रावेशी-भक्तिटोला-धरमपानी-अर्घा मैदान सडकलाई धार्मिक तथा पर्यटकीय सडकको रूपमा विकास गरी बाँकी निर्माण कार्य सम्पन्न गर्न र विगतको दायित्व समेत फरफारक गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

१६०. लुम्बिनी प्रदेशबाट प्राप्त समपुरक अनुदान र नगरपालिकाको लागत साझेदारीमा निर्माणाधीन गंगासरोवर क्षेत्रको जैविक विविधता तथा प्राकृतिक श्रोत संरक्षण, ऐतिहासिक तथा पुरातात्त्विक स्थानको रुपमा परिचित मथुरा स्थित जंग बहादुर राणा जन्मेको मथुरावेसी पौवा संरक्षण तथा पहुँच मार्ग निमार्ण, प्राकृतिक सम्पदाको रुपमा रहेको वडा नं ११ स्थित रक गार्डेन संरक्षण, सुपादेउराली मन्दिर परिसरमा जेष्ठ नागरिक आवास गृह तथा धर्मशाला निमार्ण, निर्मल ज्योति सुस्तमनस्थिति विद्यालय भवन निर्माण, ऐतिहासिक चौविसे राज्य अन्तर्गतको खाँची दरबार पुनःनिर्माण तथा पहुँचमार्ग निर्माण, सहिद सरला मार्ग ग्रामिण सडक स्तरोन्नति र रिठेखोला-माझहटिया-जरेखोला ग्रामिण सडक स्तरोन्नति गरी कुल ८ वटा परियोजनालाई तोकिएको समयमै सम्पन्न गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

१६१. सन्धिखर्क नगरपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक, धार्मिक तथा सार्वजनिक महत्वका सुपादेउराली मन्दिर परिसर, शान्ती बगैचा, बसपार्क, अस्पताल, चुत्रावेसी र अर्घा भगवती मन्दिर परिसरमा सौन्दर्यीकरण र शान्ति सुरक्षा प्रयोजनार्थ **High Mast System Light** जडान गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

१६२. स्थानीय सडकहरूको निर्माण, स्तरोन्नति, कालोपत्रे र पुनर्निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ। संघ तथा प्रदेश सरकार सँगको समन्वय र सहकार्यमा निर्माण भैरहेका सडकहरूलाई उच्च प्राथमिकताका साथ सम्पन्न गरिनेछ। वडा केन्द्र जोड्ने कालोपत्रे हुन बाँकी सडकहरूलाई शीघ्र कालोपत्रे गर्ने सम्बन्धमा आवश्यक पहल गरिनेछ।

१६३. नगरक्षेत्र भित्रका सडकहरू तथा नगरपालिका र अन्य स्थानीय तह जोड्ने मूल सडकहरूको स्तरोन्नति तथा विकास गर्दै सडक सुविधालाई विस्तार गरिनेछ।

१६४. नगरपालिकाको मुख्य बजार क्षेत्रमा नाली तथा ढल निकास सहितको फुटपाथ निर्माणलाई संघ तथा प्रदेश सरकारसँगको समन्वयमा निरन्तरता दिइनेछ। निर्मित सडक, पूल तथा कल्भर्टहरूको मर्मतसम्भार र स्तरोन्नति गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

१६५. नगरपालिका क्षेत्रभित्र भवन तथा सडक निर्माण गर्दा सहरी विकास तथा भवन निर्माण मापदण्ड र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको भवन निर्माण सम्बन्धी

व्यवस्था तथा स्वीकृत नगर यातायात गुरूयोजना (**MTMP**) मा तोकिएको मापदण्डको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ।

१६६. नगरपालिकाको वडा नं. १ र वडा नं. २ का बाँगी खोला, घोंचे खोला र भद्री खोला आसपासका क्षेत्रलाई समेटेर "सन्धिखर्क नदी करिडोर" को रूपमा विकास गरिनेछ।

१६७. १६७. खरिद प्रकृयालाई बढी प्रतिस्पर्धात्मक बनाउन नगरपालिकाले कार्यान्वयन गर्ने रू १० लाख भन्दा माथिका सम्पूर्ण योजनाहरूको विद्युतीय खरिद पोर्टल (e-GP) मार्फत ठेक्का व्यवस्थापन गरिनेछ ।

१६८. छनौट भै कार्यान्वयनमा रहेका नगरस्तरीय गौरवका आयोजना उच्च प्राथमिकताका साथ सम्पन्न गरिनेछ। साथै बहुवर्षीय योजनाहरू तोकिएको समय भित्रै सम्पन्न गर्ने गरी श्रोत सुनिश्चित गरिनेछ।

१६९. स्थानीय पूर्वाधार विभागसँगको समन्वयमा नगरपालिका भित्रका अत्यावश्यक ठाउँहरूमा झोलुंगे पूल निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ। साथै झोलुंगे पूल निर्माण कार्यमा स्थानीय उपभोक्ताहरूलाई परिचालन गरिनेछ।

१७०. वातावरणीय हिसाबले उपयुक्त नदेखिएका स्थानहरूमा नयाँ सडक खन्ने तथा सामान्य अवस्थामा सडकको नयाँ ट्रयाक खोल्ने कार्यलाई निरूत्साहित गरिनेछ।

१७१. सन्धिखर्क नगरपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा परियोजना बैंक (**Projett Bank**) अनुसार नगरस्तरीय तथा वडास्तरीय योजना छनौट गरिनेछ। वडा भेलाबाट सिफारिस प्राप्त ठूला प्रकृतिका योजनाहरूलाई संघ सरकार, प्रदेश सरकार, निजी क्षेत्र र गैर सरकारी संघ संस्था सँगको समन्वय तथा सहयोगमा कार्यान्वयनको लागि पहल गरिनेछ।

१७२. स्थानीय श्रम, सीप, श्रोत र प्रविधिको अत्यधिक प्रयोग हुने योजनालाई प्राथमिकतामा राखिनेछ। रोजगार सूचना केन्द्रमा सूचिकृत भएका श्रमिकहरूलाई प्रधानमन्त्री रोजगार कार्यक्रम र सहरी शासकीय तथा पूर्वाधार आयोजनामार्फत तोकिएको श्रममूलक योजनामा परिचालन गरी पूर्वाधार निर्माणको माध्यमबाट रोजगारी सिर्जना गरिनेछ। यस किसिमका श्रमिकहरूलाई काममा लगाउन निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरूलाई समेत निर्देशन दिइनेछ।

१७३. नगरपालिकाले सञ्चालन गर्ने योजनाहरूको दिगोपना तथा नागरिक अपनत्व वृद्धि गर्ने कार्यका लागि पूर्वाधार विकासमा जनपरिचालन तथा जनसहभागितामा आधारित कार्यक्रमलाई प्रोत्साहन गरिनेछ। श्रममूलक प्रकृतिका सडक तथा अन्य पूर्वाधार निर्माणका आयोजनाहरू उपभोक्ता समिति मार्फत सञ्चालन गर्न जोड दिइनेछ तर उपभोक्ता समिति आफैले कार्यान्वयन गर्ने गरी सम्झौता गरेका योजनाहरू ठेक्कामा दिन रोक लगाइनेछ।

१७४. सार्वजनिक खरिद ऐन तथा नियमावलीले गरेको व्यवस्था बमोजिम दक्ष जनशक्ति र विशिष्ट प्रकृतिका उपकरण, मेशिन र औजार आवश्यक पर्ने प्राविधिक किसिमका योजनाहरू जस्तै ट्रान्सफर्मर खरिद, सडक कालोपत्रे, भवन निर्माण कार्य उपभोक्ता समिति मार्फत नगराइने व्यवस्था कडाईका साथ कार्यान्वयन गरिनेछ।

१७५. सबै वडा कार्यालयहरूलाई तोकिएको समयमा नै योजना सम्पन्न गर्न प्रोत्साहित गरी नगर सभाबाट स्वीकृत समयसीमाभित्र योजना सम्पन्न गर्ने वडा कार्यालयहरूलाई प्रोत्साहन योजनाको लागि बजेटको व्यवस्था गरिनेछ। कार्ययोजना तथा समयसीमा नाघी सम्झौताको लागि पेस हुने योजनाहरूको सम्झौता गरिने छैन।

१७६. नगर क्षेत्रभित्र बन्ने घरहरूमा एकरूपता कायम गरी सहरी सौन्दर्य कायम गर्न नगरपालिकाले तोकेको निश्चित क्षेत्रफलमा निर्माण गरिने घरहरूको घर नक्सा डिजाइन नगरपालिकाबाट निशुल्क गरिने व्यवस्था मिलाइनेछ।

१७७. भूमिको बनोट, बिशेषता र उपयोगिताको आधारमा भू-उपयोग गर्ने कार्यलाई प्राथमिकता दिइनेछ। कृषियोग्य जमिनमा जग्गा खण्डीकरण र बस्ती विकास गर्ने कार्यलाई निरूत्साहित गरिनेछ। भूकम्प प्रतिरोधी घर निर्माणको लागि सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

१७८. नगर क्षेत्रभित्रका ऐलानी, पर्ती तथा सार्वजनिक जग्गाहरूको खोजी गरी संरक्षण गरिनेछ। सार्वजनिक जग्गाहरूको व्यवस्थित अभिलेख राखी अतिक्रमण गर्ने कार्यलाई पूर्णरूपमा निषेध गरिनेछ।

१७९. सन्धिखर्क नगरपालिका र राष्ट्रिय भूमी आयोगसँग भएको सम्झौता बमोजिम नगरपालिका क्षेत्रभित्रका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित

बसोबासीको लगत संकलन, घरजग्गा नाँपजाँच, नक्सा श्रेस्ता तयार गरी जग्गाधनी प्रमाणपुर्जा वितरणको व्यवस्था मिलाईनेछ।

१८०. नगर क्षेत्रभित्र घना बस्ती भएका स्थानहरूमा तटबन्धन लगायतका विकल्प प्रयोग गरी बस्ती सुरक्षित गरिनेछ। प्राकृतिक प्रकोप तथा अन्य जोखिमयुक्त बस्तीहरूको सुरक्षा तथा स्थानान्तरणका लागि कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ। सुरक्षित नागरिक आवास कार्यक्रम मार्फत खरको छानो बिस्थापित गरी टिनको छानो लगाउने कार्यलाई निरन्तरता दिइनेछ।

१८१. बसपार्क क्षेत्रमा रहेको हाटबजारको वैकल्पिक स्थान खोजी स्थानान्तरण गर्दै संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा बसपार्कको स्तरोन्नति गरिनेछ। नगर क्षेत्र भित्रको अव्यवस्थित पार्किङ्ग समस्यालाई कार्ययोजना बनाई समाधान गरिनेछ।

१८२. बजार क्षेत्रभित्र नगरपालिकाको स्वीकृति नलिई सार्वजनिक स्थानमा व्यापार व्यवसाय गर्ने कार्यमा रोक लगाईनेछ भने सडकको क्षेत्र तथा सडक पेटीमा सामान राखी व्यापार व्यवसाय गर्ने कार्यलाई निरूत्साहित गरिनेछ।

१८३. बजार क्षेत्रभित्रको सवारी चापलाई ध्यानमा राखी सवारी व्यवस्थापन गर्न आवश्यक स्थानमा ट्राफिक पोस्ट, बस बिसौनी, प्रतिक्षालय, सवारी पार्किङ्ग, जेब्रा क्रसिङ्ग र पैदल मार्गको उपयुक्त ढंगले व्यवस्थापन गरिनेछ। सडक दुर्घटनाको जोखिम बढी भएका स्थानहरूमा उपयुक्त ट्राफिक संकेत तथा चिन्हहरू राखिनेछ। बजार क्षेत्र भित्र रहेका विद्युत, टेलिफोन, केबुल, इन्टरनेटको लागि प्रयोग भएका तारहरूलाई व्यवस्थित गर्ने व्यवस्था मिलाईनेछ।

१८४. नगरभित्रका निर्माणाधीन खानेपानी आयोजनाहरू सम्पन्न गर्न आवश्यक पहल गरिनेछ। खानेपानीको शुद्धता परीक्षण गरी आपूर्ति व्यवस्थापनलाई सहज बनाउन एक घर एक मिटर जडान गर्न आवश्यक प्रबन्ध गरिनेछ।

१८५. नगरभित्र खानेपानीको उपलब्धता सहज बनाउन सञ्चालनमा रहेका खानेपानी योजनाहरूको नियमित मर्मत सम्भार गरिनेछ। नेपाल सरकारले तोकेको दिगो विकासको लक्ष्य अनुसार सन् २०२५ सम्ममा सबै जनसंख्यालाई आधारभूत

गुणस्तरीय खानेपानीको सुविधा पुर्‍याउन १ घर १ धाराको अवधारणा अनुसार नयाँ खानेपानी योजनाहरूको सम्भाव्यता अध्ययन गरी कार्यान्वयन गरिनेछ।

१८६. हाल सञ्चालनमा रहेका सामुदायिक लिफ्टिङ्ग खानेपानी योजनाहरूको विद्युत महशुलको ५० प्रतिशत रकम नगरपालिकाबाट भुक्तानी गर्ने व्यवस्था गरिनेछ। यसबाट खानेपानीको महशुल कम भई आम उपभोक्ताहरू लाभान्वित हुनेछन।

१८७. खेतियोग्य जमिनमा सिंचाई सुविधा पुर्‍याउने कार्यलाई प्राथमिकतामा राख्दै निर्मित सिंचाई संरचनाहरूको मर्मत सम्भार गरी सञ्चालनमा ल्याइनेछ।

१८८. खोलानाला, पानीको मूल तथा श्रोतबाट सिंचाई सुविधा पुर्‍याउन नसकिने ठाउँहरूमा सिंचाई पोखरी तथा रिचार्ज पोखरी निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ। यसका अतिरिक्त उच्च पहाडी क्षेत्रमा पानीको मुल संरक्षण र सिंचाईको समस्यालाई समाधान गर्न घरको बलेनीको पानीलाई भूमीगत ट्याङ्की निर्माण गरी संकलन गरी राख्ने सम्बन्धमा आवश्यक प्रबन्ध गर्न संघीय र प्रदेश सरकारसँग समन्वय गरिनेछ।

१८९. कृषि कार्यक्रम मार्फत साना सिंचाई र थोपा सिंचाईका लागि अनुदान दिइनेछ। ठुला सिंचाई आयोजनाहरू निर्माणको लागि संघ तथा प्रदेश सरकारसँग पहल गरिनेछ।

१९०. ग्रामिण विद्युतीकरण कार्यक्रम मार्फत नगरपालिका क्षेत्रभित्र हालसम्म विद्युत सेवा नपुगेका स्थानहरूमा विद्युत सेवा विस्तारका लागि आवश्यक पहल गरिनेछ। एल. पी. जि. ग्यासको सट्टा विद्युतीय चुलो प्रयोगमा जोड दिइनेछ।

१९१. बजार क्षेत्रमा नाङ्गो तार विस्थापित गरी इन्सुलेटर जडित कालो तार जडान गर्ने कार्यमा आवश्यक समन्वय गरिनेछ। नगर क्षेत्रभित्र नयाँ पूर्वाधार निर्माण गर्दा जमिन मुनिबाट विद्युतीय तार व्यवस्थापन गर्नुपर्ने व्यवस्था सम्बन्धित निकायसँग समन्वय गरी अगाडि बढाइनेछ।

१९२. नगर क्षेत्रभित्रका रणनैतिक स्थानहरूमा जोडिएका सिसिटिभी क्यामेराहरूलाई सडक सुरक्षा, दुर्घटना नियन्त्रण, अपराध नियन्त्रण तथा विपद् व्यवस्थापनको लागि एकीकृत रूपमा प्रयोग गरिनेछ।

१९३. वैकल्पिक तथा नवीकरणीय उर्जाको प्रयोगमा जोड दिइनेछ। सुधारिएको चुलो, सौर्य उर्जा प्रविधि तथा बायोग्यास जडान गर्न प्रोत्साहन गरिनेछ। यसका लागि वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसँग समन्वय गरिनेछ।

१९४. नगरपालिकाका विभिन्न स्थानहरूमा जोडिएका विद्युतीय सडक बत्तीहरूको नियमित मर्मत सम्भार र नयाँ स्थानको पहिचान गरी थप सडक बत्ती जडान गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरी **उज्यालो सन्धिखर्क** अभियानलाई निरन्तरता दिइनेछ।

१९५. सुपादेउराली मन्दिरदेखि नरपानी क्षेत्रसम्म हाल रहेको सडकबाट ट्राफिक व्यवस्थापनमा कठिनाई भएको सन्दर्भमा सुपादेउराली बजारलाई पार्किङ क्षेत्र सहित व्यवस्थित गर्न तथा आन्तरिक आयको दायरा समेत बिस्तार गर्न सडकको किनारी भागमा संघ, प्रदेश, निजी क्षेत्र र नगरपालिकाको लागत साझेदारीमा स्थायी संरचना निर्माण गर्न आवश्यक पहल गरिनेछ।

## घ) वन, वातावरण तथा विपद् व्यवस्थापनः

१९६. प्रत्येक विद्यालय परिसर, वडा कार्यालय परिसर, सडक किनार र खाली सार्वजनिक स्थानहरूमा वृक्षारोपण गरिनेछ। प्रत्येक टोल विकास समितिलाई आफ्नो टोल वरपर कम्तिमा ५० बिरूवा रोप्ने कार्यको लागि प्रोत्साहन गरिनेछ।

१९७. सन्धिखर्क नगरपालिकाको वन ऐन, २०७८ बमोजिम वन र जैविक विविधता संरक्षण गर्न सामुदायिक वनहरूमा डढेलो नियन्त्रण कार्यलाई प्रभावकारी बनाउने कार्यक्रमहरू सञ्चालन गरिनेछ। नगर क्षेत्रभित्रका सामुदायिक वनले आर्जन गर्ने आम्दानीको १०% नगरपालिकाको कोषमा जम्मा गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

१९८. सन्धिखर्क नगरपालिकाको वडा नं १ मा अवस्थित लदाम बगैचालाई मनोरन्जन पार्कको रूपमा विकास गर्दै लगिनेछ। नगर भित्रका खुला क्षेत्र, चौपारी, सडक र पोखरी, उद्यानहरूको सौन्दर्यीकरण गरिनेछ।

१९९. पर्याप्त जमिन नहुने सहरी क्षेत्रहरूमा छत खेति, करेशा खेति तथा कौशी खेतीलाई प्रोत्साहन गरिनेछ।

२००. नगरक्षेत्र भित्र उत्सर्जन हुने फोहरलाई श्रोतमै वर्गीकरण पश्चात मात्रै संकलन तथा व्यवस्थापन गर्ने कार्यलाई कडाईका कार्यान्वयन गरिनेछ। हाल प्रयोगमा रहेको डम्पिङ्ग साइटलाई फोहरमैला व्यवस्थापन स्रोतकेन्द्रको रूपमा विकास गर्दै लगिनेछ। कुहिने फोहरबाट जैविक मल बनाउन र नकुहिने फोहरलाई प्रशोधन गर्न आवश्यक उपकरण जडान गर्न आवश्यक व्यवस्था मिलाई अस्पतालजन्य, औद्योगिक र रासायनिक फोहर सम्बन्धित उत्सर्जनकर्ताले नै व्यवस्थापन गर्नुपर्ने नीतिलाई कडाईका साथ परिपालना गराइनेछ।

२०१. धार्मिक तथा पर्यटकीय स्थलको रूपमा रहेको प्रसिद्ध सुपादेउराली मन्दिर र नरपानी बजार क्षेत्रमा उत्सर्जन हुने फोहरमैला व्यवस्थापन गर्न आवश्यक प्रबन्ध मिलाइनेछ।

२०२. सडक, नाली तथा सार्वजनिक स्थानहरूमा फालिने फोहर न्यूनीकरणका लागि प्रत्येक वडामा अनुगमन समिति गठन गरी क्रियाशील बनाई नियमन गर्ने व्यवस्था मिलाइनेछ।

२०३. नगर क्षेत्र भित्रका विपद् संवेदनशील स्थानहरूको पहिचान र नक्सांकन गरी सोहि आधारमा विपद् व्यवस्थापनका कार्यक्रमहरू अगाडि बढाउन नगरको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ।

२०४. सन्धिखर्क नगरपालिकाको स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र (**local level Emergency Operation Center llEOC**) मा विपद्को समयमा आवश्यक पर्ने अत्यावश्यक सामग्रीहरूको प्रबन्ध गरिनेछ। साथै यस मार्फत समय समयमा विपद् व्यवस्थापन सम्बन्धी तालिम तथा अभ्यासहरू सञ्चालन गरिनेछ।

२०५. सन्धिखर्क नगरपालिकाको बारूण यन्त्रले जिल्लाभर सेवा पुऱ्याउँदै आएको सन्दर्भमा बारूणयन्त्र सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन थप Fire Fighters (फायर फाइटर्स) को व्यवस्था गरिनेछ। साथै बारूणयन्त्र सेवालाई हेलो सन्धिखर्क सेवासँग आबद्ध गरिनेछ।

२०६. १२ वटै वडाहरूमा विपद् व्यवस्थापनको लागि आवश्यक पर्ने सेल्टरहरूको पहिचान गरी विपद्को समयमा प्रयोग गर्न सक्ने किसिमले व्यवस्थापन गरिनेछ। साथै

विपद्को समयमा शीघ्र प्रतिक्रिया गर्नको लागि प्रत्येक वडामा **"Quick Response Team (QRT)"** को गठन गरिनेछ।

२०७. प्रकोप पीडितहरूको लागि तत्काल राहतको व्यवस्था गरिनेछ। विपद् जोखिम न्यूनीकरण तथा पूर्व सूचना प्रणालीको लागि जिल्ला स्थित अन्य सरकारी कार्यालयहरूसँग समन्वय तथा सहकार्य गरिनेछ।

२०८. खोला र पहिरोको जोखिम क्षेत्रको पहिचान र नक्सांकन गर्दै जोखिम नियन्त्रणको लागि आवश्यक पहल गरिनेछ। साथै संघीय र प्रदेश सरकारसँगको समन्वय र सहलगानीमा नगर क्षेत्रभित्रका विपद्को जोखिममा रहेका बस्तीहरूको स्थानान्तरणको कार्य अगाडि बढाईनेछ।

२०९. ढुंगा, गिट्टी, बालुवाको उत्खनन् कार्यलाई व्यवस्थित र वातावरणमैत्री बनाई प्राकृतिक श्रोतको अनियमित दोहनको रोकथाम गरिनेछ। नदीजन्य पदार्थको उत्खनन् तथा संकलनबाट प्राप्त राजस्वको निश्चित प्रतिशत रकम सम्बन्धित क्षेत्रको नदी नियन्त्रण तथा भू-क्षय नियन्त्रणको लागि विनियोजन गर्ने व्यवस्था मिलाइनेछ।

२१०. सन्धिखर्क नगरपालिकाभित्रका पाखा पखेरा तथा सडक किनारमा यत्रतत्र रहेका, पहिरोबाट झरेका, आवादी जग्गालाई खेतीयोग्य बनाउँदा तथा घडेरी सम्याउँदा निस्कने ढुंगा गिट्टीको समुचित उपयोग गर्न प्रदेश कानुनमा तोकिएको शुल्क लिई सार्वजनिक तथा निजी निर्माण कार्यलाई थप सरलीकृत गर्दै लगिनेछ।

२११. आधुनिक प्रविधियुक्त एकीकृत वन नर्सरी स्थापना गर्ने तर्फ आवश्यक प्रकृया अबलम्बन गरिनेछ। सामुदायिक वनलाई उद्यमशीलता प्रवर्द्धन केन्द्रको रूपमा विकास गरिनेछ। युवाहरूलाई स्थानीय जडिबुटी खेतीमा संलग्न हुन अभिप्रेरित गरिनेछ।

२१२. नगर क्षेत्र भित्रका सार्वजनिक पार्कहरूलाई क्रमशः शारीरिक व्यायामशाला तथा मनोरन्जनको पार्कको रूपमा विकास गर्दै लगिनेछ।

२१३. नगर क्षेत्रमा बसोबास गर्ने नागरिकले आफ्नो छिकेकीको घर, गोठ तथा खेतीबालीलाई असर पुऱ्याउने गरी गरेको वा असर पुग्न सक्ने संभावित ठाउँमा

रहेको रूख, विरूवा हटाउने/हटाउन लगाउने नीति अबलम्बन गरी कार्यान्वयनमा लगिनेछ।

ङ) **सुशासन तथा संस्थागत विकासः**

२१४. नगरपालिकाबाट प्रदान गरिने सेवालाई सर्वसुलभ, छरितो र प्रविधिमैत्री बनाईनेछ। सेवा प्रवाहमा संलग्न जनप्रतिनिधि तथा कर्मचारीहरूलाई नागरिकप्रति उत्तरदायी बनाउन सेवाग्राहीको पृष्ठपोषण लिने पद्धतिलाई संस्थागत गर्दै नागरिकबाट प्राप्त गुनासोको तत्काल समाधान गर्ने व्यवस्था मिलाईनेछ।

२१५. सूचना प्रविधिमा आधारित सेवा प्रवाहलाई संस्थागत गर्दै नगरपालिकाले प्रयोगमा ल्याएको डिजिटल घर नक्सा पास तथा अभिलेखीकरण प्रणाली, विद्युतीय भुक्तानी प्रणाली, विद्युतीय दर्ता चलानी प्रणाली र विद्युतीय हाजिरी व्यवस्थापन प्रणालीको सेवा प्रवाहमा भरपुर प्रयोग गरिनेछ।

२१६. संगठन तथा व्यवस्थापन सर्भेक्षणका आधारमा नगर कार्यपालिका र अन्तर्गतका कार्यालयहरूमा कायम सङ्गठन संरचना र दरबन्दीका आधारमा नगरपालिकाले प्रवाह गर्ने सेवालाई सरल, सहज, गुनासोरहित र नागरिकमैत्री बनाईनेछ। कार्यचाप तथा नयाँ जिम्मेवारीका आधारमा दरबन्दी संरचनालाई थपघट गरिनेछ। पदपूर्ति हुन बाँकी पदहरूमा तत्काल पदपूर्ति गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

२१७. नगरपालिकाले प्रदान गर्ने सेवाको प्रारूप निर्धारण देखि सेवाको वितरण सम्ममा अधिकाधिक नागरिक संलग्नताको व्यवस्था गरिनेछ। नगरपालिकाका मुख्य कार्यहरू **(Core Functions)** बाहेकका अन्य सहायक कार्यहरू **(Auxiliary Functions)** निजी क्षेत्र, सहकारी संस्था, गैरसरकारी संस्था, सामुदायिक संस्था तथा यस्तै प्रकृतिका अन्य गैर नाफामूलक संस्थामार्फत सम्पादन गर्ने कार्यको थालनी गरिनेछ।

२१८. सन्धिखर्क नगरको विशेषता झल्किने लोगो निर्माणको लागि खुल्ला प्रतिष्पर्धा मार्फत उत्कृष्ट लोगो छनौट गरी प्रयोगमा ल्याइनेछ।

२१९. नगरपालिकामा कार्यरत कर्मचारीलाई जिम्मेवार, कर्तव्यनिष्ठ र उत्तरदायी बनाई कार्यसम्पादनलाई नतिजामूखी बनाउन साउन मसान्तभित्र परिमाणात्मक तथा मापनयोग्य सूचक सहित नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृत र वडाध्यक्षसँग

तथा प्रमुख प्रशासकीय अधिकृतले विषयगत शाखा प्रमुख र वडा सचिवसँग कार्यसम्पादन सम्झौता गर्ने व्यवस्था मिलाईनेछ।

२२०. सार्वजनिक निकायहरूले नगरपालिका क्षेत्रभित्र भवन निर्माण गर्दा अनिवार्य रूपमा नगरपालिकामा नक्सा पास गराई भवन निर्माण गर्नुपर्ने व्यवस्था गरी कडाईका साथ कार्यान्वयन गरिनेछ।

२२१. नगरपालिका क्षेत्रभित्र तारे होटल तथा स्वदेशी कच्चा पदार्थमा आधारित उद्योग सञ्चालन गर्न आउने लगानीकर्तालाई नक्सा पास दस्तुरमा ५० प्रतिशत छुट दिने सम्बन्धमा आवश्यक व्यवस्था मिलाइनेछ।

२२२. सन्धिखर्क नगरपालिका क्षेत्रभित्र निषेध गरिएका सार्वजनिक सडक तथा फुटपाथमा सवारी साधन पार्किङ वा व्यापार वा फोहरमैला गर्ने तथा प्रचलित कानुन विपरित कार्य गर्नेलाई नियमानुसार दण्ड जरिवाना गर्ने व्यवस्थालाई कडाईका साथ कार्यान्वयनमा ल्याइनेछ।

२२३. नगरपालिकाबाट सम्पादन गरिने कार्य, प्रदान गरिने सेवा तथा स्वीकृत कार्यक्रम बमोजिमको क्रियाकलाप मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र जोखिमरहित ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न तयार गरिएको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी कार्यान्वयन गरिनेछ।

२२४. सन्धिखर्क नगरपालिका र लुम्बिनी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबीच नवप्रवर्तन साझेदारी कोष अन्तर्गत 'ग्रीन स्मार्ट सन्धिखर्क सिटी' परियोजना कार्यान्वयनको लागि भएको सम्झौता अनुरूप नगर तथ्यांक संकलन, नगर सिस्टम विकास तथा सिसिटिभी जडानको कार्य अन्तिम चरणमा पुगेको सन्दर्भमा सम्पन्न हुन बाँकी कामलाई समयमै सम्पन्न गरी यसको निरन्तरता र दिगोपनाको लागि आवश्यक व्यवस्था मिलाईनेछ।

२२५. राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास पद्दति, सेवा प्रवाह र शासन प्रणालीको अनुभव आदान प्रदान गर्न तथा सहकार्य प्रवर्द्धन गर्न विभिन्न स्वदेशी तथा विदेशी स्थानीय सरकारहरूसँग भगिनी सम्बन्ध कायम गर्ने नीति अवलम्बन गरिनेछ।

२२६. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत अन्य संघीय तथा प्रादेशिक कानून प्रदत्त अधिकारहरूको प्रयोगको लागि आवश्यक ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डहरू तर्जुमा गरी लागू गरिनेछ।

२२७. विकास निर्माण र सेवा प्रवाहमा सहभागितामूलक व्यवस्थापन प्रणालीको अभ्यास गर्न टोल विकास संस्थाहरूको परिचालन गरिनेछ।

२२८. विपद् लगायत अन्य आपतकालीन परिस्थितिमा कार्यसम्पादनको प्रभावकारी व्यवस्था गर्न "लचक समय" (Flexi Time) को अवाधारणालाई अंगिकार गरिनेछ।

२२९. गैर सरकारी संस्थाहरूले सन्धिखर्क नगरपालिका भित्र सञ्चालन गर्ने कार्यक्रमहरू सन्धिखर्क नगरपालिकाको नगर सभाबाट पारित गरे पश्चात मात्र कार्यान्वयन गर्ने नीति लिइनेछ। साथै त्यस्ता संस्थाहरूलाई थप जिम्मेवार र उत्तरदायी बनाउन आवश्यक नियमन गरिनेछ। नगर क्षेत्रभित्र कार्यरत गैर सरकारी संस्थाहरूले सञ्चालन गर्ने कार्यक्रमहरूमा दोहोरोपना नहुने गरी समन्वयात्मक ढंगले सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

२३०. नगरपालिकाका विषयमा कलम चलाउने र नगरका गतिविधिलाई नियमित रूपमा नागरिक समक्ष पुऱ्याउने कार्यमा योगदान गर्ने लेखक, पत्रकार, संचारकर्मी तथा मिडियासँग आवश्यकता अनुसार सहकार्य गर्ने नीति लिईनेछ।

२३१. नगरपालिकामा सुशासन कायम गर्नको लागि पारदर्शिता, जवाफदेहिता, कार्य शीघ्रता, उत्तरदायित्व र सरल प्रशासनको अवधारणालाई आत्मसात गरिनेछ। नगरपालिकाले बनाएको जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीको आचार संहिता (Code of Conduct) को प्रभावकारी कार्यान्वयन गरिनेछ।

२३२. नगरपालिका अन्तर्गत सञ्चालित योजनाहरूको वस्तुनिष्ठ र मापनयोग्य सूचक बनाई निरन्तर अनुगमन गरिनेछ। अनुगमनमा कैफियत देखिएका योजनाहरूको तत्काल सुधार कार्य अघि बढाउन निर्देशन दिन सक्ने गरी अनुगमन समितिलाई अधिकार प्रदान गरिनेछ।

२३३. **"खर्चमा मितव्ययिता, शून्य बेरूजु हाम्रो प्रतिवद्धता"** भन्ने मन्त्रलाई हृदयंगम गरी विगतका आर्थिक बर्षहरूमा कायम हुन आएका बेरूजु फछ्र्यौटमा ठोस कदम अगाडि बढाइनेछ।

२३४. मानव पुँजीको उचीत व्यवस्थापनको लागि नगरपालिकाभित्र कार्यरत जनशक्तिको क्षमता विकासमा जोड दिइनेछ। यस कार्यको लागि प्रदेश र संघीय स्तरमा मानब पुँजी व्यवस्थापनमा क्रियाशील संस्थाहरू सँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

२३५. भ्रष्टाचार प्रति शुन्य सहनशिलताको नीति अनुरूप भ्रष्टाचारजन्य क्रियाकलाप बिरूद्ध निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक रणनीति निर्माण गरी लागू गरिनेछ।

२३६. नगरपालिकाको नीति, निर्णय, योजना तथा कार्यक्रम कार्यान्वयनमा वेवास्ता तथा अवरोध गर्ने व्यक्ति, संस्था वा निकायहरूलाई विषयवस्तुको गाम्भिर्यता यकिन गरी नगरपालिका वा अन्तर्गतका कार्यालयहरूबाट उपलब्ध गराईने सेवाबाट वञ्चित गर्न सकिनेछ।

२३७. नगरपालिकाले प्रवाह गर्ने सेवालाई सहज र नागरिकमैत्री बनाउन आवश्यकता अनुसार सबै वडाहरूमा घुम्ती सेवा सञ्चालन गरिनेछ।

२३८. नगरपालिकाले प्रवाह गर्ने र गरेका सेवा तथा क्रियाकलापहरूका सन्दर्भमा आन्तरिक र बाह्य सरोकारवालालाई पर्याप्त जानकारी प्रदान गर्न प्रत्येक चौमासिकमा कम्तिमा एक पटक सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिनेछ।

२३९. कार्यालयबाट प्रवाह हुने सेवा सम्बन्धी मापदण्ड (SOP) तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

२४०. अन्तर स्थानीय तह सहकार्य र समन्वयका क्षेत्रहरू पहिचान गरी साझा सरोकारका बिषयहरूमा सहकार्य र समन्वय गर्न नीति तथा संरचना निर्माणको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।

२४१. सन्धिखर्क नगरपालिकासँग सिमाना जोडिएका स्थानीय तहहरूसँग साझा सरोकारका बिषयमा छलफल तथा अन्तरक्रिया गर्न संयुक्त समिति गठन गरी क्रियाशील बनाईनेछ।

२४२. नगर क्षेत्रभित्रका ८०% भन्दा बढी घरधुरीलाई टोल विकास संस्थामा आबद्ध गराइनेछ। साथै वातावरण संरक्षणका ५०% भन्दा बढी कार्यक्रम टोल विकास संस्था, नागरिक तथा निजी क्षेत्र र गैर सरकारी संस्थाको सहभागितामा सञ्चालन गरिनेछ।

२४३. नगरपालिकाबाट प्रदान गरिने सबै प्रकारका सेवा, त्यस्तो सेवा प्रदान गर्दा लाग्ने सेवा शुल्क, सेवा प्रदान गर्ने जिम्मेवार शाखा एवम् पदाधिकारी र सेवा लिनका लागि आवश्यक पर्ने कागजात तथा समय समेत उल्लेख भएको विद्युतीय नागरिक वडापत्र तयार गरी क्रमशः नगरपालिका र अन्तर्गतका वडा कार्यालयहरूमा समेत बिस्तार गर्ने व्यवस्था मिलाईनेछ।

२४४. नगरपालिकाबाट नागरिकलाई प्रवाह गर्नुपर्ने सेवा सुविधाका सम्बन्धमा नियमित रूपमा बिषयगत समिति र कार्यपालिका बैठकमा छलफल गरी सेवा प्रवाह सुधारका सम्बन्धमा आवश्यक निर्णय लिई त्यसको प्रभावकारी कार्यान्वयन गरिनेछ।

२४५. दिगो विकासका लक्ष्यहरूको स्थानीयकरणका लागि स्पष्ट नीति तथा कार्ययोजना तर्जुमा गर्दै त्यसलाई वार्षिक योजनामा समाबेश गरी कार्यान्वयनको व्यवस्था मिलाईनेछ।

२४६. वडा कार्यालय, सामुदायिक विद्यालय र स्वास्थ्य संस्थाहरूबाट प्रवाह हुने सेवालाई पारदर्शी र उत्तरदायी बनाउन उल्लिखित कार्यालयहरूले समेत सूचना अधिकारी तोक्ने व्यवस्थालाई अनिवार्य बनाईनेछ।

२४७. नगरपालिकाले स्थापना गरी सञ्चालनमा ल्याएको खोज तथा विकास इकाईलाई सेवा प्रवाह, विकास निर्माण तथा नीति निर्माणमा देखिएका नवीनतम प्रवृत्तिहरूको अध्ययन, अनुसन्धान तथा विश्लेषण गरी सोहि अनुरूपको नीति र कार्ययोजना निर्माण गर्ने कार्यको लागि परिचालन गरिनेछ।

२४८. नगरपालिका अन्तर्गतका सम्पूर्ण वडा कार्यालयहरू र माध्यमिक तहका सामुदायिक विद्यालयहरूमा विद्युतीय हाजिरीको व्यवस्था गरिनेछ। सुरक्षाको हिसाबले उक्त स्थानहरूमा क्रमशः सिसिटिभी क्यामेरा जडान गरिनेछ।

२४९. नगर क्षेत्रभित्र कर संकलन, फोहरमैला व्यवस्थापन, नीति नियम तथा कानूनको परिपालना, अव्यवस्थित निर्माण व्यवस्थापन, कार्यपालिकाका निर्णयहरूको कार्यान्वयन जस्ता कार्यहरू सम्पादन गर्दै नगर क्षेत्रको सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउनको लागि नगर प्रहरीको व्यवस्था गरिनेछ।

२५०. नगरबासीको गुनासो शीघ्र सम्बोधन गर्ने कार्यको लागि नगर कार्यपालिकाको कार्यालयमा गुनासो व्यवस्थापन कक्ष स्थापन गरी 'हेलो सन्धिखर्क' कार्यक्रम सञ्चालन गरिनेछ। प्रत्येक त्रैमासिकमा नगरपालिकामा प्राप्त गुनासो र सो को फछ्र्यौटको अवस्था बारे सरोकारवालालाई जानकारी गराउने सम्बन्धमा आवश्यक व्यवस्था मिलाईने छ।

२५१. जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास र पुनर्ताजगी सम्बन्धी तालिम सञ्चालन गरिनेछ।

२५२. एकीकृत भू-उपयोग योजना, यातायात गुरूयोजना, वातावारण व्यवस्थापन योजना समेत समावेश भएको GIS Based Spatial Plan (भौगोलिक सूचना प्रणालीका आधारमा स्थानीय योजना) मा आधारित आवधिक विकास योजना तर्जुमा गरी सोहि आधारमा मध्यमकालीन खर्च संरचना सहितको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।

२५३. विभिन्न करणबाट व्यवसाय दर्ता तथा नवीकरण गरी नियमित हुन छुट भएका करदातालाई करको दयारामा आउनको लागि "कर सहभागिता कार्यक्रम" सञ्चालन गरिनेछ। घर जग्गा बहाल कर, व्यवसाय कर तथा अन्य कर, शुल्क, दस्तुर असुली प्रकृयालाई अनिवार्य र प्रभावकारी तुल्याउन टोल विकास संस्था, युवा क्लब, आमा समूह, सहकारी तथा निजी संस्थासँग सहकार्य गरिनेछ।

२५४. दिगो रूपमा आन्तरिक आयमा वृद्धि गरी नगरपालिकालाई आत्मनिर्भर बनाउन सम्भावित करका क्षेत्रहरू पहिचान गरी नियमित रूपमा सहज ढंगले असुलउपर हुने व्यवस्था गरिनेछ।

२५५. कर कानुनको पालनालाई जोड दिंदै स्थानीय स्तरमा कर छली तथा राजस्व चुहावट नियन्त्रण सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा गरी लागू गरिनेछ साथै यसको प्रभावकारी नियमनको व्यवस्था गरिनेछ।

२५६. **"तिरौं स्थानीय कर, बनाऔं नगरपालिकालाई आत्मनिर्भर"** भन्ने मान्यताका साथ स्थानीय जनतालाई स्वेच्छिक रूपमा कर तिर्ने वातावरण सिर्जना गर्न कर सप्ताह कार्यक्रम सञ्चालन गरिनेछ। नगर क्षेत्र भित्र कर सम्भाव्यता अध्ययन गरी करको नयाँ क्षेत्र पहिचान गर्दै करको दर परिवर्तन र दायरा विस्तार गरिनेछ। नगरपालिकाको कर प्रशासनलाई सरल र सहज बनाइनेछ।

२५७. नगरस्तरीय वा वडास्तरीय कुनै पनि योजना सम्झौता गर्नु पूर्व उपभोक्ता समितिका पदाधिकारीहरूलाई आफूले नगरपालिकालाई बुझाउनुपर्ने सम्पत्ति कर, व्यवसाय कर, बहाल कर चुक्ता गर्न अनिवार्य गरिनेछ।

२५८. न्यायिक समितिका पदाधिकारी र सुचीकृत मेलमिलापकर्ताहरूलाई क्षमता अभिवृद्धिका लागि तालिम तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।

**अन्त्यमा,**

आगामी आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, संचारकर्मी, निजी क्षेत्र, नागरिक समाजका व्यक्तित्वहरू, संघ संस्थाका प्रमुखहरू लगायत सम्पूर्ण सरोकारवाला महानुभावहरू प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

प्रस्तुत नीति तथा कार्यक्रमको पूर्ण कार्यान्वयनको लागि सम्पूर्ण नगरबासीहरू, संघ तथा प्रदेश सभाका माननीय सदस्यज्युहरू, नगरपालिकाका जनप्रतिनिधिहरू, निजी क्षेत्र, नागरिक समाज, बौद्धिक तथा प्रतिष्ठित व्यक्तित्व, कर्मचारी, सामुदायिक संघ संस्था, गैर सरकारी संघ संस्थाहरू, सहकारी संस्थाहरू र आम संचार जगतको सक्रिय साथ, सहयोग, समर्थन र सहभागिताको अपेक्षा गरेको छु। यसको सफल कार्यान्वयन, अनुगमन, मुल्याङ्कन र पृष्ठपोषणमा यहाँहरूको रचनात्मक सहयोग प्राप्त हुने कुरामा विश्वस्त छु। धन्यवाद !

मितिः २०८०/०३/१०

(कृष्ण प्रसाद श्रेष्ठ)
नगर प्रमुख

# ५. आ.व. २०८०/०८१ बार्षिक कार्यक्रम तथा बजेट

## सन्धिखर्क नगरपालिकाको आ.व.२०८०/८१ को लागि उपप्रमुख श्री मिश्रा आचार्यले नगरसभाको तेह्रौ अधिवेशनमा प्रस्तुत बार्षिक कार्यक्रम तथा बजेट वक्तव्य

आदरणीय सभाध्यक्षज्यू, नगरसभा सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू तथा सञ्चारकर्मी मित्रहरू,

१. सन्धिखर्क नगरपालिकाको नगर उपप्रमुख एवम् बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस सम्मानित नगरसभामा आर्थिक वर्ष २०८०।८१ को बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित महशुस गरेकी छु।

२. नेपाल सरकार र प्रदेश सरकारबाट वित्तीय हस्तान्तरणको रूपमा प्राप्त हुनुपर्ने वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान तथा राजस्व बाँडफाँटको पुरा रकम प्राप्त नहुँदा यसबाट चालु आर्थिक वर्ष २०७९।८० को लागि स्वीकृत योजना तथा कार्यक्रमको कार्यान्वयन चुनौतीपूर्ण बनेको र आगामी आर्थिक वर्षको लागि समेत माथिल्ला तहका सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरणको रकममा सङ्कुचन भएको र आन्तरिक आयका सम्भावित स्रोतहरू समेत न्यून रहेको परिस्थितिमा सन्धिखर्क नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्दैछु। यस अवसरमा म मुलुकको अग्रगामी परिवर्तन, प्रजातन्त्र र सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि इतिहासका विभिन्न काल खण्डमा भएका आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

३. यस गरिमामय नगरसभामा बजेट प्रस्तुत गरिरहँदा सन्धिखर्क नगरबासी नागरिकका आधारभूत आवश्यकताहरूको सम्बोधन गर्दै विकास र समृद्धिको आम आकांक्षालाई शीघ्र सम्बोधन गर्नुपर्ने गहन जिम्मेवारी बोध भएको छ। आजसम्म हाँसिल भएका उपलब्धिहरूलाई संस्थागत गर्न र नगरपालिकाको विकास र समृद्धिको यात्रालाई निरन्तरता दिने मार्गमा प्रस्तुत बजेटले महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिएकी छु। यस सम्बन्धमा सन्धिखर्क नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक

कर्मचारी, राजनीतिक दल, निजी क्षेत्र, सामाजिक संघ संस्था, सञ्चारकर्मी तथा आम नागरिकको प्रत्यक्ष एवम् परोक्ष सहयोग र ऐक्यबद्धता प्राप्त हुने कुरामा समेत म विश्वस्त छु।

४. आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा प्रचलित अन्य कानूनहरू, पन्ध्रौं योजना, दीगो विकास लक्ष्य तथा ११ औं नगरसभाबाट स्वीकृत नीति तथा कार्यक्रमलाई महत्वपूर्ण आधारको रूपमा लिएकी छु। यसका अतिरिक्त स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, राजश्व परामर्श समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समितिहरू, राजनीतिक दल, निजी क्षेत्र, सामाजिक संघ संस्था तथा विद्धत वर्ग एवम् पेशाविद्हरूबाट प्राप्त राय सुझाबहरूलाई समेत समावेश गरी बजेट तर्जुमा गरिएको छ।

**सभाध्यक्ष महोदय,**

अब म चालु आर्थिक वर्ष २०७९/८० को हाल सम्मको प्रगति प्रतिवेदन संक्षिप्त रूपमा सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

चालु आर्थिक वर्ष २०७९/८० मा **चालु खर्च तर्फ** रू. ४८ करोड ६७ लाख ५ हजार बजेट विनियोजन भएकोमा हालसम्म रू. ३४ करोड १७ लाख ९२ हजार अर्थात करिब ७० प्रतिशत खर्च भएको छ।

**त्यसैगरी पूँजीगत खर्च तर्फ** रू. ५४ करोड ६१ लाख ९७ हजार बजेट विनियोजन भएकोमा रू. ३५ करोड ८७ लाख ७ हजार अर्थात करिब ६६ प्रतिशत खर्च भएको छ।

**सामाजिक सुरक्षा र अन्तरसरकारी अख्तियारीतर्फ** रू. २० करोड १० लाख ७ हजार प्राप्त भएकोमा रू. १४ करोड ९३ लाख ४३ हजार अर्थात करिब ७४ प्रतिशत खर्च भएको छ।

चालु आर्थिक वर्षमा कुल **रू. १ अर्ब २३ करोड ३९ लाख ९ हजार बजेट विनियोजन** भएकोमा हालसम्म **रू. ८४ करोड ९८ लाख ९२ हजार** अर्थात करिब ६९ प्रतिशत खर्च भएको छ। खर्च व्यहोर्ने स्रोत अन्तर्गत आन्तरिक राजश्वतर्फ रू. ३ करोड संकलन गर्ने

लक्ष्य रहेकोमा हालसम्म रू. २ करोड ८० लाख अर्थात लक्ष्यको तुलनामा करिब ९३ प्रतिशत राजस्व संकलन भएको छ। त्यसैगरी संघीय तथा लुम्बिनी प्रदेश सरकारबाट राजश्व बाडँफाँट बापत रू. १३ करोड ७८ लाख ११ हजार प्राप्त हुने अनुमान गरिएकोमा हालसम्म रू. ९ करोड ४६ लाख ८८ हजार मात्र अर्थात करिब ६९ प्रतिशत रकम प्राप्त भएको छ। चालु आर्थिक वर्षको जेठ र असार महिनामा संघीय तथा लुम्बिनी प्रदेश सरकारबाट राजस्व बाँडफाँट बापतको रकम प्राप्त हुँदा समेत लक्ष्य अनुसारको रकम प्राप्त हुने देखिँदैन। लक्ष्य अनुरूप आन्तरिक राजस्व संकलनमा कमी हुँदा र अनुमान अनुसार राजस्व बाँडफाँट तथा वित्तीय समानीकरण अनुदानको रकम प्राप्त नहुँदा चालु आर्थिक वर्षका लागि गरिएको वार्षिक अनुमानभन्दा करिब ५ करोड न्यून हुने देखिन्छ। जसको कारण चालु आर्थिक वर्षका लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार सम्झौता भएका योजना तथा कार्यक्रमहरू तोकिएको समयमा सम्पन्न गर्न कठिनाई भएकोले आर्थिक वर्ष २०८०।८१ मा थप आर्थिक दायित्व सिर्जना हुने देखिएको व्यहोरा सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु।

अब म सन्धिखर्क नगरपालिकाको आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु। प्रस्तुत बजेटका उद्देश्यहरू निम्नानुसार रहेका छन:

क) नगरपालिकाबाट प्रवाह गरिने सेवालाई छरितो, सहज, प्रविधिमैत्री, पारदर्शी र पहुँचयोग्य बनाउने,
ख) आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्ने,
ग) सामुदायिक शिक्षाको गुणस्तर सुधार गरी विद्यालय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने,
घ) समग्र कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण र बजारीकरण मार्फत उत्पादन र उत्पादकत्वमा वृद्धि गरी रोजगारी सिर्जना र गरिबी न्यूनीकरण गर्ने,
ङ) आर्थिक गतिविधि एवम् विकास निर्माणका कार्यलाई तीब्रता दिने,
च) पर्यटकीय स्थलहरूको संरक्षण र प्रचार प्रसार गरी पर्यटन प्रवर्द्धन गर्ने,
छ) विपद्को पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ र पुनःस्थापनाको कार्यलाई प्राथमिकता दिने,

ज) लक्षित बर्गका नागरिकहरूको स्रोत, साधन, अवसर र लाभमा समान पहुँच सुनिश्चित गरी समतामूलक समाजको निर्माण गर्ने।

प्रस्तुत बजेटका उद्देश्यहरू हासिल गर्न देहायका प्राथमिकता निर्धारण गरिएको छः

क) सुशासन र प्रविधिमैत्री सेवा प्रवाह,

ख) सामाजिक क्षेत्रको विकास र सामाजिक सुरक्षा

ग) कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरण,

घ) भौतिक पूर्वाधारको विकास,

ङ) पर्यटन प्रवर्द्धन,

च) रोजगारी सिर्जना र गरिबी न्यूनीकरण,

छ) विपद् व्यवस्थापन,

ज) राजस्व परिचालन।

**सभाध्यक्ष महोदय,**

अब म समग्र नगरपालिकाको बजेट तथा कार्यक्रमलाई क्षेत्रगत रूपमा विनियोजन गरी प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## पूर्वाधार विकास

१. सन्धिखर्क र चुत्रावेशी बजार क्षेत्रका मूख्य सडकहरूको सौन्दर्यीकरण र स्तरोन्नति गरी अस्फाल्ट प्रविधिको प्रयोग मार्फत कालोपत्रे गर्ने कार्यका लागि वहुवर्षीय योजनाको अवधारणा अनुरूप ठेक्का व्यवस्थापन गर्ने गरी रू. २ करोड विनियोजन गरिएको छ।

२. चुत्रावेशी-भक्तिटोला-धरमपानी-अर्घा मैदान सडकलाई धार्मिक तथा पर्यटकीय सडकको रूपमा विकास गरी बाँकी निर्माण कार्य सम्पन्न गर्न र बिगतको दायित्व समेत फरफारक गर्न आवश्यक व्यवस्था मिलाईएको छ।

३. संघीय समपूरक अनुदान र सन्धिखर्क नगरपालिकाको लागत साझेदारीमा निर्माणाधीन बेहोरे-कुर-पल्लाबारी-दुवार-गच्छे सडक कालोपत्रे गर्ने कार्यको लागि नगरपालिकाको तर्फबाट रू. १ करोड ५० लाख विनियोजन गर्ने व्यवस्था मिलाईएको छ।

४. २ वर्षमा सम्पन्न हुने गरी संघीय समपूरक अनुदान र सन्धिखर्क नगरपालिकाको लागत साझेदारीमा वडा नं. ५, ६, ७, ८ र १२ मा वडा कार्यालयको प्रशासकीय भवन निर्माणको लागि यस वर्ष रू. १ करोड ५० लाख विनियोजन गर्ने व्यवस्था मिलाईएको छ।

५. लुम्बिनी प्रदेशबाट प्राप्त समपुरक अनुदान र नगरपालिकाको लागत साझेदारीमा निर्माणाधीन गंगासरोवर क्षेत्रको जैविक विविधता तथा प्राकृतिक श्रोत संरक्षण, ऐतिहासिक तथा पुरातात्त्विक स्थानको रुपमा परिचित मथुरा स्थित जंग बहादुर राणा जन्मेको मथुरावेसी पौवा संरक्षण तथा पहुँच मार्ग निमार्ण, प्राकृतिक सम्पदाको रुपमा रहेको वडा नं ११ स्थित रक गार्डेन संरक्षण, सुपादेउराली मन्दिर परिसरमा जेष्ठ नागरिक आवास गृह तथा धर्मशाला निमार्ण, ऐतिहासिक चौविसे राज्य अन्तर्गतको खाँची दरबार पुनःनिर्माण तथा पहुँचमार्ग निर्माण, सहिद सरला मार्ग ग्रामिण सडक स्तरोन्नति र रिठेखोला- माझहटिया-जरेखोला ग्रामिण सडक स्तरोन्नति गरी कुल ७ वटा परियोजना कार्यान्वयनको लागि कुल २ करोड ८४ लाख विनियोजन गर्ने व्यवस्था मिलाएकी छु।

६. सन्धिखर्क नगरपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक, धार्मिक तथा सार्वजनिक महत्वका सुपादेउराली मन्दिर परिसर, अर्घाखाँची अस्पताल, शान्ती बगैचा, बसपार्क, टुडीखेल र अर्घा भगवती मन्दिर परिसरमा सौन्दर्यीकरण र शान्ति सुरक्षा प्रयोजनार्थ High Mast System Light जडान गर्ने कार्यको लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

## सामाजिक विकासः

७. राज्यबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने नागरिकको मौलिक हकको सुनिश्चितताको लागि संघीय विशेष अनुदान शीर्षकमा प्राप्त रकमबाट वडा नं. ७, ८ र ११ मा स्वास्थ्य चौकीको भवन निर्माण कार्य शुरू गरिएकोमा आगामी आर्थिक

वर्षभित्रै तीन वटै स्वास्थ्य चौकीको भवन निर्माण कार्य सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।

८. आधारभूत शिक्षामा सबै नागरिकको पहुँच सुनिश्चित गर्ने उद्देश्यले संघीय विशेष अनुदान शीर्षकमा प्राप्त रकमबाट सन्धिखर्क नगरपालिका वडा नं. ९ मा निर्माणाधीन अर्घा भगवती आधारभूत विद्यालय र सन्धिखर्क नगरपालिका वडा नं. १ मा निर्माणाधीन निर्मल नवज्योति सुस्त मनस्थिति विद्यालयको बाँकी निर्माण कार्य आगामी आर्थिक वर्षभित्रै सम्पन्न गर्ने गरी आवश्यक बजेट व्यवस्थापन गरेकी छु।

९. सन्धिखर्क नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार निर्माण तथा सुधार एवम् शैक्षिक गुणस्तर वृद्धिका लागि संघीय सरकारबाट सशर्त अनुदान शीर्षकमा प्राप्त हुने रकमको अतिरिक्त शैक्षिक गुणस्तर सुधार, नगर प्रमुखसँग विद्यार्थी कार्यक्रम, सामुदायिक विद्यालयमा अध्ययनरत गरिब, जेहेन्दार तथा उत्कृष्ट विद्यार्थी प्रोत्साहन कार्यक्रम, प्रारम्भिक बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीको पारिश्रमिक, बालमैत्री स्थानीय शासन प्रवर्द्धन समेतका शिक्षासँग सम्बन्धित कार्यक्रमका लागि रू. ३४ करोड ४९ लाख ३० हजार विनियोजन गर्ने व्यवस्था मिलाएकी छु।

१०. सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ६ सम्मका विद्यार्थीहरूको लागि दिवा खाजा र सबै कक्षाका विद्यार्थीहरूको लागि निशुल्क पाठ्यपुस्तक वितरण गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।

११. महिनावारीको समयमा समेत विद्यालयमा छात्राहरूको उपस्थिति कायम राख्न निशुल्क सेनिटरी प्याडको आवश्यक प्रबन्ध गर्न बजेट विनियोजन गरिएको छ।

१२. नागरिकको स्वास्थ्यलाई ध्यानमा राख्दै संघीय सरकारबाट सशर्त अनुदान शीर्षकमा प्राप्त हुने रकमको अतिरिक्त गन्धर्व र वादी समूदायको निशुल्क स्वास्थ्य बिमा, अत्यावश्यक औषधी खरिद, महिला स्वास्थ्य स्वयंसेविककाहरूको निशुल्क स्वास्थ्य बिमा, स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीको तलब भत्ता, आयुर्वेद तथा बैकल्पिक उपचार सेवा बिस्तारको लागि निशुल्क स्वास्थ्य शिविर सञ्चालन तथा अर्घाखाँची अस्पतालमा विशेषज्ञ सेवाको बिस्तार समेतका कार्यको लागि स्वास्थ्य क्षेत्रमा रू. ४ करोड ७९ लाख ५० हजार विनियोजन गरेको छु।

१३. नगरक्षेत्र भित्र वसोवास गर्ने फरक क्षमता भएका अपाङ्ग तथा असहाय नागरिकहरूको तथ्याङ्क अद्यावधिक गरी उनीहरूको सीप तथा क्षमता विकासका लागि अपाङ्ग प्रवर्द्धन कार्यक्रम तर्फ बजेट विनियोजन गर्ने व्यवस्था मिलाएकी छु।

१४. बालबालिका तथा युवायुवतीहरूको शारीरिक र मानसिक विकासका लागि विद्यालय तथा वडास्तरमा खेलमैदानको सम्भावनाका आधारमा खेलकुद प्रतियोगिता सञ्चालन गर्न र आवश्यकता अनुसार खेलकुद मैदानको स्तरोन्नति तथा नगरस्तरीय खेलकुद प्रतियोगिता सञ्चालनको लागि युवा तथा खेलकुद क्षेत्रमा बजेट विनियोजन गरिएको छ।

१५. सन्धिखर्क नगरपालिका भित्र रहेका आधारभूत तथा माध्यमिक तहका सामुदायिक विद्यालयहरूमा **एक विद्यालय एक पुष्प बगैचाको निर्माण** अभियान सञ्चालन गरिनेछ। प्रस्तुत कार्यका लागि आवश्यक बजेटको व्यवस्था मिलाईएको छ।

१६. अर्घाखाँची जिल्लाकै गौरवको रूपमा रहेको सन्धिखर्क नगरपालिका वडा नं १ मा अवस्थित श्री पाणिनी बहुमुखी क्याम्पसको श्रोत साधन न्यून रहेको हुँदा उक्त क्याम्पसलाई उच्च शिक्षाको विकासमा टेवा पुऱ्याउन तथा क्याम्पसमा अध्ययनरत गरिब तथा जेहन्दार विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गर्न आवश्यक बजेटको व्यवस्था मिलाईएको छ।

१७. शिक्षित जनशक्तिलाई लोकसेवा आयोग र शिक्षक सेवा आयोगका प्रतिष्पर्धात्मक परीक्षामा सफल बनाउने र रोजगारी सिर्जनामा टेवा पुऱ्याउने लक्ष्यका साथ लोकसेवा आयोग र शिक्षक सेवा आयोगका तयारी कक्षा सञ्चालनको लागि बजेट विनियोजन गरिएको छ।

१८. अपाङ्गता भएका व्यक्तिहरूको पहिचानको लागि अपाङ्गता परिचयपत्र वितरण गर्ने कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाइएको छ। बाल अधिकारको सुनिश्चितता र नीति निर्माणमा बाल सहभागितालाई प्रोत्साहन गर्न बालसञ्जालको परिचालन तथा बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणाको लागि पूर्व तयारीका क्रियाकलाप सञ्चालन गर्न बजेट विनियोजन गरेकी छु।

१९. विपन्न समूदायको आधारभूत स्वास्थ्य सेवामा सहज पहुँच सुनिश्चित गरी स्वस्थ नागरिक तयार गर्न गन्धर्व र बादी समूदायलाई लक्षित गरी निशुल्क स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइएको छ।

२०. बढ्दै गएका नसर्ने रोगको जोखिम न्यूनीकरण गर्न ४० वर्ष माथिका सबै नगरवासीको मृगौला र रगतमा ग्लुकोजको मात्रा चेकजाँच गर्न रू. ५ लाख विनियोजन गरिएको छ।

२१. नगरपालिकामा रहेका महिला, गरिब, विपन्न, दलित, अल्पसंख्यक, मुस्लिम तथा अन्य जातजातिहरूको परम्परागत सीप, व्यवसायको संरक्षण, सम्बर्द्धन एवम् उद्यमशीलता प्रवर्द्धनको लागि बजेट विनियोजन गरिएको छ।

२२. नगरभित्र रहेका बुबा आमा गुमाएका १८ वर्ष मुनिका टुहुरा बालबालिकाहरूको शिक्षादिक्षा र पालन पोषणमा टेवा पुग्ने गरी **उपप्रमुखसँग असहाय बालबालिका कार्यक्रम** र सासु-ससुरा र बुहारीबीचको सम्बन्धलाई थप प्रगाढ बनाउने र असल संस्कारको जगेर्ना गर्ने कार्यमा सहयोग पुग्ने गरी सासु-ससुराको राम्रोसँग पालन पोषण तथा हेरविचार गर्ने बुहारी पहिचान गरी सम्मान गर्न **उपप्रमुखसँग असल बुहारी** कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।

## आर्थिक विकास

२३. रैथाने तथा स्थानीय कृषि उत्पादनको प्रशोधन, भण्डारण, प्याकेजिङ, लेभलिङ तथा ब्राण्डिङ्ग गरी खरिद बिक्री तथा बजारीकरण गर्नको लागि **उत्पादन उद्यमीको बजारीकरण नगरपालिकाको** अभियान सञ्चालन गरिनेछ। प्रस्तुत कार्यको लागि प्रतिष्पर्धाको माध्यमबाट सहकारी संस्थाको छनोट गरी स्थानीय कृषकहरूबाट उत्पादित अर्गानिक र रैथाने कृषि उपज खरिद बिक्री गर्ने गरी कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्थापन गरिएको छ।

२४. कृषि व्यवसायलाई आधुनिकीकरण, व्यवसायीकरण, यान्त्रीकरण तथा बजारीकरण मार्फत औद्योगिकीकरण गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गरि आय आर्जन बढाउनुका साथै रोजगारी श्रृजना गरी नगरपालिकालाई कृषिजन्य उत्पादनमा

आत्मनिर्भर बनाउने कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

२५. प्रत्येक वडामा सम्भाव्यताका आधारमा पकेट क्षेत्रको विकास गर्न र माटो सुहाउँदो बालीको छनोट गर्न माटो परीक्षणको लागि शिविर सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेकी छु।

२६. नगरपालिका र सम्बन्धित कृषकको लागत साझेदारीमा कृषि व्यवसायमा संलग्न व्यावसायिक कृषकहरूलाई कृषि औजार, प्लाष्टिक टनेल, मल, बिउ र बेर्ना उपलब्ध गराउने समेतका कार्य गर्न कृषि क्षेत्रको लागि रू. १ करोड १६ लाख विनियोजन गर्ने व्यवस्था मिलाईएको छ।

२७. संघीय तथा लुम्बिनी प्रदेश सरकारबाट सशर्त अनुदान शीर्षकमा प्राप्त हुने रकमको अतिरिक्त महामारी तथा आकस्मिक रोग नियन्त्रण, रेबिज भ्याक्सिन खरिद, खनिज निश्रण डल्ला वितरण, व्यावसायिक फर्ममा आन्तरिक तथा वाह्य परजिवी नियन्त्रण, छाडा कुकुरको व्यवस्थापन, अत्यावश्यक औषधी तथा घाँसको बिउ खरिद लगायत पशुपालक कृषक र व्यवसायीलाई प्रोत्साहित गर्दै व्यवसायीकरणतर्फ उन्मुख गराउन पशु विकास क्षेत्रको लागि रू. ६३ लाख विनियोजन गरेको छु।

२८. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नगरपालिका क्षेत्रमा रहेका बेरोजगार युवा युवतीहरूलाई रोजगारी सृजना हुने खालका श्रममूलक आयोजनाहरू कार्यान्वयन गर्दा नगरपालिकाबाट बस्तुगत सहायता उपलब्ध गराउने कार्यका लागि बजेट व्यवस्थापन गरिएको छ।

## वातावरण तथा विपद् व्यवस्थापनः

२९. नगरक्षेत्र भित्र उत्सर्जन हुने फोहरलाई श्रोतमै वर्गीकरण पश्चात मात्रै संकलन तथा व्यवस्थापन गर्ने कार्यलाई कडाईका साथ कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको छ। हाल प्रयोगमा रहेको डम्पिङ्ग साइटलाई फोहरमैला व्यवस्थापन स्रोतकेन्द्रको रूपमा विकास गर्न तथा कुहिने फोहरबाट जैविक मल बनाउन आवश्यक पूर्वाधार निर्माण र उपकरण खरिदको लागि बजेट विनियोजन गरिएको छ।

३०. खोला र पहिरोको जोखिम क्षेत्रको पहिचान र नक्सांकन गर्दै जोखिम नियन्त्रणको लागि आवश्यक पहल गरिनेछ। साथै संघीय र प्रदेश सरकारसँगको समन्वय र सहलगानीमा नगर क्षेत्रभित्रका विपद्को जोखिममा रहेका बस्तीहरूको स्थानान्तरण र पूर्ण क्षति भएका संरचनाको पूनर्निर्माणको लागि विपद् व्यवस्थापन शीर्षकमा रू. ६० लाख विनियोजन गरिएको छ।

३१. मानवीय तथा प्राकृतिक कारणले उत्पन्न विपद्को व्यवस्थापन एवम् उद्धार सामग्री खरिद गरी तत्काल राहत उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेकी छु।

३२. वृक्षारोपण, वातावरण संरक्षण लगायतका वातावरण अनुकुलनका कार्यक्रम सञ्चालन गर्नका लागि बजेट विनियोजन गर्ने व्यवस्था मिलाइएको छ।

## सुशासन तथा संस्थागत विकासः

३३. नगरपालिकाबाट सम्पादन हुने कामलाई पारदर्शी बनाई जनप्रतिनिधि तथा कर्मचारीहरूलाई नागरिक प्रति उत्तरदायी बनाउनका लागि सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण लगायतका कार्यक्रमहरू सञ्चालन गर्नको लागि आवश्यक रकम विनियोजन गरेकी छु।

३४. नगरपालिका र अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारी तथा जनप्रतिनिधिहरूको सीप तथा क्षमता विकासका लागि बजेट विनियोजन गर्ने व्यवस्था मिलाइएको छ।

३५. नगरपालिका र वडा कार्यालयहरूबाट प्रवाह हुने सेवालाई सहज र सूचना प्रविधिमैत्री बनाई अभिलेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई चुस्त बनाउन कार्यक्रम सञ्चालन गर्ने कार्यका लागि आवश्यक रकम विनियोजन गरेकी छु।

३६. स्वीकृत संगठन संरचना र दरबन्दी तेरिज अनुसार रिक्त दरबन्दीमा स्थायी पदपूर्ति गर्न र मौजुदा संगठन संरचना तथा दरबन्दीमा कार्यचाँप तथा कार्यबोझको आधारमा पुनरावलोकन समेत गर्नका लागि बजेट व्यवस्थापन गरिएको छ।

३७. सन्धिखर्क नगरपालिका स्थापना पश्चात नगरसभा तथा नगर कार्यपालिकाबाट जारी भएका ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डहरूलाई एकीकृत र व्यवस्थित गर्न सन्धिखर्क कानुन सङ्ग्रह तयारी तथा प्रकाशनको लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

**सभाध्यक्ष महोदय,**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु।

३८. आगामी आर्थिक वर्ष २०८०/८१ का नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न **रू. १ अर्ब १ करोड ४५ लाख** विनियोजन गरेकी छु। कुल विनियोजनमध्ये चालु खर्च **रू. ७२ करोड** ४७ **लाख** ४९ हजार अर्थात ७१.४४ प्रतिशत रहेकोमा सशर्त अनुदानतर्फको चालु खर्च **रू. ३७ करोड ६८ लाख ५० हजार** अर्थात **३७.१५** प्रतिशत र नगरपालिकातर्फको चालु खर्च **रू. १५ करोड ५३ लाख ९९ हजार** अर्थात **१५.३२** प्रतिशत रहेको छ। त्यसैगरी कुल विनियोजनमध्ये पूंजीगत खर्च **रू. २८ करोड ९७ लाख ५१** हजार अर्थात २८.५६ प्रतिशत र सामाजिक सुरक्षा खर्च **रू. १९ करोड २५ लाख** अर्थात १८.९७ प्रतिशत रहेको छ।

३९. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये संचित कोष र अन्य श्रोतबाट **रू. २ करोड ६९ लाख ३७** हजार, आन्तरिक राजस्वबाट **रू. ३ करोड ८० लाख,** संघीय सरकार र लुम्बिनी प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटबाट **रू. १२ करोड ६७ लाख** ४३ **हजार** र अन्तरसरकारी वित्तीय हस्तान्तरण तथा अन्तरसरकारी अख्तियारीबाट **रू. ८२ करोड २८ लाख २० हजार** व्यहोरिनेछ।

**सभाध्यक्ष महोदय,**

४०. अन्त्यमा, सन्धिखर्क नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमामा मार्गदर्शन गर्नुहुने नगर प्रमुखज्यू, नगरसभा सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरू, नागरिक समाजका प्रतिनिधि, पत्रकार मित्रहरू र सन्धिखर्कबासी सम्पूर्ण आमाबुबा, दिदीबहिनी तथा दाजुभाईहरूबाट प्राप्त सल्लाह, सुझाव र सहयोग प्रति हार्दिक आभार प्रकट गर्दछु। बजेटको कार्यान्वयनमा समेत सोही अनुसारको रचनात्मक सहयोगको अपेक्षा गरेको छु।

धन्यवाद।

(मिश्रा आचार्य)
नगर उपप्रमुख

मिति २०८० असार १० गते

# ६. विनियोजन ऐन,२०८०

## विनियोजन ऐन, २०८०

सन्धिखर्क नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यहरूको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

**प्रस्तावनाः**

सन्धिखर्क नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम सन्धिखर्क नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **सन्धिखर्क नगरपालिकाको विनियोजन** ऐन, २०८० रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०८०/८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०८०/८१ को निमित्त नगरस्तरीय आयोजना तथा कार्यक्रम, वडास्तरीय आयोजना तथा कार्यक्रम, विषयगत आयोजना तथा कार्यक्रमतर्फ गरिने सेवा र कार्यहरूका निमित्त **अनुसूची-१** मा उल्लिखित चालू खर्च र पूंजीगत खर्चको रकम समेत गरी जम्मा रकम रू. १,०१,४५,००,०००।०० **(अक्षरेपी एक अर्ब एक करोड पैंतालीस लाख रूपैयाँ मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/८१ को निमित्त नगर स्तरीय आयोजना तथा कार्यक्रम, वडास्तरीय आयोजना तथा कार्यक्रम, विषयगत आयोजना तथा कार्यक्रम तर्फ गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर स्तरीय आयोजना तथा कार्यक्रम, वडागत आयोजना तथा कार्यक्रम, विषयगत आयोजना तथा कार्यक्रमतर्फ गरिने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूंजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूंजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

# अनुसूची-१
(दफा २ सँग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम आर्थिक वर्ष २०८०/८१ मा सञ्चित कोषबाट विनियोजन हुने रकम

(रू. हजारमा)

| क्र. सं. | शीर्षकको नाम | चालु खर्च तर्फ विनियोजित बजेट | पूँजीगत खर्चतर्फ विनियोजित बजेट | वित्तीय व्यवस्थातर्फ विनियोजित बजेट | कुल विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १. | नगरस्तरीय कार्यक्रम | १४,७९,७४ | २४,५१,७६ | - | ३९,३१,५० |
| २. | वडास्तरीय कार्यक्रम | ७४,२५ | २,२५,७५ | - | ३,००,०० |
| ३. | विषयगत शाखा | ५६,९३,५० | २,२०,०० | - | ५९,१३,५० |
| ४. | ऋणको साँवा ब्याज भुक्तानी | - | - | - | - |
| ५. | लगानी (शेयर/ऋण) | - | - | - | - |
| जम्मा | | ७२,४७,४९ | २८,९७,५१ | | १,०१,४५,०० |

# ७. आय-व्यय प्रक्षेपण

## ७.१ आय प्रक्षेपण

| सि.नं. | विवरण | आ.व. २०७८/७९ को यथार्थ | आ.व.२०७९/८० को संशोधित अनुमान | आ.व. २०८०/८१ को प्रस्तावित |
|---|---|---|---|---|
| १ | आन्तरिक राजश्व | | | |
| १ | सम्पत्ति कर | २२२९२६८.४३ | २५००००० | ३००००००.०० |
| २ | मालपोत तथा भुमिकर | ४०३०.०० | १५०० | ५०००००.०० |
| ३ | घर वहाल कर | २७८५८६४.४६ | २६००००० | ३५०००००.०० |
| ४ | वहाल विटौरी कर | ९५७४९२.०० | १०००००० | १५०००००.०० |
| ५ | मुल्य अभिवृद्धि कर | ७४१५९१.५० | १०००००० | १००००००.०० |
| ६ | विज्ञापन कर | २०४०००.०० | | २२३४००.०० |
| ७ | अन्य मनोरञ्जन कर | ०.०० | | १०००००.०० |
| ८ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | २४१०२९७.०० | २७००००० | ३००००००.०० |
| ९ | विशेष अनुदान पूँजिगत | ७३०.०० | १००० | ०.०० |
| १० | अन्य निकाय बाट प्राप्त व्याज | ११७०३.०० | ०.०० | २००००.०० |
| ११ | अन्य श्रोतबाट प्राप्त रोयल्टी | ५८३५१५२.२० | ६५००००० | ५५०००००.०० |
| १२ | घर जग्गा रजिष्ट्रेशन | ४६७५५६३.०० | ५५००००० | ५५०००००.०० |
| १३ | अन्य विक्रीबाट प्राप्त रकम | ३०७०२२७.०० | १५००००० | ३५०००००.०० |
| १४ | अन्य सेवा शुल्क | ३८५९९.०० | ५०००० | १०००००.०० |
| १५ | न्यायिक दस्तुर | ०.०० | | १००.०० |
| १६ | अन्य प्रशासनिक सेवा शुल्क | २४२२१६४.०० | १५००००० | १०५०००.०० |
| १७ | नक्शा पास दस्तुर | ९३३८३३.२१ | ९२२५०० | १५०००००.०० |
| १८ | सिफारिश दस्तुर | २४५८७९९.३७ | २५००००० | ३००००००.०० |
| १९ | नाता प्रमाणित दस्तुर | ५७२४१.०० | ५०००० | १०००००.०० |
| २० | अन्य दस्तुर | ४४८५२०.०० | ३००००० | ५०००००.०० |
| २१ | व्यक्तिगत घटना दस्तुर | ४९३८००.०० | ३००००० | ४०००००.०० |

| सि.नं. | विवरण | आ.व. २०७८/७९ को यथार्थ | आ.व.२०७९/८० को संशोधित अनुमान | आ.व. २०८०/८१ को प्रस्तावित |
|---|---|---|---|---|
| २२ | प्रशासनिक दण्ड जरिवाना जफत | ८६३८४७.६० | १०००००० | १००००००.०० |
| २३ | अन्य बाँडफाँड हुने राजश्व | ०.०० | | ०.०० |
| २४ | अन्य राजश्व | ३७७५२७.२२ | २५००० | ९३१५००.०० |
| २५ | खानी रोयल्टी | ०.०० | | ३००००००.०० |
| २६ | वेरुजु | ०.०० | ५०००० | २००००.०० |
| | जम्मा आन्तरिक राजश्व | ३१०२०२५०.०० | ३००००००००.०० | ३८००००००.०० |
| २ | अन्तर सरकारि वित्तिय हस्तान्तरण | | | |
| २.१ | संघिय सरकार | | | |
| १ | समानिकरण अनुदान | १४१००००००.०० | १५०१०००००.०० | १३१२०००००.०० |
| २ | सशर्त अनुदान | ४४४५४५०३०.०० | ५११५३७२००.०० | ३९४६०००००.०० |
| ३ | राजश्व बाँडफाँड | १०१३६९९६६.०० | ११३६२७०००.०० | १११३४००००.०० |
| ४ | समपुरक अनुदान | २०६०००००.०० | २८००००००.०० | २२५०००००.०० |
| ५ | विशेष अनुदान | १६६०००००.०० | ३९४०००००.०० | २७००००००.०० |
| | संघिय सरकारको जम्मा | ७२४११४९९६.०० | ८४२६६४२००.०० | ६८६६४००००.०० |
| २.२ | प्रदेश सरकार | | | |
| १ | समानिकरण अनुदान | ६६७२०००.०० | ८२७९०००.०० | ९५६९०००.०० |
| २ | सशर्त अनुदान | १२५४४०००.०० | १२००००००.०० | १६९५००००.०० |
| ३ | राजश्व बाँडफाँड | २०३५४८९४.०० | २४१८४०००.०० | १५४०३४००.०० |
| ४ | समपुरक अनुदान | २००००००००.०० | २००००००००.०० | १५००००००.०० |
| ५ | विशेष अनुदान | ८३३६९७३.०० | ७८०००००.०० | ७००००००.०० |
| | प्रदेश सरकारको जम्मा | ६७९०७८६७.०० | ७२२६३०००.०० | ६३९२२४००.०० |
| २.३ | अन्य अनुदान | २८६०१३६६०.०० | २४८६७५०५८.०० | २२५९३७६००.०० |
| | कुल जम्मा | ११०९०५६७७३.०० | ११९३६०२२५८.०० | १०१४५००००००.०० |

## ७.२. व्यय प्रक्षेपण

### आ.व. २०८०/८१ को चालु तथा पूँजीगत खर्चको विवरण (रू.)

| खर्च संकेत | खर्च शिर्षक | आ.व. २०७८/७९ को यथार्थ खर्च | आ.व. २०७९/८० को संशोधित | आ.व. २०८०/८१ को प्रस्तावित |
|---|---|---|---|---|
| २११११ | पारिश्रामिक कर्मचारी | २५३४४११० | ३९०००००० | ३९०००००० |
| २११२१ | पोशाक भत्ता | ५१०००० | ७००००० | ७००००० |
| २११३१ | स्थानीय भत्ता | ५४३३५० | ७००००० | ७००००० |
| २११३२ | महंगी भत्ता | ११६१२२५ | १४००००० | १४००००० |
| २११३४ | कर्मचारी बैठक भत्ता | २७३९३०० | ११००००० | ९००००० |
| २११३९ | अन्य भत्ता | - | २००००० | २००००० |
| २११४१ | पदाधिकारी बैठक भत्ता नगरतर्फ | - | २८००००० | ७८४००० |
| | पदाधिकारी बैठक भत्ता वडातर्फ | | | २०१६००० |
| २११४२ | पदाधिकारी अन्य सुविधा | १२७३४९७८ | १४०००००० | १४०००००० |
| २१२११ | कर्मचारी सामाजिक सुरक्षा कोष खर्च | - | - | २००००० |
| २१२१४ | कर्मचारी कल्याण कोष | - | १०००००० | १५००००० |
| २२१११ | पानी तथा बिजुली नगर तर्फ | ५९८४४१ | ८००००० | ८००००० |
| | पानी तथा बिजुली वडा कार्यालय तर्फ | | | २८८००० |
| | टोल विकास संस्थाको बिजुली महसुल | - | ३००००० | ५००००० |
| २२११२ | संचार महशुल नगर तर्फ | १०२८६६९ | २०००००० | १०८०००० |
| | संचार महशुल वडा कार्यालय तर्फ | | | ४२०००० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन नगर तर्फ) | २९९५४४७ | ३०००००० | २६४०००० |
| | इन्धन ( वडा कार्यालय तर्फ) | | | ३६०००० |
| | इन्धन (डोजर तथा दमकल सञ्चालन) | - | १०००००० | १०००००० |
| २२२१३ | सवारी साधन मर्मत खर्च नगर तर्फ | १९१५९८४ | २०००००० | १८००००० |
| | सवारी साधन मर्मत खर्च (वडा कार्यालय तर्फ) | | | १५६००० |

| खर्च संकेत | खर्च शिर्षक | आ.व. २०७८/७९ को यथार्थ खर्च | आ.व. २०७९/८० को संशोधित | आ.व. २०८०/८१ को प्रस्तावित |
|---|---|---|---|---|
| २२२१४ | विमा तथा नविकरण शुल्क | ४७२३९० | ७००००० | ६००००० |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत संभार तथा सञ्चालन खर्च | - | - | ३००००० |
| २२२३१ | निर्मित सार्वजनिक सम्पतिको मर्मत संभार खर्च | - | - | १००००० |
| २२३११ | मसलन्द तथा कार्यालय सामग्री नगर तर्फ | ४७९८५५७ | ४८००००० | ३६००००० |
| | मसलन्द तथा कार्यालय सामग्री वडा कार्यालय तर्फ | | | १२००००० |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | ६५८८५ | २००००० | १००००० |
| २२३१४ | इन्धन अन्य प्रयोजन | १८९३०० | ५००००० | ५००००० |
| २२३१५ | पत्रपत्रिका,छपाइ तथा सूचना प्रकाशन खर्च | - | - | ७००००० |
| २२४११ | सेवा र परामर्श खर्च | - | - | २०००००० |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च | - | - | १५०००० |
| २२४१३ | करार सेवा शुल्क नगरपालिका तर्फ | ९०८५७०८ | १३०००००० | ९८४०००० |
| | करार सेवा शुल्क वडा कार्यालय तर्फ | | | २१६०००० |
| २२५२२ | कार्यक्रम खर्च | ८१७१४१ | ३९५०००० | १५००००० |
| | अन्य कार्यक्रम खर्च नगर तर्फ | - | १५४९०००० | १३७००००० |
| | अन्य कार्यक्रम खर्च वडा तर्फ | - | ९६००००० | ७४२५००० |
| २२६११ | अनुगमन मूल्यांकन खर्च | २०००००० | २२००००० | २०००००० |
| २२६१२ | भ्रमण खर्च | - | - | ३००००० |
| २२७११ | विविध खर्च नगर तर्फ | २९९९३९७ | ३०००००० | १५६०००० |
| | विविध खर्च वडा कार्यालय तर्फ | | | १४४०००० |
| | अतिथि सत्कार | ९००००० | ९००००० | ५००००० |
| २२७२१ | सभा सञ्चालन खर्च | १०००००० | १०००००० | १०००००० |

| खर्च संकेत | खर्च शिर्षक | आ.व. २०७८/७९ को यथार्थ खर्च | आ.व. २०७९/८० को संशोधित | आ.व. २०८०/८१ को प्रस्तावित |
|---|---|---|---|---|
| २५३१५ | अन्य संस्था सहायता | - | - | ५००००० |
| २७११२ | अन्य सामाजिक सुरक्षा | ४९९००० | १५००००० | १०००००० |
| २७२१२ | उद्दार राहत तथा पुनस्थापना खर्च | - | - | १०००००० |
| २८१४२ | घर भाडा | ४९९००० | ५००००० | ४००००० |
| २८४४३ | सवारी साधन तथा मेशिन औजार भाडा | १०४२०० | ४००००० | २००००० |
| | **जम्मा** | **७३००२०८२** | **१२७७४००००** | **१२४२१९०००** |
| | **विषयगत शाखा र शशर्तको चालु** | | **५४१९५२४१६** | **६००५३००००** |
| | **निशर्त तर्फको कुल जम्मा** | | **६६९६९२४१६** | **७२४७४९०००** |
| ३११२२ | मेशीनरी तथा औजार | | १०००००० | २१००००० |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | | ३०००००० | २०००००० |
| ३११५१ | सडक तथा पुल निर्माण | | ३००००००० | २००००००० |
| ३११५४ | तटबन्धन तथा बाँध निर्माण | | १०००००० | १०००००० |
| ३११५९ | अन्य सार्वजनिक निर्माण | | २६७३७२६४२ | १३४०१३४०० |
| | प्रकोप व्यवस्थापन कोष | | २०००००० | ६०००००० |
| ३११५९ | मर्मत संभारकोष | | १०००००० | २०००००० |
| | **जम्मा** | | **३०५३७२६४२** | **१६७११३४००** |
| ३११५९ | **विषयगत शाखा र शशर्तको पूँजीगत** | | २१८५३७२०० | १२२६३७६०० |
| | **कुल जम्मा** | | **११९३६०२२५८** | **१०१४५०००००** |

## ७.३ चालु तथा पुँजीगत प्रक्षेपण

### आ.व. २०८०/८१ को चालु तथा पुँजीगत बाडफाँड प्रस्तावित व्यय अनुमान

| क्र.सं. | आय शिर्षक | आ.व. २०८०/८१ को प्रस्तावित | | |
|---|---|---|---|---|
| | | चालु आय रु | पूँजीगत आय रु | जम्मा आय रु |
| १ | आन्तरिक राजश्व (खानी रोयल्टी समेत) | ३४,०००,०००.०० | ४,०००,०००.०० | ३८,०००,०००.०० |
| २ | बित्तिय समानिकरण अनुदान (संघ) | - | १३१,२००,०००.०० | १३१,२००,०००.०० |
| ३ | सशर्त अनुदान (संघ) | ३७२,६००,०००.०० | २२,०००,०००.०० | ३९४,६००,०००.०० |
| ४ | राजश्व बाँडफाँड (संघ) | १०५,९९५,६००.०० | ५,३४४,४००.०० | १११,३४०,०००.०० |
| ५ | समपुरक अनुदान (संघ) | - | २२,५००,०००.०० | २२,५००,०००.०० |
| ६ | विशेष अनुदान (संघ) | - | २७,०००,०००.०० | २७,०००,०००.०० |
| ७ | बित्तिय समानिकरण अनुदान (प्रदेश) | - | ९,५६९,०००.०० | ९,५६९,०००.०० |
| ८ | सशर्त अनुदान (प्रदेश) | ३,९५०,०००.०० | १३,०००,०००.०० | १६,९५०,०००.०० |
| ९ | राजश्व बाँडफाँड (प्रदेश) | १५,४०३,४००.०० | - | १५,४०३,४००.०० |
| १० | समपुरक अनुदान (प्रदेश) | - | १५,०००,०००.०० | १५,०००,०००.०० |
| ११ | मुख्य मन्त्री शैक्षिक सुधार कार्यक्रम(प्रदेश विशेष) | ३००,०००.०० | ६,७००,०००.०० | ७,०००,०००.०० |
| १२ | सर्डक बोर्ड कार्यक्रम | - | ६,५००,०००.०० | ६,५००,०००.०० |
| १३ | सामाजिक सुरक्षा | १९२,५००,०००.०० | - | १९२,५००,०००.०० |
| १४ | अन्य आय (अन्तरसरकारी र संचित कोष समेत) | - | २६,९३७,६००.०० | २६,९३७,६००.०० |
| | **जम्मा** | ७२४,७४९,०००.०० | २८९,७५१,०००.०० | १,०१४,५००,०००.०० |

## ७.४ आ.व. २०८०/०८१ को निशर्त तर्फको आय व्यय विवरण सारांश

| आ.व. २०८०/८१ को आय | | | आ.व. २०८०/८१ को व्यय | | |
|---|---|---|---|---|---|
| क्र.सं. | आय शिर्षक | आय रु. | क्र.सं. | व्यय शिर्षक | व्यय रु. |
| १ | निशर्त आय (आन्तरिक अन्य र संचितकोष समेत) | ५५,०००,०००.०० | १ | कार्यालय सञ्चालन तथा प्रशासनीक खर्च | १०३,०९४,०००.०० |
| | | | २ | चालु कार्यक्रम नगर+ र वडा | २१,१२५,०००.०० |
| २ | बित्तिय समानिकरण अनुदान (संघ) | १३१,२००,०००.०० | ३ | शिक्षा कार्यक्रम | १६,५३०,०००.०० |
| ३ | राजश्व बाँडफाँड (संघ) | १११,३४०,०००.०० | ४ | स्वास्थ्य कार्यक्रम | ४,३५०,०००.०० |
| ४ | बित्तिय समानिकरण अनुदान (प्रदेश) | ९,५६९,०००.०० | ५ | कृषि विकास कार्यक्रम | २,९००,०००.०० |
| ५ | राजश्व बाँडफाँड (प्रदेश) | १५,४०३,४००.०० | ६ | पशु विकास कार्यक्रम | ३,७५०,०००.०० |
| | | | ७ | लक्षित वर्ग प्रवद्धनात्मक कार्यक्रम | २,५००,०००.०० |
| | | | ८ | न्यायिक समिति कार्यक्रम | १,१५०,०००.०० |
| | | | ९ | विपद व्यवस्थापन कोष | ६,०००,०००.०० |
| | | | १० | मर्मत संभार कोष | २,०००,०००.०० |
| | | | ११ | समपूरक योजना म्याचिङ | ७६,१००,०००.०० |
| | | | १२ | भुक्तानी बाँकी तथा साट्न बाँकी चेक | १२,७८८,४००.०० |
| | | | १३ | पूँजिगत कार्यक्रम | ४७,६५०,०००.०० |
| | | | १४ | वडा स्तरीय पूँजीगत कार्यक्रम | २२,५७५,०००.०० |
| | **जम्मा आय** | **३२२,५१२,४००.००** | | **जम्मा व्याय** | **३२२,५१२,४००.००** |

## ७.५ आ.व. २०८०/०८१ को क्षेत्रगत व्यय अनुमान

| सि.नं. | क्षेत्रगत विवरण | विनियोजित रकम रु. |
|---|---|---|
| १ | आर्थिक विकास | ३,५२,८७,६००.०० |
| २ | सामाजिक विकास | ६३,४१,८०,०००.०० |
| ३ | पूर्वाधार विकास | १९,७९,२०,०००.०० |
| ४ | वन, वातावरण तथा विपद व्यवस्थापन | १,०८,८०,०००.०० |
| ५ | सुशासन तथा संस्थागत विकास | १३,६२,३२,४००.०० |
| | कूल जम्मा | १,०१,४५,००,०००.०० |

## ७.६ आ.व.२०८०/०८१ को नगरस्तरीय योजना/कार्यक्रमहरुको विवरण

| क्र. सं. | योजनाको नाम | ठेगाना | बजेट रु. | श्रोत |
|---|---|---|---|---|
| १ | लदाम चौतारा पार्क निर्माण सनपा-१ | १ | १००००० | संघीय वित्तीय समानीकरण |
| २ | बहखोरे टोल भिमसेन अधुरो मन्दिर पूर्णता सनपा-१ | १ | १००००० | संघीय वित्तीय समानीकरण |
| ३ | पटुवाथुमको उकालो हुँदै दक्षिणतर्फ पसल जोड्ने बाटो स्तरोन्नति सनपा १ | १ | १००००० | संघीय वित्तीय समानीकरण |
| ४ | पाणिनी धैरेनी भित्री सडक स्तरोन्नति सनपा १ | १ | १००००० | संघीय वित्तीय समानीकरण |
| ५ | तुम्कोटदेखि रनुवा टारी हुँदै बिहार जाने कृषि सडक सनपा १ | १ | १००००० | संघीय वित्तीय समानीकरण |
| ६ | सुशिला आचार्यको घरदेखि खोल्सीसम्ममको मोटरबाटो स्तरोन्नति सनपा १ | १ | १००००० | संघीय वित्तीय समानीकरण |
| ७ | विक्रम श्रेष्ठको घरदेखि टुडिखेलसम्म नाली निर्माण सनपा १ | १ | १००००० | संघीय वित्तीय समानीकरण |
| ८ | केन्द्रनाथको घरदेखि महानन्द पोखेलको घरसम्म नाली निर्माण सनपा १ | १ | १००००० | संघीय वित्तीय समानीकरण |
| ९ | मनिरामका घरदेखि रनुवा सडक स्तरोन्नती सनपा-१ | १ | १००००० | संघीय वित्तीय समानीकरण |

| क्र. सं. | योजनाको नाम | ठेगाना | बजेट रु. | श्रोत |
|---|---|---|---|---|
| १० | ढोरपाटनदेखि बसन्तीरानाभाटको घरहुँदै बाँगीखोला तुम्कोट कृषिसडक स्तरोन्नती सनपा-१ | १ | १००००० | संघीय वित्तीय समानीकरण |
| ११ | कृष्णप्रसाद श्रेष्ठको घरनिरको पहिरो घर संरक्षण (पटुवाथुम) सनपा-१ | १ | १००००० | संघीय वित्तीय समानीकरण |
| १२ | मेहलपोखरी प्रतिक्षालयदेखि पोखरीसम्म बाटो सनपा-१ | १ | १००००० | संघीय वित्तीय समानीकरण |
| १३ | सु-समाचार चर्चसम्म जाने बाटो सनपा-१ | १ | १००००० | संघीय वित्तीय समानीकरण |
| १४ | हटारीनेटा कृष्ण आचार्यको घरदेखि ठाडो बाटो स्तरोन्नती सनपा-१ | १ | १००००० | संघीय वित्तीय समानीकरण |
| १५ | च्यानडाडा कवरस्थान मर्मत सनपा-१ | १ | १००००० | संघीय वित्तीय समानीकरण |
| १६ | भविश्वर पाण्डेको घरदेखि सिद्धी भुसालको घरसम नाली निर्माण सनपा-१ | १ | १००००० | संघीय वित्तीय समानीकरण |
| १७ | वाक्सेली सिंचाइ योजना सपना-१ | १ | १००००० | संघीय वित्तीय समानीकरण |
| १८ | शान्ती बगैचा पोखरीमा तारजाली व्यवस्थापन सनपा १ | १ | १५०००० | संघीय वित्तीय समानीकरण |
| १९ | पार्वती नि.मा.वि. पटुवाथुम भवन मर्मत सनपा-१ | १ | १५०००० | संघीय वित्तीय समानीकरण |
| २० | गुण्टीखोला किरियापुत्री भवन तारवार संरक्षण सनपा-१ | १ | १५०००० | संघीय वित्तीय समानीकरण |
| २१ | लदाम बगैचादेखि ह्यूमपाइप उद्योगसम्म सडक स्तरोन्नती सनपा-१ | १ | १५०००० | संघीय वित्तीय समानीकरण |
| २२ | सन्तोषीनगर हाटबजार जाने चोकमा ट्रस निर्माण सनपा-१ | १ | १५०००० | संघीय वित्तीय समानीकरण |
| २३ | पाणिनी बहुमुखी क्याम्पस सञ्चालन तथा व्यवस्थापन अनुदान | १ | ५००००० | संघीय राजश्व बाँडफाँड |
| २४ | शुक्मी सोडेको मुखदेखि चिप्लेखोला जोड्ने खोलाको तिरको कृषि सडक सनपा-१ | १ | ५००००० | संघीय वित्तीय समानीकरण |
| २५ | सूर्योदय महिला विकास ऋण सहकारी संस्था रहेको भवन अगाडि खोला नियन्त्रणको लागि वाल निर्माण सनपा-२ पुल्चोक | २ | १००००० | संघीय वित्तीय समानीकरण |

| क्र. सं. | योजनाको नाम | ठेगाना | बजेट रु. | श्रोत |
|---|---|---|---|---|
| २६ | श्री सिद्धेश्वर शिवालय मन्दिर बटुक रासन खर्च सनपा-२ | २ | १००००० | संघीय राजश्व बाँडफाँड |
| २७ | मस्जित सञ्चालन सनपा-२ | २ | १००००० | संघीय राजश्व बाँडफाँड |
| २८ | कुर भगवती मन्दिर संरक्षण सनपा-२ | २ | १००००० | संघीय वित्तीय समानीकरण |
| २९ | भद्रीखोला कल्लावारी क्रिस्चियन मण्डली (चर्च) संरक्षण सनपा-२ | २ | १००००० | संघीय वित्तीय समानीकरण |
| ३० | शंखेटारी तिरबाट झर्ने पुरानो पैदल गोरेटोबाटो (ठाडो) सुधार विस्तार सनपा २ | २ | १००००० | संघीय वित्तीय समानीकरण |
| ३१ | भगवती उच्च मा वि पूर्वपट्टी नरबहादुर नेपालीको जग्गामा वाल निर्माण सनपा-२ | २ | १००००० | संघीय वित्तीय समानीकरण |
| ३२ | काफलटारी घट्टेटारी कृषक समूह तारजाली सनपा-२ | २ | १००००० | संघीय वित्तीय समानीकरण |
| ३३ | पोखानेटा पोखरी तारबार सनपा-२ | २ | १००००० | संघीय वित्तीय समानीकरण |
| ३४ | जनज्योती उच्च मा.वि. तारजाली सनपा-२ | २ | १५०००० | संघीय वित्तीय समानीकरण |
| ३५ | गंगा निमावी विद्यालय परिसर स्तरोन्नति सनपा २ | २ | २००००० | संघीय वित्तीय समानीकरण |
| ३६ | चुत्रावेसी दुर्गा मन्दिर आसपास प्रतिक्षालय निर्माण सनपा-२ | २ | २००००० | संघीय वित्तीय समानीकरण |
| ३७ | वडा कार्यालय र सिटी टावर संरक्षणको लागि पर्खालि निर्माण तथा तारवार सनपा-२ | २ | ४५०००० | संघीय वित्तीय समानीकरण |
| ३८ | माझाका चौपारी खेलमैदान सनपा-३ | ३ | १००००० | संघीय वित्तीय समानीकरण |
| ३९ | मस्जित मर्मत संभार सनपा-३ | ३ | १००००० | संघीय वित्तीय समानीकरण |
| ४० | डाडा कालीका मन्दिर निर्माण सनपा-३ | ३ | १००००० | संघीय वित्तीय समानीकरण |
| ४१ | पधेरापानी हुँदै कुल्यानसम्मको बाटो सनपा ३ | ३ | १००००० | संघीय वित्तीय समानीकरण |
| ४२ | अलुवा खोला विकटोला मोटरबाटो सनपा-३ | ३ | १००००० | संघीय वित्तीय समानीकरण |
| ४३ | चुदालीखर्क प्रतिक्षालय निर्माण सनपा-३ | ३ | १००००० | संघीय वित्तीय समानीकरण |

| क्र. सं. | योजनाको नाम | ठेगाना | बजेट रु. | श्रोत |
|---|---|---|---|---|
| ४४ | इसुफ मियाको घरदेखि अलुवाखोला पटुवाथुम सडक स्तरोनन्ती सनपा-३ | ३ | १००००० | संघीय वित्तीय समानीकरण |
| ४५ | कुल्यानथानदेखि पधेरापारी हुँदै ढोडखोला मो.बा. स्तरोन्नती सनपा-३ | ३ | १००००० | संघीय वित्तीय समानीकरण |
| ४६ | अलुवा खोला भलाचौर मोटरबाटो सनपा-३ | ३ | १५०००० | संघीय वित्तीय समानीकरण |
| ४७ | टारीका चौरा फेंदी सनपा ४ स्थित सुपादेउराली शाखा मन्दिरमा प्रतिक्षालय निर्माण | ४ | १००००० | संघीय वित्तीय समानीकरण |
| ४८ | आदात्यपूर चौतारा चौपारी स्तरोन्नति सनपा ४ आदित्यपूर | ४ | १००००० | संघीय वित्तीय समानीकरण |
| ४९ | देउरालीडाँडा मालिका मन्दिर तारजाली सनपा-४ | ४ | १००००० | संघीय वित्तीय समानीकरण |
| ५० | फेंदी खेलमैदान स्तरोन्नति सनपा ४ | ४ | १००००० | संघीय वित्तीय समानीकरण |
| ५१ | जिखौदी मोटरबाटो हुँदै खेलमैदान भूमैपुलसम्म सडक स्तरोन्नती सनपा-४ | ४ | १००००० | संघीय वित्तीय समानीकरण |
| ५२ | जिखौदी भुङभुङे मोटरबाटो स्तरोन्नती सनपा-४ | ४ | १००००० | संघीय वित्तीय समानीकरण |
| ५३ | रिठेखोला पिडालुचौर मोटरबाटो स्तरोन्नती सनपा-४ | ४ | १००००० | संघीय वित्तीय समानीकरण |
| ५४ | सन्यासथुम खेलमैदान जरेखोला मो.वा. सनपा-४ | ४ | १००००० | संघीय वित्तीय समानीकरण |
| ५५ | कोकनेआप कोटफेरा भुमिस्थान मो.बा.सनपा-४ | ४ | १००००० | संघीय वित्तीय समानीकरण |
| ५६ | पसल मिया गाउँ प्रतिक्षालय सनपा-४ | ४ | १००००० | संघीय वित्तीय समानीकरण |
| ५७ | गियापानी पोखरी तथा ट्रस्ट निर्माण सनपा-४ | ४ | १००००० | संघीय वित्तीय समानीकरण |
| ५८ | कोटफेरा कमल रिजालको घरबाट रिजाल कुल्यान मन्दिर जाने मोटरबाटो सनपा-४ | ४ | १००००० | संघीय वित्तीय समानीकरण |
| ५९ | भगवती आ.वि. अमलडाँडा शौचालय मर्मत एक फर्निचर व्यवस्था सनपा-४ | ४ | १००००० | संघीय वित्तीय समानीकरण |
| ६० | भोगटे खोला कृयापुत्री सत्तल पार्टी प्रतिक्षालय निर्माण सनपा-४ | ४ | १००००० | संघीय वित्तीय समानीकरण |
| ६१ | कोलगाडेदेखि कोकने बाटो निर्माण सनपा-४ | ४ | १००००० | संघीय वित्तीय समानीकरण |

| क्र. सं. | योजनाको नाम | ठेगाना | बजेट रु. | श्रोत |
|---|---|---|---|---|
| ६२ | बुकीथान प्रतिक्षालय निर्माण सनपा ४, वाङ्ला | ४ | १५०००० | संघीय वित्तीय समानीकरण |
| ६३ | नाङ्गेठाटी मसुरखोला मोटरबाटो स्तरोन्नती सनपा ४ | ४ | १५०००० | संघीय वित्तीय समानीकरण |
| ६४ | हल्देदेखि चन्द्रप्रसाद श्रेष्ठको जग्गासम्मको सिंचाइ कुलो सनपा ४ | ४ | ३००००० | संघीय वित्तीय समानीकरण |
| ६५ | जैनिक पोखरा बाख्रापालन समूह सनपा-५ | ५ | १००००० | संघीय वित्तीय समानीकरण |
